औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडको

# स्मारिका २०७५









## औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड

बालाजु, काठमाण्डौ


शुद्ध र ताजापन
पौष्टिकता झन्
सफल®
दूध
Safal®
Pure & Fresh
Milk
सफल®
शुद्ध र ताजा
दूध
उच्च प्रविधिद्वारा प्रशोधित गाई भैंसीको शुद्ध, ताजा
र पौष्टिकताले भरिपूर्ण अति स्वादिष्ट सफल दूध
आजैदेखि सबैले उपभोग गरौं ।
Sujal
सुजल डेरी प्रा. लि.
पोखरा औद्योगिक क्षेत्र, पोखरा

# औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडको

# स्मारिका

# २०७५

प्रकाशक

औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड
बालाजु, काठमाण्डौ
फोन नं : ४३५०८४८, ४३५०५२३
४३५०२७४, ४३५१२२४
फ्याक्स : ४३५१३६८
e-mail: info@idm.org.np
website: www.idm.org.np


GoldStar® Shoes
UNIVERSAL GROUP
धन्यवाद छ ती हरेक पाइलालाई
जसको वर्षौंको अथक विश्वासले नै बनेको छ -
गोल्डस्टार, हरेक नेपालीको जुत्ता
KIRAN SHOES MANUFACTURERS
Shankha Park, Maharajgunj, Kathmandu, Nepal
Tel: 01-4378950, 4015551
Email: goldstar@ugnepal.com
/goldstarnepal | www.goldstarfootwear.com
/goldstar_nepal

नेपाल सरकार

# उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

सिंहदरबार, काठमाडौ



## शुभकामना सन्देश

मुलुकको औद्योगिक क्षेत्रको विकास र व्यवस्थापनमा सक्रिय भूमिका खेल्दै आएको औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडले आफ्नो ३१ औं वर्षको उपलक्ष्यमा "स्मारिका" प्रकाशन गर्न लागेकोमा मलाई खुशी लागेको छ । स्मारिका उद्योग/व्यवसाय र औद्योगिक क्षेत्रसँग सम्बन्धित सरोकारवाला र सबैका लागि जानकारीमूलक दस्तावेज हुनेछ भन्ने अपेक्षा गरेको छु ।

देशको आर्थिक विकास एवं रोजगारी सिर्जना गर्ने कार्यमा थप नयाँ औद्योगिक क्षेत्रको विकास एवं विस्तारले सार्थक र महत्वपूर्ण भूमिका निर्वाह गर्ने कुरा सर्वविदितै छ । त्यसका निम्ति विद्यमान औद्योगिक क्षेत्रहरुलाई आधुनिकीकरण गर्दै लैजाने र प्रादेशिक संरचना अनुरुप सात वटै प्रदेशमा नयाँ र आधुनिक औद्योगिक क्षेत्र स्थापना गर्ने कार्य द्रुत गतिमा गर्नु पर्ने देखिन्छ।

आयात र रेमिटेन्समा आधारित अर्थतन्त्रलाई क्रमशः उत्पादनमूखी र निर्यातमूलक बनाई वैदेशिक रोजगारीका निम्ति बाहिरिइरहेका यूवा जनशक्तिलाइ देश भत्रै प्रयास रोजगारीका अवसर सिर्जना गरी राष्ट्रिय अर्थतन्त्रमा उद्योग क्षेत्रको योगदान वृद्धि गर्न समेत औद्योगिक क्षेत्रहरुको स्तरोन्नती र थप विस्तार गर्ने गरी नेपाल सरकारका नीति तथा कार्यक्रमहरु केन्द्रित रहेका छन् । कार्यक्रमहरुलाई सफलताका साथ सम्पन्न गर्न औद्योगिक व्यवस्थापन लिमिटेडको विद्यमान संरचना र जनशक्तिलाई थप क्षमता वृद्धि गर्नुपर्ने देखिन्छ ।

तिब्ररुपमा औद्योगिकिकरणको माध्यमबाट उत्पादन उत्पादकत्व अभिवृद्धि, रोजगारी सिर्जना आयात प्रतिस्थापन तथा निर्यात प्रबद्र्धन गर्दै हालको व्यापार घाटा कम गर्न समेत औद्योगिक क्षेत्रको भूमिका महत्वपूर्ण रहने हुँदा आगामी दिनमा यस लिमिटेडले नयाँ प्रविधि तथा इनोभेटिभ सोचाइका साथ अगाडी बढ्नेछ भन्ने विश्वास लिएको छु । लिमिटेडको स्थापनाको ३१ औं वार्षिकोत्वसका उपलक्ष्यमा हार्दिक शुभकामना व्यक्त गर्दछु ।

यामकुमारी खतिवडा
सचिव
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय


नेपालमा पहिलो पटक
Since 1760
Lewis Berger
Paint your imagination
BERGER WEATHERCOAT ANTI DUSTT
अब पाउनुहोस् धुलै-धुलो भएको घरबाट छुटकारा
5 YEAR WARRANTY
Berger express painting
Faster. Cleaner. Better.
TOLL FREE NO.
16600123436
Type <Xp> and send to 33377
XP ADVANCED
EXTERIOR WALL PAINT
Since 1760
Lewis Berger
Paint your imagination
WEATHERCOAT
ANTI DUST
NO ADDED LEAD, MERCURY AND CHROMIUM
LOW VOC
Dust Guard
यसको अद्वितीय डस्ट गार्ड टेक्नोलोजीले
बाहिरी भित्ताहरूमा धुलोलाई टिक्न दिँदैन ।
कालो दाग र पत्रहरू पर्न दिँदैन ।
घरको बाहिरी सतहलाई राख्छ सुन्दर
र चम्किलो, वर्षौं वर्ष ।

# औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड

(नेपाल सरकारको स्वामित्व भएको)

केन्द्रीय कार्यालय
बालाजु, काठमाडौं, नेपाल
पो.ब.नं. ८१२
फोन नं.: ४३५०५२३, ४३५३१३३
४३५०८४९, ४३५०२७४, ४३५१२२४
फ्याक्स : ९७७-०१-४३५१३६९
Email: info@idm.org.np
Website: www.idm.org.np



## शुभकामना सन्देश

औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडले आफ्नो ३१औं वार्षिकोत्सवको अवसर पारी आर्थिक क्षेत्रसँग जोडिएका विषयहरु, उद्योगहरुको जानकारी र संस्थाले गरेका गतिविधिहरु समेटी 'स्मारिका' प्रकाशन गर्न लागेको व्यहोरा अवगत गराउन पाउँदा मलाई खुसी लागेको छ ।

२०७२ साल असोज ३ गते मुलुकले गणतान्त्रिक संविधान पाएयता औद्योगिक क्षेत्रको विकास एवं विस्तारले नयाँ गति लिन थालेको कुरा सबैमा विदितै छ । लामो समयदेखि औद्योगिक क्षेत्रको विकास र उद्योग कल-कारखानाहरुको विस्तारले विश्राम लिएको परिप्रेक्ष्यमा विगत ३ वर्षयता भने गति लिन थाल्नु सुखद् र खुसीको विषय हो ।

मुलुक संघीयता कार्यान्वयनको चरणमा प्रवेश गरेको छ । संघीयताको मर्म र भावनालाई पछ्याउँदै सात वटै प्रदेशमा आधुनिक औद्योगिक क्षेत्र स्थापना गर्न वर्तमान सरकार प्रतिबद्ध छ र त्यसका निम्ति सार्थक कदम अघि बढाइरहेको छ । सरकारले अघि सारेको 'समृद्ध नेपाल सुखी नेपाली' को नारालाई यथार्थमा बदल्न नयाँ औद्योगिक क्षेत्र विस्तार गरी मुलुकलाई औद्योगिकीकरणको दिशामा अग्रसर गराउनु, लाखौं रोजगारी सिर्जना गर्नु र उत्पादकत्व वृद्धि गरी उपभोग्य वस्तु तथा सेवाहरुमा मुलुकलाई आत्मनिर्भर बनाउनुको विकल्प देखिँदैन । लिमिटेड त्यस दिशामा क्रियाशील रहँदै आएको छ ।

देशलाई औद्योगिकीकरणको दिशामा अग्रसर गराउन औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडको अतुलनीय भूमिका रहँदै आएकोमा दुईमत छैन । तसर्थ उक्त दिशामा लिमिटेडले अझ अग्रसरता देखाउने प्रतिबद्धता व्यक्त गर्दछु । साथै 'स्मारिका' प्रकाशनका लागि सहयोग पुऱ्याउनु हुने उद्योगी-व्यवसायी, कर्मचारी, श्रमिकवर्ग, विज्ञापनदाता तथा शुभचिन्तक सबैप्रति हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

नन्दकिशोर बस्नेत
अध्यक्ष तथा महाप्रबन्धक
औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड
मिति:२०७५।०९।०८


kinley®
शुद्ध र सुरक्षित
पिउन पानी
"KINLEY" is a Registered Trademark of The Coca-Cola Company.
पद्धतिद्वारा शुद्धिकरण गरिएको
kinley®
With Added Minerals
खरिद गर्नुहोस्
१ लिटर मात्र
रू.२५*/-
*सबै कर सहित
A QUALITY PRODUCT OF
The Coca-Cola Company

# औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड
## सञ्चालक समिति



**नन्द किशोर बस्नेत**
अध्यक्ष तथा महाप्रबन्धक



**मोहनसिंह बस्नेत**
सदस्य, उपसचिव अर्थ मन्त्रालय



**रामजी दनाई**
सदस्य, उपसचिव (कानुन), उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय



**अरूणकुमार झा**
सदस्य, सिडिई बिद्युत विकास विभाग



**माधव अधिकारी**
सदस्य, नेपाल औद्योगिक क्षेत्र उद्योग महासंघ



**भोजराज बिनाडी**
कामु उप-निर्देशक तथा कम्पनी सचिव


छिटो, छरितो र भरपर्दो माध्यम
आइएमई बाटै पैसा पठाऔं
IME
International Money Express
Fast, Reliable And Secure Remittance
Toll Free
16600 151515
+977 1 4430600
+977 1 4425800
info@imeremit.com.np
facebook.com/imeremit
ime गरौं
www.imeremit.com.np

# सम्पादकीय.....................



## औद्योगिक क्षेत्रको इतिहासमा सुनौलो अवधि

कुनै पनि राष्ट्रले आर्थिक विकास र समृद्धिका सिढीहरु उक्लिनका निम्ति सोही अनुरुपका अनुकूल वातावरणको आवश्यकता खोज्दछ । देशको राजनीतिक, सामाजिक, सांस्कृतिक, आर्थिक क्षेत्र फस्टाउने खालको वातावरण सुनिश्चित भए मात्र त्यस्तो मुलुकले आर्थिक समृद्धिको दिशामा आफूलाई अग्रसर तुल्याउन सक्छ । यद्यपि, देशका र विकास र सञ्चालनको मुख्य आधार वा मेरुदण्ड राजनीति नै हो । राजनीति नै सम्पूर्ण वस्तुहरुको नाभिक भएको हुँदा राजनीतिक स्थायित्व, कुशल र सक्षम राजनीतिक नेतृत्व भए मात्र त्यस्तो देशले आर्थिक समृद्धिलगायत सम्पूर्ण क्षेत्र र अवयवहरुलाई गतिशीलता प्रदान गर्न सक्छ ।

पछिल्लो समयावधिमा हामीकहाँ आर्थिक क्षेत्रको विकास, विस्तार र समृद्धिले जुन गति समातेको छ, त्यसको पृष्ठभूमिमा राजनीतिक स्थिरता नै मुख्य रुपमा अंकित भएका छन् । अनुकूल औद्योगिक वातावरण निर्माण हुनु र नयाँ औद्योगिक क्षेत्रको घोषणा, स्थापना र विस्तार हुनुमा राजनीतिक स्थिरताले शतप्रतिशत भूमिका निर्वाह गरेको छ। देशमा नयाँ संविधान जारी भई स्थानीय, प्रदेश र प्रतिनिधिसभाको निर्वाचन सम्पन्न भएयता राजनीतिक स्थायित्वले गति पक्डेको मात्र छैन, त्यसले औद्योगिक क्षेत्रको विकासमा समेत सकारात्मक टेवा पुऱ्याउने परिस्थिति निर्माण हुँदै गइरहेको छ ।

विगतका दिनहरुमा जस्तो औद्योगिक वातावरण खल्बलिने अवस्थाको अब अन्त्य भएको छ । द्वन्द्वकालीन समयमा विद्रोही र राज्य पक्षबीच चर्किएको तनाव र असहज परिस्थितिले देशका अरु क्षेत्रलाई असर पुऱ्याएजस्तै औद्योगिक क्षेत्रलाई पनि पूर्णतः असर पुऱ्यायो । द्वन्द्वका कारण उद्योगधन्दाहरु फस्टाउने कार्यमा शिथिलता निम्तियो भने लगानीको उचित वातावरणसमेत बन्न सकेन । उद्योगधन्दामा बाह्य लगानी सून्यबराबर रह्यो भने देशभित्र उद्योगी-उद्यमीहरु लगानी गर्नबाट पन्छिए । अझ, राजनीतिक अस्थिरताको फाइदा उठाउँदै उद्योगी-व्यवसायीहरुसँग विभिन्न सशस्त्र/गैरसशस्त्र समूहहरुले चन्दा असुली गर्न थालेपछि त्यसको प्रत्यक्ष असर औद्योगिक क्षेत्रमा पर्न गयो । शान्ति र सुरक्षाको चरम अभाव देखिएको त्यो समय बिग्रदो औद्योगिक वातावरणको कारण उद्योगीहरुले सञ्चालनमा आइरहेका उद्योग, कलकारखानाहरु बन्द गरेर बस्न बाध्य भए । कतिपय उद्योगी-व्यवसायीहरुले बाह्य मुलुकमा लगानी गर्नका लागि नजर तन्काउने अवस्थासमेत सिर्जना भयो ।

अहिले परिस्थिति धेरै नै बदलिएको छ र अनुकूल औद्योगिक वातावरणको विकास भएको छ । एक दशकपूर्व देशमा स्थापना भएर दुई पटक संविधानसभाको निर्वाचन सम्पन्न भएको छ र नयाँ संविधान जारी भएपछि लामो संक्रमणकालीन स्थितिबाट मुलुक मुक्त हुन पुगेको छ । स्थानीय, प्रदेश र केन्द्र गरी तीनै तहको निर्वाचन सम्पन्न भएर जनप्रतिनिधि नहुँदाको खालीपन मेटिन पुगेको छ र राजनीतिक स्थिरता र स्थायी सरकारको निर्माणसँगै देशमा अनुकूल आर्थिक, सामाजिक, सांस्कृतिकलगायत पक्षहरु समृद्ध बन्दैछन् ।

सोही सिलसिलामा २०७२ सालयता देशमा नयाँ औद्योगिक क्षेत्रहरु विस्तार हुने क्रम बढेको छ। लामो समयदेखि औद्योगिक क्षेत्रको विकास र विस्तारमा गतिसून्यता देखिए पनि केही वर्षयता भने औद्योगिक क्षेत्रको निरन्तर विस्तार र विकासमा सरकारको चासो, तत्परता र प्रयत्न देखिन थालेको छ र यसले औद्योगिक क्षेत्रको विकासमा सकारात्मक मार्ग पहिल्याएको संकेत मिल्दछ। २०७२ साल चैतमा एकै पटक ५ वटा नयाँ औद्योगिक क्षेत्रको घोषणा गरेर सरकारले औद्योगिक क्षेत्रको विकासमा आफ्नो दह्रो प्रतिबद्धता जनाएको थियो। तत्कालीन समयमा झापाको दमक, मकवानपुरको मयुरधाप, रुपन्देहीको मोतिपुर, बाँकेको नौवस्ता र कञ्चनपुरको दैजीमा औद्योगिक क्षेत्रको घोषणा गरिएको थियो भने त्यसपछि चितवनको शक्तिखोरमा औद्योगिक क्षेत्र स्थापना गर्ने घोषणा सरकारले गरेको थियो।

मुलुक प्रादेशिक संरचनाअनुरुप अघि बढेको हुँदा सरकारले सात वटै प्रदेशमा औद्योगिक क्षेत्र स्थापना गर्ने पहल थालेको छ। त्यसका निम्ति सात वटै प्रदेशमा नयाँ औद्योगिक क्षेत्र निर्माणको प्रस्ताव अघि सारिएको छ। जसमा २ नम्बर प्रदेशको सर्लाहीको मूर्तिया, ३ नम्बर प्रदेशको चितवनको शक्तिखोर, ४ नम्बर प्रदेशको गोरखाको च्याङ्ली फाँट, ५ नम्बर प्रदेशको दाङको लक्ष्मीपुर, ६ नम्बर प्रदेशको सुर्खेतको साटाखानी र ७ नम्बर प्रदेशको कैलालीको लम्की छनोट भई कार्य अगाडि बढिसकेको छ। यसबाहेक काभ्रेपलान्चोकको पनौती, तनहुँको चिन्तुटार, दैलेखको चुप्रामा पनि नयाँ औद्योगिक क्षेत्र निर्माणको प्रस्ताव अघि सारिएको छ। नयाँ औद्योगिक क्षेत्र निर्माणका लागि कञ्चनपुरको दोधारा, चाँदनी, रौतहट, धनुषा, जुम्ला र कास्की जिल्लामा समेत अध्ययन हुने क्रममा रहेको छ।

२०१६ सालमा बालाजु औद्योगिक क्षेत्रको घोषणा भएर नेपालको औद्योगिक क्षेत्रको विकासमा जुन जग हालिएको थियो, त्यही मजबुत जगमा उभिँदै अहिलेको समयसम्म आइपुग्दा साविक, घोषित, प्रस्तावित र अध्ययनको क्रममा रहेकासमेत गरी २९ औद्योगिक क्षेत्र पुगेका छन्। अझ, २०७२ सालमा संविधान जारी भएयता औद्योगिक क्षेत्रको विस्तार र विकासले अकल्पनीय रुपमा गति समातेको हुँदा विगत ३ वर्षको अवधिलाई नेपालको औद्योगिक क्षेत्रको इतिहासमा 'सुनौलो अवधि' भनेर मूल्यांकन गर्नु धेरै हिसाब र अर्थले उपयुक्त होला।


## औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडको स्मारिका - २०७५

**सम्पादक मण्डल**

दिलीपकुमार श्रेष्ठ
राजेन्द्रप्रसाद कँडेल
मेरिना चित्रकार
एकमाया थापा
ई. अमृत शाही

**अतिथि सम्पादक**

विवश वस्ती

**आवरण तथा लेआउट**

मिलनप्रसाद कोइराला

**मुद्रण**

स्प्रिन्टर प्रा.लि.

# विषय-सूची


| क्र.सं. | विषय | लेखक | पेज नं. |
|---|---|---|---|
| १. | शुभकामना | | ३ - ६ |
| २. | हालको सञ्चालक समिति | | ७ - ७ |
| ३ | सम्पादकीय | | ९ - १० |
| ४ | सञ्चालक समितिका अध्यक्षहरुको नाम तथा कार्यकाल | | १२ - १२ |
| ५ | संघीय नेपालमा औद्योगिकीकरणको स्वरूप | - कृष्णहरि बास्कोटा | १३-१७ |
| ६ | औद्योगिकीकरण समृद्धिको बाटो | - नन्द किशोर बस्नेत | १८-२३ |
| ७ | औद्योगिक क्षेत्रको बिकासका लागि चाल्नु पर्ने कदम | - प्रेमलकुमार खनाल | २४-२७ |
| ८ | औद्योगिक क्रान्ति : समृद्ध नेपाल र सुखी नेपाली | - गिरिराज भण्डारी | २८ -३७ |
| ९ | औद्योगिक व्यवसाय ऐन, २०७३ को प्रयोग र चुनौती | - रामजी दनाई | ३८ -४४ |
| १० | हरित उत्पादकत्वको महत्व | - दुर्गेशकुमार श्रेष्ठ | ४५ -५१ |
| ११ | नेपालमा औद्योगिकरण : एक परिचर्चा | - डा. रमेश पौडेल | ५२ - ५९ |
| १२ | पेशा-व्यवसायलाई समयानुकूल परिस्कृत तुल्याउँदै | - हरिकृष्ण रावल, | ६१ - ६२ |
| १३ | उद्यमी र व्यवस्थापनबीच राम्रो समन्वय छ | - राजेश मास्के | ६३ - ६३ |
| १४ | सहकार्यमै अगाडि बढिरहेका छौं | - गणेशबहादुर श्रेष्ठ | ६४ - ६४ |
| १५ | उद्यमीहरू फस्टाउने वातावरण बन्नुपर्छ | - मोतिलाल सिल्पकार | ६५ - ६५ |
| १६. | प्रादेशिक स्तरको प्रस्तावित औद्योगिक क्षेत्रको अबस्था | | ६६ - ६८ |
| १७ | औद्योगिक क्षेत्र पूर्वाधार निर्माणमा चिनियाँ लगानी..... | | ६९ - ६९ |
| १७८ | औद्यौगिक क्षेत्रहरूको परिचय | | ६९ - ११९ |
| १९ | बालाजुमा बहुउद्देश्यीय भवन निर्माण | | १२० - १२० |
| २० | उद्योगहरूको विवरण | | १२१ - १४० |
| २१ | मुद्दाहरूको विवरण | | १४१ - १४४ |

# औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड

## सञ्चालक समितिका अध्यक्षहरूको नाम तथा कार्यकाल

| क्र.स. | नाम | पद | देखि | सम्म |
|---|---|---|---|---|
| १. | श्री गङ्गा बहादुर शाह | अध्यक्ष तथा महाप्रवन्धक | २०४५ श्रावण | २०४५ पौष |
| २. | श्री नगेन्द्र शर्मा | अध्यक्ष तथा महाप्रवन्धक | २०४५ फाल्गुण | २०४८ भाद्र |
| ३. | श्री जगदिश्वर उपाध्याय | अध्यक्ष | २०४८ कार्तिक | २०४९ मार्ग |
| ४. | श्री नारायण बराल | अध्यक्ष | २०४९ पौष | २०५० श्रावण |
| ५. | श्री साम्बदेब पन्त | अध्यक्ष | २०५० भाद्र | २०५२ भाद्र |
| ६. | डा. भोलानाथ चालिसे | अध्यक्ष | २०५२ आश्विन | २०५२ चैत्र |
| ७. | श्री ध्रुवप्रसाद अधिकारी | अध्यक्ष | २०५२ चैत्र | २०५३ माघ |
| ८. | श्री अरबिन्द ठाकुर | अध्यक्ष | २०५३ माघ | २०५३ चैत्र |
| ९. | डा. मुकुन्द बहादुर श्रेष्ठ | अध्यक्ष | २०५४ बैशाख | २०५४ पौष |
| १०. | श्री पुष्कर देब पन्त | अध्यक्ष | २०५४ माघ | २०५६ माघ |
| ११. | डा. सन्तोष पौड्याल | अध्यक्ष | २०५६ फाल्गुण | २०५८ फाल्गुण |
| १२. | श्री कृष्णहरि बास्कोटा | अध्यक्ष | २०५९ श्रावण | २०५९ मार्ग |
| १३. | श्री भरतबहादुर थापा | अध्यक्ष | २०५९ पौष | २०६१ मार्ग |
| १४. | श्री रमाकान्त मैनाली | अध्यक्ष | २०६१ मार्ग | २०६३ बैशाख |
| १५. | श्री ताना गौतम | अध्यक्ष | २०६३ असार | २०६३ श्रावण |
| १६. | श्री लक्ष्मीप्रसाद पौडेल | कार्यवाहक अध्यक्ष | २०६३ श्रावण | २०६३ कार्तिक |
| १७. | श्री राजेन्द्रकुमार ढुङ्गेल | अध्यक्ष | २०६३ कार्तिक | २०६३ चैत्र |
| १८. | श्री निरञ्जन बराल | अध्यक्ष | २०६३ चैत्र | २०६४ श्रावण |
| १९. | श्री देवेन्द्र मिश्र | अध्यक्ष | २०६४ श्रावण | २०६५ कार्तिक |
| २०. | श्री विन्दु तिम्सिना | अध्यक्ष | २०६५ कार्तिक | २०६६ श्रावण |
| २१. | श्री शिव कुमार गुर्माछाने | अध्यक्ष | २०६६ कार्तिक | २०६८ जेष्ठ |
| २२. | श्री ढुण्डीराज पोखरेल | अध्यक्ष | २०६८ जेष्ठ | २०६८ भाद्र |
| २३. | श्री शिव शरण न्यौपाने | अध्यक्ष | २०६८ भाद्र | २०६८ कार्तिक |
| २४. | श्री देवेन्द्र कुमार यादव | अध्यक्ष | २०६८ कार्तिक | २०७० आश्विन |
| २५. | श्री वेगेन्द्रराज शर्मा पौड्याल | अध्यक्ष | २०७० कार्तिक | २०७१ बैशाख |
| २६. | श्री विनोद प्रसाद आचार्य | अध्यक्ष | २०७१ जेष्ठ | २०७१ जेष्ठ |
| २७. | श्री दयालबहादुर शाही | अध्यक्ष | २०७१ आषाढ | २०७१ पौष |
| २८. | श्री नन्द किशोर बस्नेत | अध्यक्ष | २०७१ पौष | हाल सम्म |
| २९. | श्री नन्द किशोर बस्नेत | अध्यक्ष तथा महाप्रवन्धक | २०७१ चैत्र | |

# संघीय नेपालमा औद्योगिकीकरणको स्वरुप

*सरकारका तीनै वटा तहबाट मुलुकलाई औद्योगिकीकरणमा रुपान्तरित गर्न आ-आफ्नो स्थानबाट पहल हुन जरुरी छ । साथै, दुईभन्दा बढी प्रदेशले संयुक्त रुपमा औद्योगिककीकरणमा काम गर्ने सोच पनि निर्माण गर्नुपर्छ । अर्थात् औद्योगिकीकरण गर्ने कार्य सधैँ एकल प्रयासबाट मात्रै सम्भव नहुने हुँदा यसमा संघ, प्रदेश र स्थानीय सरकारको संयुक्त प्रयास हुनु पर्दछ ।*



**कृष्णहरि बास्कोटा**

नेपालको वर्तमान संविधानले मुलुकलाई गणतान्त्रिक संघीय लोकतान्त्रिक शासन प्रणालीमा रुपान्तरित गरेको छ । राज्यको अधिकार संघ सरकार, प्रदेश सरकार र स्थानीय तहमा विभक्त भएको छ । मुलुकमा संघीय सरकार, ७ वटा प्रदेश सरकार र ७ सय ५३ वटा स्थानीय तह गठन भएका कारण ७ सय ६१ वटा सरकार क्रियाशील भएको स्थिति छ । यस परिस्थितिमा मुलुकभित्र औद्योगिकीकरण गर्ने जिम्मेवारी पनि यी तीनै वटा तहको सरकारको काँधमा रहेको छ ।

## संघ सरकारको भूमिका

नेपालको संविधानको अनुसूची ५ मा संघ सरकारको अधिकार लेखिएको छ । मुलुकभित्र निर्माण हुने मेगा संरचनाको जिम्मेवारी संघ सरकारको रहेको छ । मूलतः मुलुकको वैदेशिक नीति यस सरकारको काँधमा रहेको छ, जसको कारण बाह्य लगानी भित्र्याउन संघ सरकारको विशेष पहल हुन जरुरी छ । मुलुकभरिका जनताको दैनिक जीवनमा आवश्यक पर्ने उद्योगको स्थापना गर्न पनि संघ सरकारले पहल गर्नुपर्छ । नेपालको निकासी पैठारी व्यापारलाई सन्तुलनमा राख्न निकासीजन्य उद्योगको स्थापनामा पनि पहल हुनुपर्छ । यस अतिरिक्त मुलुकलाई औद्योगिकीकरणमा रुपान्तरित गर्ने मुलुककै नीति निर्माणमा पनि संघ सरकार अघि सर्नुपर्छ । यस क्रममा ठूला-ठूला औद्योगिक क्षेत्र स्थापना गरिनुपर्छ ।

## प्रदेश सरकारको भूमिका

नेपालको संविधानको अनुसूची ६ मा प्रदेश सरकारको अधिकार क्षेत्र लेखिएको छ । जस अनुसार प्रदेश स्तरको माग र आपूर्तिको प्रबन्ध हुने गरी प्रदेश सरकारले उद्योगलाई प्रोत्साहन गर्नुपर्छ । यसो भनेर एउटा प्रदेशमा उत्पादन भएको वस्तु अन्य प्रदेशमा खपत गर्न नसकिने भन्ने होइन । सम्भव भएमा प्रत्येक प्रदेशमा फरक-फरक उद्योग स्थापना गर्ने र सो उद्योगको उत्पादन मुलुकभरि खपत गर्ने व्यवस्था गर्न सके सुनमा सुगन्ध हुने थियो । उदाहरणका लागि प्रदेश १ मा चिया उद्योग स्थापना गर्ने, प्रदेश २ मा चिनी कारखाना खडा गर्ने, प्रदेश ३ मा हरियो तरकारी उत्पादन गरी ग्रेडिङ्ग र प्याकेजिङ्ग गर्ने, गण्डकी प्रदेशमा अदुवा लगायतको उत्पादन गरी प्रोसेसिङ्ग उद्योग खडा गर्ने, प्रदेश ५ मा फलफूल उत्पादन गरी जुस उद्योग खोल्ने, कर्णाली प्रदेशमा जडिबुटी उत्पादन र निकासी गर्ने तथा प्रदेश ७

मा खाद्यान्न उत्पादन गरी सोही उद्योग सञ्चालन गर्ने सोचलाई अघि बढाउन सकिन्छ। तथापि प्रदेश सरकारले आफूभित्र रहेका स्थानीय तहमा उद्योग स्थापनाको वातावरण निर्माण गर्न पछि पर्नु हुँदैन।

## स्थानीय तहको भूमिका

नेपालमा गठन भएका ७ सय ५३ वटा स्थानीय तहले आ-आफ्नो स्थानमा औद्योगिकीकरण गर्ने जिम्मेवारीको नेतृत्व लिनु पर्छ। प्रत्येक स्थानीय तहमा औद्योगिक क्षेत्र स्थापना गर्ने पहल गर्नुपर्छ। साथै, औद्योगिक उत्पादनको प्रबर्द्धन स्थल निर्माण गर्न सकिन्छ। हस्तकला ग्राम स्थापना गर्नुपर्छ। प्रत्येक घरमा कुटिर उद्योग स्थापनाको लागि नागरिकलाई उत्प्रेरित गर्नुपर्छ। आफ्नो स्थानीय तहभित्र उपलब्ध साधन र स्रोतको अधिकतम् उपयोग गर्नुपर्छ। उपलब्ध कच्चा पदार्थमा आधारित उद्योग स्थापनाको लागि पहल गर्नुपर्छ।

यसरी सरकारका तीनै वटा तहबाट मुलुकलाई औद्योगिकीकरणमा रुपान्तरित गर्न आ-आफ्नो स्थानबाट पहल हुन जरुरी छ। साथै, दुईभन्दा बढी प्रदेशले संयुक्त रुपमा औद्योगिककीकरणमा काम गर्ने सोच पनि निर्माण गर्नुपर्छ। अर्थात् औद्योगिकीकरण गर्ने कार्य सधैँ एकल प्रयासबाट मात्रै सम्भव नहुने हुँदा यसमा संघ, प्रदेश र स्थानीय सरकारको संयुक्त प्रयास हुनु पर्दछ।

## औद्योगिक क्षेत्रको अवधारणा

हाल नेपालमा औद्योगिक क्षेत्र विकास र व्यवस्थापनका लागि छुट्टै संयन्त्र खडा भई मुलुकभरि औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडका शाखाहरु स्थापना गर्ने प्रयास आरम्भ भइरहेको छ। यसलाई मास्ने होइन, जगेर्ना गर्ने सोच अघि बढाउनु पर्छ। यस औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडमा सबै प्रदेशबाट प्रतिनिधित्व हुने प्रबन्ध गर्न सकिन्छ। यसबाट सबै प्रदेशमा कम्तिमा एउटा औद्यागिक क्षेत्र निर्माण गर्ने कामले उच्च प्राथमिकता पाउनु पर्छ। उचित स्थानमा जमिनको व्यवस्था गर्ने, सो जमिनमा उद्योगलाई आवश्यक पर्ने पूर्वाधार निर्माण गर्ने र त्यहाँ उद्योग स्थापनाका लागि आकर्षित गर्ने प्याकेज घोषणा गर्नुपर्छ।

## औद्योगिक क्षेत्रको सुविधा

औद्योगिक क्षेत्रमा स्थापना हुने उद्योगले विविध सुविधा पाउनु पर्छ। यसबाट लगानीकर्ताहरु उत्प्रेरित हुने मात्रै होइन, उद्योगको उत्पादन पनि अधिकतम् हुन पुग्छ। यस्तो उत्पादनले बजार पाउँदा आयात प्रतिस्थापन भई निकासी प्रबर्द्धनमा सहयोग पुग्छ। तसर्थ औद्योगिक क्षेत्रमा न्यूनतम पनि निम्न सुविधा प्रदान गरिनुपर्छ :

१. औद्योगिक क्षेत्रभित्र उद्योगलाई आवश्यक पर्ने कुनै पनि प्रकारको पूर्वाधारको कमी नहोस्। यसमा कालोपत्रे सडक, चौबीसै घण्टा पानी आउने, बत्ती बल्ने, स्वास्थ्य चौकी, प्रहरी पोष्ट लगायतको व्यवस्था हुनुपर्छ।

२. औद्योगिक क्षेत्रभित्र रहने उद्योगले करमा केही छुट सुविधा पाउनु पर्छ। यसैगरी धारा, बत्ती, टेलिफोन जस्ता सेवामा पनि छुट सुविधाको व्यवस्था हुनुपर्छ।

३. औद्योगिक क्षेत्रभित्रको उत्पादनको मूल्य तोक्ने संयन्त्र हुनुपर्छ। यसरी तोकिएको मूल्यमा सरकारी निकाय लगायत सबैले सोझै खरिद गर्न मिल्ने व्यवस्था हुनुपर्छ।

४. औद्योगिक क्षेत्रभित्रको उत्पादनको गुणस्तरीयता मापन गर्ने संयन्त्र हुनुपर्छ । उक्त संयन्त्रले गुणस्तर मापन गर्ने हुँदा यहाँका उत्पादनले स्वतः राष्ट्रिय गुणस्तरका चिन्ह प्रयोग गर्न पाउने हुनुपर्छ । साथै, आम जनतामा पनि यसरी औद्यागिक क्षेत्रभित्र रहेका उद्योगको उत्पादन निर्धक्क भएर उपयोग गर्न राज्य प्रणालीबाट उत्प्रेरित गरिनुपर्छ ।

५. औद्योगिक क्षेत्रभित्र रहने उद्योगको वातावरणीय पक्षको जिम्मेवारी औद्यागिक क्षेत्र व्यवस्थापन लिमिटेडले लिनेछ । यस अनुसार वाटर ट्रिटमेण्ट प्लान्ट वा वायु प्रदुषण लगायतको व्यवस्थापन संयुक्त रुपमा गरिनु पर्छ ।

६. औद्योगिक क्षेत्रभित्र कार्यरत कर्मचारी र मजदूरलाई विशेष सुविधा प्रदान गरिनु पर्छ ।

७. औद्योगिक क्षेत्रभित्र रहेका उद्योगको कच्चा पदार्थ ढुवानी र उत्पादनलाई बजारसम्म पुऱ्याउने, ढुवानीका साधन जुनसुकै बखत निर्वाध रुपमा गुड्न पाउनेछन् ।

८. औद्योगिक क्षेत्रभित्र रहेका उद्योगले बैंक एवं वित्तीय संस्थासँग ऋण लिँदा प्राथमिकताका आधारमा कम ब्याजदरमा रकम पाउनेछन् ।

९. औद्योगिक क्षेत्रभित्र उद्योग सञ्चालन गर्नेलाई सरकारी सिआईपीको मान्यता दिइनेछ । राष्ट्रिय चाडपर्वमा उनीहरुलाई आमन्त्रण गरिनेछ । राज्यबाट प्रदान गरिने विभूषणमा उनीहरु प्राथमिकतामा पर्नेछन् ।

१०. औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडको पहलमा सरकारको एउटा उच्चस्तरीय संयन्त्र खडा गरिनेछ, जसले मुलुकलाई औद्योगिकीकरणमा रुपान्तरित गर्न सदैव लिमिटेड र औद्योगिक क्षेत्रभित्रका उद्योगपतिसँग परामर्श गरी समय सापेक्ष नीति लागू गर्न संघ सरकार, प्रदेश सरकार र स्थानीय तहलाई राय सुझाव दिनेछ ।

यसरी वर्तमान औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडका काम-कारबाहीलाई व्यवस्थित र आधुनिक गर्न सकिएमा मुलुकलाई औद्योगिकीकरण गर्ने दिशामा उल्लेखनीय योगदान पुग्नेछ ।

## कृषि उत्पादनमा आधारित उद्योग

नेपाल कृषिप्रधान देश हो । नेपालको अर्थतन्त्र कृषिमा आधारित छ । नेपालमा बर्सेनि १ करोड मेट्रिक टन खाद्यान्न उत्पादन हुने गरेको छ । नेपालमा टनेलमा बेमौसमी हरियो तरकारी उत्पादनको काम आरम्भ भएको छ । यस परिवेशमा कृषि उपजमा आधारित उद्योग स्थापनाका साथै कृषि उत्पादकत्व वृद्धिमा हाम्रो सार्थक प्रयास हुनुपर्छ । यसका लागि निम्न काममा जोड दिनुपर्ने देखिन्छ :

१. कृषि उत्पादनको ग्रेडिङ्ग गर्ने । यसका लागि कृषि फसल तयार भएपछि त्यसलाई काट्ने, टिप्ने वा भाँच्ने सन्दर्भमा आधुनिक विधि अपनाउने । अदुवा निकाल्दा घाउ हुन नदिने । आलु खन्दा साना, मझौला र ठूला आकारका आलु छुट्याउन जालीको व्यवस्था गर्ने । धान काट्ने मेसिनको प्रयोग गर्ने ।

२. कृषिमा यान्त्रिकीकरण गर्न जिरने टिलर, हार्भेष्टर, मिनी ट्याक्टर लगायतको प्रयोग बढाउनु पर्छ । यसका लागि कृषि उपकरण उत्पादन गर्ने कारखानाहरुको हब स्थापना गर्नु पर्छ ।

३. उखुमा आधारित चिनी उद्योग, मकैमा आधारित दाना उद्योग, तोरीमा आधारित तेल उद्योग, गहुँमा आधारित पिठो उद्योग लगायतको अर्को औद्योगिक नगरी निर्माण गर्नु पर्छ ।

४. नेपालमा बेमौसमी हरियो तरकारीको प्रशस्त सम्भावना छ । हामीले टनेलमा खेती गर्ने गरेका छौं । तसर्थ प्रशस्त तरकारी खेती गरी यसैमा आधारित एक प्रकारको उद्योग नै सञ्चालन गर्न सकिने सम्भावनालाई नकार्न सकिँदैन ।

५. नेपालमा दुग्धजन्य पदार्थ, फलफूल र माछा मासु उत्पादनको प्रशस्त सम्भावना रहेको छ । यस क्षेत्रमा बाह्य लगानी समेत भित्र्याई ठूला-ठूला फार्म सञ्चालन गर्न सकिन्छ । यसबाट डेरी उद्योग सञ्चालन गर्ने, जुस उद्योग स्थापना गर्ने र स्लटर हाउस सञ्चालन गर्ने लगायतको औद्योगिक क्षेत्रको सम्भावना देखिन्छ र सो कार्यमा लाग्न जरुरी छ ।

## दैनिक उपभोग्य वस्तुमा आधारित उद्योग _

नेपालमा धेरै कुराको सम्भावना भए पनि हामीले उपलब्ध स्रोत र साधनको उपयोग गर्न नसक्दा पछाडि परेका मात्रै हौं । नेपालको जनसंख्या करिब ३ करोड छ, यो दैनिक उपभोग्य वस्तुको आपूर्तिका लागि राम्रै जनसंख्या हो । तसर्थ हाम्रो पहल निम्न क्षेत्रमा हुनु पर्छ :

१. नेपालमा आयोडाईज्ड नुनको प्रशोधन र प्याकेजिङको काम भइरहेको छ । अब हामीले कच्चा नुन पैठारी गरेर वा नेपाली नुन खानीको पहिचान गरेर नुन उद्योग स्थापना गरी पूर्णरुपमा आत्मनिर्भर हुनु पर्छ ।

२. नेपालमा पेट्रोलियम पदार्थको सम्भाव्यता अध्ययन भइसकेको छ । काठमाडौं लगायतका ठाउँमा प्राकृतिक ग्यासको उपलब्धता छ । पेट्रोलियम पदार्थमा इथानोल मिसाउन सकिने सम्भावना जगजाहेर छ । नेपालमा जैतुनको खेतीबाट ईन्धन उत्पादन गर्न सकिने सम्भावनामाथि पनि अध्ययन भइसकेको छ । यी सबै विकल्पमा प्रवेश गरी नेपाललाई पेट्रोलियम पदार्थमा पनि आत्मनिर्भर गराउनु पर्छ । यसका लागि तत्कालैदेखि अन्तर्राष्ट्रिय बजारबाट कच्चा तेल खरिद गरेर ल्याई नेपालमा एउटा मिनी रिफाईनरी उद्योग सञ्चालन गर्नुपर्छ ।

३. नेपालमा मिल्क होलिडे हुने गरेको छ । हामीकहाँ केही मात्रै प्रोत्साहन गर्न सके पशुपालन उद्योगमा राम्रै सफलता हासिल गर्न सकिनेछ । तसर्थ दुग्ध उत्पादन वृद्धि गरी निकासी समेतको सम्भावना पहिल्याउन सकिन्छ । कतार जस्तो मुलुकले मेगा डेरी फार्म सञ्चालन गरेको अनुभवका आधारमा हामीसँग उपलब्ध चरनको सुविधालाई मनन गरी डेरी उद्योगका माध्यमबाट हिमाली चकलेट, चिज लगायतको उत्पादन निकासी गरी लाभ हासिल गर्न सकिनेछ ।

४. नेपालमा जडिबुटीको प्रशस्त सम्भावना छ । औषधि उद्योगको कच्चा पदार्थ जडिबुटी नै हो । तसर्थ हामीले मेगा औषधि उद्योग स्थापनाका लागि एफडिआईलाई आकर्षित गर्न सक्छौं ।

५. नेपाल सिमेन्ट उद्योगका लागि पनि प्रशस्त सम्भावना भएको मुलुक मानिन्छ । दक्षिण एसियाको करिब २ सय वर्षको माग थेग्न सक्ने नेपालमा ढुंगाको खानी भएको विश्वास गरिन्छ ।

यसरी मानिसको दैनिक जीवनमा आवश्यक पर्ने खाद्यान्न, औषधि, पेट्रोलियम पदार्थ, सिमेन्टलगायत वस्तुको उत्पादनमा आधारित उद्योग स्थापनामा हामीले सामुहिक प्रयास गर्नु पर्छ ।

## प्रदेशस्तरीय औद्योगिक क्षेत्रको अवधारणा :

सम्भव भएसम्मका उद्योग स्थापनामा सबै ७ सय ५३ वटा स्थानीय तहले विशेष_पहल गर्नु पर्छ। तथापि स्थानीय तहस्तरकै पहलमा मेगा आयोजनाहरु स्थापना हुने कुरा सहज छैन। तसर्थ सात वटा प्रदेश स्तरमा निम्न अवधारणामा काम गर्नु उचित हुनेछ :

१. प्रत्येक प्रदेशमा कम्तिमा एउटा ठूलो औद्योगिक क्षेत्र र प्रदर्शनी स्थल निर्माण गर्नुपर्छ। प्रत्येक प्रदेशमा एउटा औद्यौगिक क्षेत्र वा औद्योगिक ग्राम वा हस्तकला ग्राम वा उपयुक्त संरचना निर्माण हुनु पर्छ, जसमा त्यस प्रदेशका नागरिकले गर्व गर्न सकून्।

२. प्रत्येक प्रदेशमा एउटा प्रांगारिक मल कारखाना स्थापना गर्ने कुरा धेरै पहिलेदेखि चलेको हो, तथापि आजसम्म यो काम हुन सकेको छैन। यदि हामीले एउटा प्रांगारिक मल कारखाना, एउटा कृषि औजार कारखाना, एउटा बीउविजन कम्पनी, एउटा कृषि उत्पादनमा आधारित वस्तुको ग्रेडिङ, प्याकेजिङ र प्रोसेसिङ गर्ने साना-साना यन्त्र, उपकरण उत्पादन गर्ने उद्योगलगायत एकै ठाउँमा स्थापना गर्न सके बल्ल प्रदेश सरकार निर्माण भएकोमा गर्व गर्न सकिने आधार बन्थ्यो।

३. प्रत्येक प्रदेशमा एउटा विशाल डेरी उद्योग, दुग्ध पदार्थबाट बन्ने बिस्कुट उद्योग, चकलेट उद्योग, चुइगम उद्योग, लालमन रसबरीजस्ता मिठाइ उत्पादन गरी प्याकेजिङ गर्ने उद्योग, पाउडर दूध कारखानालगायतको एकीकृत उद्योग स्थल स्थापना गर्न सके नेपालीको अनुहारमा हाँसो देखिने थियो।

४. हाल हामी मेसिन युगमा प्रवेश गरेका छौं। हामीलाई मोटर, मोवाइल, मोटर साइकलदेखि सबै मेसिनरी सामानका पाटपुर्जा आवश्यक पर्नु स्वाभाविकै हो। यसरी विभिन्न मेसिनरी सामान एउटै स्थलमा उत्पादन हुने गरी प्रत्येक प्रदेशमा एक-एकवटा औद्योगिक क्षेत्र स्थापना गर्नुपर्छ। नेपालमा सियो पनि उत्पादन हुँदैन भन्ने भनाइलाई गलत साबित गर्न पनि यस्ता उद्योग स्थल आवश्यक देखिएको छ।

५. प्रत्येक प्रदेशमा एउटा एउटा राष्ट्रिय गौरवका उद्योगहरु रहेको औद्योगिक क्षेत्र स्थापना हुनु पर्छ। संसारकै ठूलो सनपाट उद्योग स्थापना गर्न सकिन्छ। संसारकै धेरै जडिबुटी प्रशोधन हुने कारखाना स्थापना गर्न सकिन्छ। दक्षिण एसियाकै ठूलो छाला उद्योग स्थापना हुन सक्दछ। बहुमूल्य पत्थर कटिङको विशाल उद्योग स्थापनाको पनि नेपालमा सम्भावना छ।

महाकवि लक्ष्मीप्रसाद देवकोटाले 'उद्देश्य के लिनु उडी छुनु चन्द्र एक' भन्नु भएझैं प्रत्येक प्रदेश सरकार र संघीय एवं स्थानीय सरकार मुलुकलाई औद्योगिकीकरणमा रुपान्तरित गर्न लागि पर्नु पर्छ। नेपालमा एउटा भनाइ छ, 'तिमी आँट म पुऱ्याउँछु' तसर्थ, असम्भव कुरा केही छैन। निरन्तरको लगनशीलताबाट अपेक्षित परिणाम निकाल्न सकिन्छ। यसका लागि औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडसँग रहेको साख, सीप एवं ज्ञानको उपयोग गर्न सबैमा सार्वजनिक आव्हान गर्दछु।

**(लेखक, औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडका पूर्वअध्यक्ष हुनुहुन्छ)**

-०-

# औद्योगिकीकरण समृद्धिको बाटो

*हामीले औद्योगिकीकरणको माध्यमबाट नै देशलाई माथि उठाउनु पर्छ । बंगलादेश टेक्सटाइल उद्योगबाट माथि उठ्यो, भियतनाम उद्योगकै कारण समृद्ध हुँदै अघि बढेको छ । पाकिस्तान पनि उद्योग-कलकारखानाकै कारण फस्टाएको हो । अब हामीले पनि औद्योगिकीकरणमा जोड दिएर राष्ट्रको उन्नति र समृद्धिका बाटाहरु पहिल्याउनु पर्छ ।*



**नन्द किशोर बस्नेत**
**अध्यक्ष तथा महाप्रबन्धक**

२०७२ सालको मध्यतिर गणतान्त्रिक नेपालको संविधान जारी भएपश्चात मुलुक दशक लामो संक्रमणकालीन अवस्थाबाट मुक्त भयो । नयाँ संविधानको मर्म र भावनालाई पछ्याउँदै संघ, प्रदेश र स्थानीय तहको निर्वाचनसमेत सम्पन्न गरी तीनै तहमा जननिर्वाचित सरकार गठन भई संघीय संरचना अनुरुप गतिशील हुने बाटोसमेत खुल्यो । अहिले देशमा जनमतको आधारमा वामपन्थी शक्तिको सरकार नेतृत्वमा छ । प्रदेश तहमा पनि बहुसंख्यक प्रदेशमा वामपन्थी शक्तिकै नेतृत्व रहेको छ । अधिकांश स्थानीय तह समेत वामपन्थी शक्तिकै नेतृत्वमा सञ्चालित छन् । यिनै सन्दर्भमा, संघ र प्रदेश सरकार गठन भएयता वाम गठबन्धनले निर्वाचनको बेला जनतासामु प्रतिबद्धता जनाएको 'समृद्ध नेपाल, सुखी नेपाली' को नारा/अभियानलाई सार्थक र सफलीभूत तुल्याउन वर्तमान सरकार क्रियाशील देखिन्छ ।

दशकौंसम्म राजनीतिक अस्थिरता, खिचातानी र द्वन्द्वले गिजोलेको मुलुकलाई समृद्ध बनाउन सानोतिनो प्रयत्न र इच्छाशक्तिमात्र काफी हुँदैन । राजनीतिक नेतृत्वमा दह्रो इच्छाशक्तिको टड्कारो आवश्यकता रहन्छ । देशलाई आर्थिक रुपले समृद्ध तुल्याउन र नेपाली जनतालाई सुखी बनाउन हरेक क्षेत्रको विकास हुनु आवश्यक छ । सोही क्रममा देशलाई आर्थिक समृद्धिको दिशामा उन्मुख तुल्याउन र देशभित्रै लाखौं मानिसलाई रोजगारीको सिर्जना गराउनका लागि तीब्रतर रुपमा औद्योगिकीकरणको विकास गर्नु आवश्यक हुन्छ । औद्योगिकीकरणको तीव्र विकास हुन सकेको खण्डमा मात्र देशले आर्थिक समृद्धिको दिशामा फड्को मार्न सक्छ । यस तथ्यलाई अहिलेका विकसित मुलुकको इतिहासले पुष्टी गरेको छ ।

**१. पुराना औद्योगिक क्षेत्रको आधुनिकीकरण :**

२०१६ सालमा बालाजु औद्योगिक क्षेत्रको स्थापना भएयता देशमा औद्योगिकीकरणको जग बस्यो । यसले औद्योगिकीकरणका लागि पुर्‍याउने महत्वलाई मनन गरी विदेशी राष्ट्रको आर्थिक एवं प्राविधिक सहयोगमा देशका विभिन्न स्थानमा औद्योगिक क्षेत्रको निर्माण भयो भने कतिपय क्षेत्र नेपाल सरकार आफैंले निर्माण गर्‍यो । तर, नयाँ औद्योगिक क्षेत्र स्थापना हुने क्रम २०४४ सालपछि भने पूर्ण रुपमा रोकियो ।

अहिले देशभर १० वटा औद्योगिक क्षेत्र सञ्चालनमा रहेका छन्। सञ्चालनमा रहेका यी क्षेत्रको भौतिक पूर्वाधारहरु दशकौं पुराना भइसकेका छन् । स्थापनाकालमा निर्माण गरिएका यस्ता भौतिक पूर्वाधारहरु सञ्चालनमा रहेका हालका उद्योगको आवश्यकता अनुरुप रहेका छैनन्। उद्योगको परिवर्तित आवश्यकता अनुकुल हुने गरी विगतमा पूर्वाधारको विकास एवं पुर्ननिर्माण गरिएन । यसैले अब ती पुराना औद्योगिक क्षेत्रका भौतिक पूर्वाधारलाई नयाँ ढंगले विकास गर्नुको विकल्प छैन । यस तथ्यलाई आधार मानी आगामी दस वर्षभित्र सबै औद्योगिक क्षेत्र आधुनिकीकरण गर्ने कार्ययोजना अघि सारिएको छ । पुराना औद्योगिक क्षेत्रमा रहेका बिजुली, पानी, सडक, ढल लगायत भौतिक पूर्वाधारलाई नयाँ संरचना र नविनतम प्रविधिअनुरुप विकास गर्ने योजना रहेको छ। यस क्रममा नयाँ परिवेश अन्तर्गत ती औद्योगिक क्षेत्रलाई वातावरण-मैत्री बनाउने कार्य समेत गरिने दिशामा काम अघि बढेको छ ।

## २. दस वर्षमा दस लाखलाई रोजगारी

हरेक दिन हजारौं बेरोजगार युवा श्रम वैदेशिक रोजगारीका लागि विदेशिने गरेका छन् । दशकौंदेखि अनवरत रुपमा चलिरहेको यस क्रमले पछिल्लो समयमा झनै तिब्रता पाएको छ। स्वदेशमा रोजगारीको उपयुक्त अवसर उपलब्ध नहुँदा बाध्यतावश वैदेशिक रोजगारी प्रमुख अवसरको रुपमा नेपालीले अपनाउने गरेका छन्। यो हामीले केही वर्षदेखि भोगिरहेको तितो यथार्थ हो। देशको ठूलो युवा जनशक्तिले विदेशी भूमिमा आफ्नो ऊर्जाशील श्रम र पसिना बगाउनु निश्चय नै सुखद् पक्ष होइन। स्वदेशमै पर्याप्त रोजगारीको अवसर सिर्जना हुँदो हो त दिनहुँ त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा विदेश जाने नेपालीहरुको भिड देख्नु पर्ने थिएन ।

वैदेशिक रोजगारीबाट प्राप्त रेमिट्यान्सले राष्ट्रिय अर्थतन्त्रमा टेवा पुऱ्याएको भए तापनि यसको भरमा राष्ट्रिय अर्थतन्त्र चल्नु सुखद् कुरा भने होइन। यो दिगो र स्थायी बाटो पनि होइन। अझ चिन्ताजनक यथार्थ भने यसरी प्राप्त रेमिट्यान्स पुँजीगत भन्दा उपभोग कार्यमा प्रयोग हुँदा अर्थतन्त्रका विभिन्न पक्षमा असर पर्ने गरेको चर्चाले विभिन्न समयमा स्थान पाउने गरेको छ।

अर्थतन्त्रलाई दिगो तुल्याइ राख्न देशभित्रै रोजगारीका अवसरहरु सिर्जना गर्नुको विकल्प देखिँदैन। तसर्थ, वर्तमान सरकारले आगामी १० वर्षभित्र १० लाख मानिसलाई रोजगारी दिलाउने भनी गरेको संकल्पबोध अनुरुप कार्ययोजना तयार गरी यसलाई सफल तुल्याउन ध्यान केन्द्रीत गर्नुपर्दछ। १० लाखले रोजगारी पाउनुको अर्थ ३० लाख जनताले आफ्नो रोजीरोटीको प्रत्याभूति पाउनु हो। यसका निम्ति, औद्योगिक क्षेत्रको विकास र विस्तार नै उपयुक्त बाटो हो।

१० वर्षमा १० लाखलाई रोजगारी दिने महत्वाकांक्षी योजनालाई सार्थक तुल्याउने कार्यको प्रारम्भसमेत भइसकेको छ । मुलुकभरिका १९ स्थानमा नयाँ औद्योगिक क्षेत्र स्थापना गर्ने कार्य प्राथमिकताका साथ अघि बढिरहेको छ। हालसम्म ६ स्थानमा नयाँ औद्योगिक क्षेत्र स्थापनाको घोषणा भइसकेको, ७ स्थानमा प्रस्ताव गरिएको र ६ स्थानमा अध्ययन कार्य भइरहेको छ। घोषित र प्रस्तावित औद्योगिक क्षेत्रलाई आगामी ५ वर्षभित्र स्थापना गरिसक्ने लक्ष्य लिइएको छ । यी सबै औद्योगिक क्षेत्रलाई आगामी १० वर्षभित्र सञ्चालनमा ल्याइसक्ने गरी कार्य अगाडि बढिरहेको छ।

अहिले सञ्चालित औद्योगिक क्षेत्रभित्रका उद्योगहरुले करिब २५ हजारलाई रोजगारी दिएका छन् । तर, नयाँ बन्ने औद्योगिक क्षेत्र क्षेत्रफलका हिसाबले ठूला हुने र त्यसमा स्थापना र सञ्चालन हुने उद्योग-कलकारखानाले १० लाख नयाँ रोजगारीको अवसर सिर्जना हुन सक्ने आधार देखिएको छ ।

अहिले सरकारले 'समृद्ध नेपाल, सुखी नेपाली' को नारा/अभियान ल्याएको छ । यसलाई अभियानकै रुपमा सार्थक तुल्याउन सरकार प्रयत्नशील रहँदै आएको छ । तर, यथार्थ कुरा के हो भने, जनता सुखी भए भने देश समृद्ध बन्छ । जनता सुखी हुन तिनीहरुले रोजगारी पाउनु पर्छ । रोजगारीको अवसरबाट मात्रै जनता आर्थिक रुपले समृद्ध हुन्छन् र सुखी बन्न सक्छन् । यो नारा/अभियानलाई सफल तुल्याउन अधिक मात्रामा रोजगारीको अवसर सिर्जना गर्नुपर्छ र त्यसको उपयुक्त र निर्विकल्प माध्यम औद्योगिकीकरण नै हो ।

## ३. नीतिगत सुधार :

पछिल्लो समयमा नयाँ औद्योगिक क्षेत्र स्थापनाका कुनै पहल भएको थिएन । औद्योगिक क्षेत्र स्थापनाका लागि आवश्यक जग्गाको व्यवस्था र त्यसमा भौतिक पूर्वाधार विकास गर्न सरकारले वृहत् लगानी गर्नु पर्ने हुन्छ । सरकारले क्षेत्र विस्तार र वृद्धिमा आफैं एक्लै लगानी गर्न नसक्ने हुँदा निजी क्षेत्रको समेत लगानी आकृष्ट गर्न नीतिगत सुधार गर्नु आवश्यक छ । वर्तमान औद्योगिक क्षेत्र सञ्चालन तथा व्यवस्थापनको संरचनागत ढाँचामा परिवर्तन गरी औद्योगिक क्षेत्र विकास प्राधिकरणको अवधारणा अनुसार व्यवस्थापन गर्न आवश्यक कानूनी सुधार गर्नु आवश्यक छ । अविलम्व औद्योगिक क्षेत्र विकास प्राधिकरण गठन गरी अघि बढेमा मात्र राजगारी सिर्जनाका माध्यमबाट सुखी नेपाली बनाउने लक्ष्यमा पुग्न सकिन्छ ।

औद्योगिक क्षेत्रले स्वदेशी मात्र नभई विदेशी लगानीकर्तालाई नेपालमा लगानी आकर्षण गर्न नीतिगत सुधार गर्नु जरुरी छ । विदेशी कम्पनीहरुलाई लगानीका लागि आकर्षित गर्न समयसापेक्ष र विश्वव्यापीकरणलाई सुहाउँदो नीति बनाउनु पर्छ । विदेशी लगानीकर्ताहरु नीतिगत सहजता र स्थिरता देखिएमा लगानी सुरक्षित हुने महसुस गरी लगानी गर्ने वा बढाउने गर्दछन् ।

## ४. निजी क्षेत्रको संलग्नता

विगतका औद्योगिक क्षेत्रहरु विदेशी राष्ट्रहरुको सहयोग र नेपाल सरकारको आफ्नै लगानीमा निर्माण भए । अब बन्ने नयाँ औद्योगिक क्षेत्र निर्माणमा वैदेशिक सहायता प्राप्त गर्न नसक्दा सरकार एक्लैले विकास गर्न कठिन देखिएको छ । तसर्थ यी क्षेत्रहरुमा निजी क्षेत्रको संलग्नता समेत आवश्यक देखिएको छ । अर्कोतर्फ, विदेशी राष्ट्रहरुको सहयोगका लागि प्रयत्न गर्ने कार्यमा पनि निरन्तरता आवश्यक छ ।

निजी क्षेत्रले पूर्वाधारसहितको औद्योगिक क्षेत्र निर्माण गर्दा विद्यमान ऐन, कानुनले बाधा पुऱ्याउने देखिन्छ । विद्यमान नियम-कानुनले निजी क्षेत्रको संलग्नता औद्योगिक क्षेत्र विकास गर्न स्पष्ट व्यवस्था गर्न सकेको छैन । अन्य विकास निर्माण कार्य र यस क्षेत्रको विकास निर्माण कार्यमा अन्तर रहेको छ । हाल औद्योगिक क्षेत्रभित्र उद्योग स्थापना र सञ्चालन गर्न जमिन तथा भवन लिज भाडामा

उपलब्ध गराउने कार्य भइरहेको छ। तर, औद्योगिक क्षेत्रसँग क्षेत्रको समग्र विकास गर्न निजी क्षेत्रलाई सहभागी गराउने कुनै कानुनी व्यवस्था नभएको र सरकारसँग पनि यसलाई अलग्गै कुनै कानुनी आधार व्यवस्था नभएको अवस्था छ।

प्रचलित लिज अवधि लगायत अन्य विषयमा गरिएको व्यवस्थाको आधारमा नयाँ औद्योगिक क्षेत्रको पूर्वाधार विकासमा निजी क्षेत्रलाई संलग्न गर्दा वा वैदेशिक लगानी भित्र्याउँदा विद्यमान ऐन-कानुनमा परिमार्जन गर्नु आवश्यक छ। विशेषगरी लाइसेन्स, भन्सार सुविधा, कर लगायत सुविधा एकद्वार प्रणालीबाट प्रदान गरिएमा लगानी गर्ने वातावरण बन्ने निजी क्षेत्रको धारणा रहेको छ। यसका निम्ति, औद्योगिक क्षेत्र विकास प्राधिकरण गठन गनुपर्ने आवश्यकता देखिन्छ।

## ४. लिजको अवधिमा पुनर्मूल्यांकन

जग्गाको मूल्य दिनानुदिन अकासिँदै गइरहेको छ। कुनै पनि उद्योगीले जग्गा किनेर वा आफ्नै पहलमा भाडामा लिएर उद्योग सञ्चालन गर्ने अवस्थाको अब विस्तारै अन्त्य हुँदै गइरहेको छ। आफैले जग्गा भाडामा लिएर उद्योग सञ्चालन गर्दाको अवस्थामा निजी क्षेत्र आफैंले भौतिक पूर्वाधार विकास गर्न आइपर्ने समस्याले उद्योगीहरुलाई पिरोल्नु स्वाभाविक हो। तसर्थ, उद्योग सञ्चालन गर्नका लागि आवश्यक भौतिक पूर्वाधारयुक्त औद्योगिक क्षेत्रको विकास नै उत्तम उपाय/विकल्प हो।

औद्योगिक क्षेत्रहरुको जग्गा बहाल अवधि थोरै भएकोले यस समयावधि बढाउनु पर्ने भनी निजी क्षेत्रको गुनासो र माग रहँदै आएको छ। उद्योगीहरुको यो मागलाई सम्बोधन गर्ने पक्षमा औद्योगिक क्षेत्र सकारात्मक रहेको छ। लिजको अवधि कतिसम्म बढाउन उपयुक्त हुने भन्ने विषयमा विज्ञहरुसँग सुझाव लिई निजी तथा वैदेशिक लगानीलाई आकर्षित गर्न सम्बोधन गर्नुपर्ने अन्य क्षेत्रको पहिचान गर्ने विषयमा औद्योगिक क्षेत्रले अध्ययन गर्ने सोच बनाएको छ।

छिमेकी मुलुकहरु आर्थिक रुपले अझ समृद्ध बन्दै गइरहेका छन्। विश्वको दोस्रो ठूलो आर्थिक व्यवस्था रहेको चीन र चौथो आर्थिक व्यवस्था रहेको भारतको प्रगतिलाई आधारमानी आगामी दिनमा चाल्नुपर्ने कदम निर्क्योल गर्नुपर्छ। यी दुई ठूला छिमेकी मुलुकबाट औद्योगिक क्षेत्रमा लगानी भित्र्याउन सकियो भने मात्र हामीले आर्थिक समृद्धिका लागि अन्य विकल्प खोज्नु जरुरी छैन।

छिमेकी राष्ट्र भारतमा उद्योगीहरुले औद्योगिक क्षेत्र भित्र ९९ वर्षका लागि लिजमा जग्गा प्राप्त गर्ने व्यवस्था रहेको छ। त्यसरी लिजमा जग्गा पाएपछि त्यस्ता उद्योगले त्यहाँ उद्योग सञ्चालन गर्नैपर्छ, अरुलाई जग्गा हस्तान्तरण गर्न पाइँदैन। हामीकहाँ भौतिक पूर्वाधारले युक्त औद्योगिक क्षेत्रहरुमा ४० वर्षका लागि लिज दिने प्रावधान छ। यस अवधिलाई बढाएर ५० वर्ष पुऱ्याउने तर्फ औद्योगिक क्षेत्रले लिजको अवधि प्रस्ताव गर्ने प्रकृया अघि बढाएको छ। निजी क्षेत्रको लगानीबाट औद्योगिक क्षेत्रको विकास गर्ने अवधारणा ल्याइएकोले पनि लिज अवधि बढाउनु आवश्यक देखिएको छ। तर, यस प्रयासलाई पनि विदेशी कम्पनीहरुले लिजको अवधि अझै कम रहेको भनी प्रतिक्रिया दिइरहेका छन्।

अब बन्ने नयाँ औद्योगिक क्षेत्रमा लगानी गर्ने कुनै पनि स्वदेशी वा विदेशी उद्यमी आफैंले पूर्वाधार विकास गरी उद्योग सञ्चालन गर्ने अवधारणा ल्याउने प्रकृया अघि बढाइएको छ । त्यस्ता उद्योगहरुले निश्चित अवधिसम्म औद्योगिक क्षेत्रभित्र उद्योगहरु सञ्चालन गर्ने र अवधि समाप्ति पश्चात यसको व्यवस्थापनको जिम्मा प्राधिकरणलाई बुझाउनु पर्ने हुन्छ । यसरी औद्योगिक क्षेत्र विकास गर्ने निजी क्षेत्र आफैंले उद्योग भित्र्याउने, क्षेत्रको व्यवस्थापन गर्ने र तोकिएको अवधि पश्चात उक्त क्षेत्र सरकारलाई बुझाई फिर्ता हुन्छन् । औद्योगिक क्षेत्र सञ्चालनको यही मोडेलमा अगाडि बढ्ने सोच रहेको छ । सार्वजनिक, निजी र साझेदारी (पीपीपी) को अवधारणालाई आत्मसात गरी नयाँ औद्योगिक क्षेत्र सञ्चालन गर्ने अवधारणा बनाइएको छ । त्यसका लागि पनि प्राधिकरणको आवश्यकता देखिएको हो ।

विगतमा स्थापना भएका औद्योगिक क्षेत्रहरुको क्षेत्रफल सानो रहेको छ । नयाँ निर्माण हुने औद्योगिक क्षेत्रहरु बृहत् क्षेत्रफल ओगट्ने र नविनतम प्रविधियुक्त भौतिक पूर्वाधारहरु उपलब्ध हुने गरी आधुनिक र सुविधासम्पन्न बन्ने गरी तयारी थालिएको छ । विगतका साना औद्योगिक क्षेत्रहरुमा वैदेशिक सहयोग प्राप्त भए पनि अब बन्ने नयाँ औद्योगिक क्षेत्रमा विदेशी सहयोग प्राप्त हुने अवस्था देखिएको छैन । बृहत क्षेत्रफलमा फैलिएको औद्योगिक क्षेत्रमा सहयोग गर्न विदेशी राष्ट्रहरु तयार हुने सम्भावना न्यून रहेको छ । त्यसैले औद्योगिक क्षेत्र सञ्चालनका लागि पीपीपीको अवधारणालाई विकल्पको रुपमा अघि सारिएको छ । यो अवधारणामा पहिलो पटक औद्योगिक क्षेत्रको विकास गर्न लागिएको छ ।

सरकारले निजी क्षेत्रलाई जग्गा उपलब्ध गराई औद्योगिक क्षेत्र विकास र सञ्चालनको जिम्मा निजी क्षेत्रलाई दिँदा सरकारले बृहत लगानी गर्न आवश्यक नहुने हुन्छ । औद्योगिक क्षेत्रमा भित्रिएको निजी कम्पनीले नै भौतिक पूर्वाधारसहितको निर्माणको जिम्मा लिन्छन् । दोस्रो, औद्योगिक क्षेत्रमा निजी क्षेत्रको सहभागिता बढे पश्चात रोजगारीको सिर्जना हुन्छ र सरकारलाई राजश्व प्राप्त हुन्छ । हामीलाई आयात प्रतिस्थापन गर्नुपर्ने चुनौती रहेको छ । बाह्य मुलुकबाट कच्चा पदार्थ ल्याएर देशभित्रै उत्पादन गर्नुपर्ने आवश्यकता पनि उत्तिकै छ । अझ, ओभीओआरले छिमेकी देशहरुसँग सडक सञ्जाल जोडिने बित्तिकै नेपालले विश्व बजारमा प्रवेश गर्न सक्ने अवस्था समेत सिर्जना भई सकेको छ ।

अबका दिनमा देशभित्र ठूलाठूला उद्योगहरु खोल्न सकेनौं भने नेपालमा उत्पादित विद्युत् खपत गर्ने समस्या उत्पन्न हुनसक्छ । उत्पादित ऊर्जाको खपतका लागि पनि बाह्य मुलुकहरुबाट ठूलाठूला उद्योगहरु भित्र्याउने पहल थाल्नु जरुरी भइसकेको छ । देशभित्र उत्पादित ऊर्जा यहीँ स्थापित उद्योगमा खपत गरी उत्पादित सामान विदेशी बजारमा बिक्री गर्ने लक्ष्यउन्मुख कार्य अघि बढाउनु पर्दछ । देशलाई आत्मनिर्भर बनाउने दिशातर्फ अघि बढ्ने हाम्रो कदममा नयाँ स्थापना हुने औद्योगिक क्षेत्र उपयुक्त माध्यम बन्नु पर्छ ।

### ५. आत्मनिर्भरताको बाटो

नेपालमा खानीजन्य र जडिबुटीजन्य उद्योगका लागि चाहिने आवश्यक कच्चा पदार्थहरु उपलब्ध रहेका छन् । पछिल्लो समयमा सिमेन्ट उद्योगको स्थापनामा भएको उल्लेख्य वृद्धिले खानीजन्य उत्खनन र उत्पादनका पर्याप्त अवसर रहेको देखिन्छ । जुम्ला, दैलेखलगायतका हिमाली जिल्लामा पर्याप्त

जडिबुटी पाइन्छ। ती जिल्लाहरुमा जडिबुटीमा आधारित उद्योगहरु सञ्चालनका लागि औद्योगिक क्षेत्र स्थापना गर्न सकिन्छ। अहिले हिमाली भेगमा पाइने यार्सागुम्बा तिब्बतको ल्हासामा निर्यात हुने गरेको र त्यसबाट विभिन्न औषधि तयार हुने गरेको छ।

कुखुराको मासुमा नेपाल आत्मनिर्भर भएको छ। तर, दानाका लागि चाहिने कच्चा पदार्थ भने विदेशबाट आयात गर्नुपर्ने बाध्यता रहेको छ। दानाका लागि चाहिने मकैं र भटमास देशभित्रै उत्पादन गर्न सकिने सम्भावना हुँदाहुँदै पनि यसको उत्पादन बढाउन सकिएको छैन। किसानले मकैं र भटमासमा सही मूल्य पाउन नसक्नु यसको प्रमुख कारणको रुपमा रहेको देखिन्छ। कृषकहरुले आफ्नो उत्पादनको सही र उचित मूल्य प्राप्त गर्ने वातावरण नबन्दासम्म कृषि क्षेत्रको उत्पादन वृद्धि गर्न सकिँदैन। यसको औद्योगिक क्षेत्रलाई कृषि क्षेत्रसँग आवद्ध गरी उत्पादन बढाउनका लागि सम्बन्ध स्थापित गराउनुको विकल्प छैन। औद्योगिक क्षेत्रलाई कृषि क्षेत्रसँग जोड्ने गरी सरकारले उपयुक्त नीति तथा कार्यक्रमको सञ्चालन गर्नुपर्ने आवश्यकता देखिएको छ।

### ६.औद्योगिक वातावरणको प्रश्न

विद्यमान ऐन-नियमका प्रावधानहरु अझै पनि उद्योगमैत्री बन्न सकेका छैनन्। उद्योगीहरुले उद्योग स्थापना र सञ्चालन गर्ने क्रममा अझै झन्झटिला प्रणालीहरु पार गर्नुपर्छ। एकद्वार प्रणालीको अवधारणा अघि सारिएको भए तापनि सबै सम्बन्धित प्रकृयालाई त्यस भित्र समेट्न सकिएन। कुनै पनि उद्योगी लगानी गर्न विभिन्न निकायमा चहार्ने अपक्षा नै गर्दैन। सरल र सहज वातावरणमा एकै स्थानबाट सबै काम सम्पन्न होस् भन्ने चाहन्छ।

विगतमा द्वन्द्वको कारण उचित औद्योगिक वातावरण थिएन। अब समय र परिस्थिति बदलिएको छ। नयाँ संविधान जारी भएको छ र स्थिर सरकार गठन भएको छ। अबको गन्तव्य भनेको उपयुक्त औद्योगिक वातावरण सिर्जना गर्न आवश्यक पहल गर्नु हो। ऐन-नियममा समेत सुधार गरी प्रक्रियालाई समेत सरलीकरण र शिघ्र सम्पादन हुने वातावरण तयार गर्नु पर्छ। उदाहरणका लागि, कुनै पनि उद्योगको इआएए गर्नुपऱ्यो भने दुई वर्ष लाग्छ। अब यसलाई समेत सरलीकरण गर्नु पर्छ।

नेपालले डब्लुटिओको सदस्यका हैसियतले यसबाट पर्याप्त लाभ उठाउनुपर्छ। बाह्य मुलुकबाट सस्तोमा कच्चा पदार्थ भित्र्याएर नेपालमा उत्पादन गरी विदेशमा सामानहरु पठाउने वातावरण बनाउनु पर्छ। त्यस्तै, शान्ति र सुरक्षाका हिसाबले पनि औद्योगिक क्षेत्र सुदृढ बन्न पुगेको छ। सरकारले सशस्त्र औद्योगिक सुरक्षा बल खटाएपछि सुरक्षामा सानातिनाबाहेक अरु समस्या समस्या हल भएका छन्।

हामीले औद्योगिकीकरणको माध्यमबाट नै देशलाई माथि उठाउनु पर्छ। बंगलादेश टेक्सटाइल उद्योगबाट माथि उठ्यो, भियतनाम उद्योगकै कारण समृद्ध हुँदै अघि बढेको छ। पाकिस्तान पनि उद्योग-कलकारखानाकै कारण फस्टाएको हो। अब हामीले पनि औद्योगिकीकरणमा जोड दिएर राष्ट्रको उन्नति र समृद्धिका बाटाहरु पहिल्याउनु पर्छ।

-o-

# औद्योगिक क्षेत्रको बिकासका लागि चाल्नु पर्ने कदम

*आयात व्यापार खुल्ला भएका कारण र व्यापार गरेर नै मुनाफा आर्जन गर्न सकिने भएका कारण जोखिम लिएर उद्योगधन्दा सञ्चालन गर्नुको सट्टा लगानीकर्ताहरु आयात व्यापारतर्फ नै केन्द्रित भएका छन् । त्यही कारण पनि उद्योग सञ्चालनका लागि स्वीकृती लिनेको संख्याको अंश विगत दस वर्षमा बढ्नुको सट्टा घट्दै गएको छ ।*



**- प्रेमलकुमार खनाल**

मुलुकको आर्थिक विकासका लागि उद्योग क्षेत्र एक महत्वपूर्ण इन्जिन हो । मुलुकमा औद्योगिक क्षेत्रको विकासले तिव्रता लिन सक्दा मात्र रोजगारीका व्यापक अवसर सिर्जना भई मुलुकमा व्याप्त बेरोजगारीको अवस्थालाई समाधान गर्न सकिन्छ । यसका साथै औद्योगिक क्षेत्रमा लगानी वृद्धि गर्दा उत्पादन र उत्पादकत्वमा वृद्धि हुनुको साथै स्थानीय स्रोत, साधन र प्रविधिको उपयोग भई आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन गर्न मद्दत पुग्दछ । औद्योगिक क्षेत्रको तीव्र विकासले स्वाधीन एवं आत्मनिर्भर अर्थतन्त्रको निर्माण गर्न र वस्तुहरु गुणस्तरीय ढंगले उत्पादन गरी निर्यात गरेर विदेशी मुद्रा आर्जन वृद्धि भई देशको विकास गर्नसमेत मद्दत पुग्ने हुँदा मुलुकमा औद्योगिक विकास गर्न अत्यावश्यक छ ।

नेपालमा वि.सं. १९९४ सालमा कम्पनी कानुन लागु भयो । यस्तै वि.सं. २०१३ सालदेखि योजनाबद्ध रुपमा पञ्चवर्षीय योजना लागू हुँदै आएको छ । आर्थिक वर्ष २०७३/०७४ देखि चौधौं योजना लागु भएको छ । यसरी योजनाबद्ध विकासको थालनी भएको ७२ वर्ष व्यतित भएको छ । तर, विगत ७२ वर्ष यताका हाम्रा विकासका प्रयासहरुअन्तर्गत उद्योग क्षेत्रको विकासको कुरा गर्दा अत्यन्तै निराशजनक र कहालीलाग्दो अवस्था देखिन्छ । अझ मुलुकमा विगत ३ दशकअघिदेखि अवलम्बन गरिएको नवउदारवादी पुँजीवादी अर्थनीतिका कारण त मुलुकमा औद्योगिक क्षेत्रको विकास झन् धरासायी बन्न पुग्यो । निजीकरणका नाममा हरिसिद्धि इँटा टायल उद्योग, हेटौंडा कपडा उद्योग, लुम्बिनी चिनी कारखाना, चिया विकास कम्पनी, हिमाल सिमेन्ट उद्योग, भृकुटी कागज कारखानाजस्ता महत्वपूर्ण उद्योगहरुलाई सरकारले कौडीको मूल्यमा बिक्री वितरण गर्ने काम गऱ्यो । निजीकृत भएका उद्योगहरु कतिपयले आफ्नो उत्पादन नै बन्द गरे । निजीकृत उद्योगबाट न त उत्पादन वृद्धि भयो न त रोजगारी नै वृद्धि भयो ।

विश्वव्यापीकरण र उदारीकरणको सेरोफेरोमा नेपालले सन् २००१ मा विश्व व्यापार संगठन (डब्लूटिओ) को सदस्यता प्राप्त गऱ्यो । विश्व व्यापार संगठनका सदस्य राष्ट्रहरुका वस्तु तथा सेवाहरु बेरोकटोक रुपमा नेपाली बजारमा सहज ढंगले पदार्पण हुने स्थिति बनेपछि नेपालका उद्योगहरुबाट उत्पादित वस्तुहरु फिक्का हुन थाले । स्वदेशभित्र कच्चा पदार्थको अभाव, विदेशबाट आयात गरेर ल्याइने कच्चा पदार्थमा सरकारद्वारा लगाउने गरेको महँगो भन्सार महसुल, स्वदेशभित्र दक्ष जनशक्तिको अभाव हुने तथा पूर्वाधार निर्माणको कमी, उद्यमशीलता र पुँजीको अभाव र आधुनिक प्रविधिको प्रयोग हुन नसक्दा नेपाली उद्योगहरु धरासायी बन्न पुगे । वास्तवमा उदारीकरणको नीतिले 'सक्छौं प्रतिस्पर्धा गर, अर्थात् पोखरीमा कुशलतापूर्वक पौडने कार्य गर, सक्दैनौ डुबेर मर' अर्थात् "सरभाइबल द फिटेस्ट" जस्ता

नीति लिने गरेको छ, यसले गर्दा पनि नेपालमा उद्योग क्षेत्रको विकास पछाडि धकेलिन पुगेको हो ।

नेपालमा उद्योग क्षेत्रको अवस्था झन् नाजुक रहेको तथ्य आर्थिक सर्भेक्षण २०७३/०७४ ले पनि उजागर गरेको छ । २ दशक अगाडि कुल गार्हस्थ उत्पादनमा उद्योग क्षेत्रको योगदान १०/११ प्रतिशतको हाराहारीमा रहेको थियो । तर, विगत १० वर्षमा यो योगदान क्रमशः घट्दै गएको छ । कुल गाहर्स्थ उत्पादनमा उद्योग क्षेत्रको योगदान आ.व. २०७०/७१ मा ६.०२ प्रतिशत, आ.व. २०७१/७२ मा ६.०० प्रतिशत, आ.व. २०७२/७३ मा ५.८ प्रतिशत र आ.व. २०७३/७४ मा ५.०६ प्रतिशत र २०७४/०७५ मा ५.०४ प्रतिशतको हाराहारीमा मात्र रहन पुगेको छ भने उद्योग क्षेत्रबाट राष्ट्रिय रोजगारीमा करिब ६.६ प्रतिशत मात्र योगदान पुगेको छ । यस्तै, औद्योगिक उत्पादनको दर आ.व. २०७०/०७१ मा ६.३ प्रतिशत, आ.व. २०७१/०७२ मा ०.४ प्रतिशत मात्र, आ.व. २०७२/०७३ मा ०.८ प्रतिशत, आ.व. २०७३/०७४ मा ९.७ प्रतिशत र आ.व. २०७४/०७५ को ८ महिनासम्ममा ८ प्रतिशत रहेको छ । बर्सेनि श्रम बजारमा ५ लाखको संख्यामा श्रमशक्ति पदार्णपण हुने गरेको छ । तर, उद्योग क्षेत्रबाट न्यून मात्रको राष्ट्रिय रोजगारीमा भएको योगदानले मुलुकमा बेरोजगारीको संख्या झन् भयावह बन्ने स्थिति देखिएको छ ।

औद्योगिक विकास नहुनुमा राजनीतिक अस्थिरता, उद्योग क्षेत्रमा सरकारको प्रोत्साहनमूलक नीतिको अभाव, उद्यमशीलताको अभाव, लगानीकर्तासँग स्वपुँजीको अभाव, औद्योगिक पूर्वाधारहरुको पर्याप्त विकास नहुनु, विद्युत आपूर्तिमा न्यूनता, दक्ष जनशक्तिको अभाव आदि कारणहरुबाट उत्साहजनक ढंगले लगानीकर्ताहरुले उद्योग क्षेत्रमा लगानी गर्न रुचि राखेका छैनन् । नवउदारवादी अर्थनीति अन्तर्गत व्यापार गरेर मुनाफा राम्रो हुने भएका कारण पनि उद्योगमा लगानी गर्नको सट्टा व्यापार गरेर मुनाफा हासिल गर्न व्यापारिक पुँजीवादले प्रश्रय पाएको छ । आयात व्यापार खुल्ला भएका कारण र व्यापार गरेर नै मुनाफा आर्जन गर्न सकिने भएका कारण जोखिम लिएर उद्योगधन्दा सञ्चालन गर्नुको सट्टा लगानीकर्ताहरु आयात व्यापारतर्फ नै केन्द्रित भएका छन् । त्यही कारण पनि उद्योग सञ्चालनका लागि स्वीकृती लिनेको संख्याको अंश विगत दस वर्षमा बढ्नुको सट्टा घट्दै गएको छ ।

उद्योग क्षेत्रको विकास गरी देशलाई आत्मनिर्भर बनाउन नसक्दा र दैनिक उपयोग्य वस्तुदेखि निर्माण सामग्रीका सबै वस्तु आयात गरेर धान्नु पर्दा देश र जनताले कस्तो दुःख, कष्टको अवस्था व्यहोर्नुपर्ने रहेछ भन्ने कुरा विगत २ वर्ष अगाडि भारतले लगाएको नाकाबन्दीबाट स्पष्ट भइसकेको छ । त्यसो त, उद्योगको विकास नहुनुमा नवउदारवादी नीति जिम्मेवार छ । साथै, विनाशकारी भूकम्पका कारक पनि उद्योग क्षेत्रमा भएको क्षतिले उद्योग क्षेत्रको योगदान घट्न पुगेको छ । थुप्रै औद्यौगिक संरचनाहरु भूकम्पका कारक क्षतिग्रस्त बनेका छन् । विद्युत आपूर्तिमा कमी र अवरोध, वाणिज्य बैंकहरुको उत्पादनशील क्षेत्रमा भन्दा रियलस्टेट, आवास र उपयोग्य क्षेत्रमा लगानी गर्ने नीतिका कारण उद्योग क्षेत्रमा भइरहेको न्यून लगानी, नेपाली उद्योगबाट उत्पादित वस्तुहरुको विकासमा खास गरी भारतीय बजारमा हुने गरेको अवरोधजस्ता कारणले पनि नेपालमा उद्योग क्षेत्रको विकास पछाडि पर्दै गएको छ ।

उद्योग क्षेत्रको विकासका लागि सुमधुर औद्योगिक सम्बन्ध हुन अपरिहार्य छ । श्रमिकहरुलाई न्यूनतम श्रम मापदण्ड बमोजिमको तलब सुविधाका साथै सामाजिक सुरक्षाका सुविधा र उनीहरुको वृत्ति विकासलाई ध्यान दिनुपर्दछ । तर, नेपालमा अत्यन्तै न्यून पारिश्रमिकमा काम लगाउने, रोजगारीमा

संलग्नहरुलाई नियुक्तिपत्र नदिने, सामाजिक सुरक्षाअन्र्तगत आर्थिक सुविधा प्रदान नगर्ने र श्रमिकहरुको ट्रेड यूनियन अधिकारलाई सम्मान गर्दै निर्वाध ढंगले उपभोग गर्न नदिने गरेका कारण श्रम समस्या उत्पन्न हुने गरेको छ। लगानीकर्ताहरु यस्तो समस्या उत्पन्न हुने बित्तिकै उद्योगधन्दा बन्द गर्ने र पुनः अर्को व्यवसाय सञ्चालन गर्नेतर्फ लाग्ने गरेका कारण पनि उद्योगहरुको विकासमा समस्या उत्पन्न हुने गरेको पाइएको छ।

मुलुकमा व्यापारिक पुँजीवादले न त उत्पादन वृद्धि गर्छ, न त रोजगारी नै वृद्धि गर्दछ। अतः मुलुकलाई औद्योगिकीकरणको दिशाबाट अगाडि बढाउन बाहेक मुलुकको विकास समृद्धि र आत्मनिर्भर अर्थतन्त्र निर्माणमा लागि अर्को विकल्प छैन। नेपालको संविधानले स्वाधीन, आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्दै समाजवादको आधार निर्माण गर्ने लक्ष्यमा लिएको छ। यसका साथै राष्ट्रिय अर्थतन्त्रको विकासका लागि राष्ट्रिय उद्योगधन्दाको विकास र साधन, स्रोतको संरक्षण र प्रवर्द्धन गरी नेपाली श्रम, सीप र कच्चा पदार्थमा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिने, राष्ट्रिय हितअनुकूल आयात प्रतिस्थापन गर्ने, निर्यात प्रवर्द्धनका क्षेत्रमा वैदेशिक पुँजी तथा प्रविधिको लगानीलाई आकर्षित गर्दै पूर्वाधार विकासका क्षेत्रमा लगानी वृद्धि गर्ने मुलुकको आर्थिक नीति रहने संविधानमा उल्लेख गरिएको छ।

संविधानले दिशाबोध गरेको बाटोबाट मुलुकको आर्थिक विकासलाई अगाडि बढाउनका लागि अर्थतन्त्रमा उद्योग क्षेत्रको योगदानलाई वृद्धि गरी आर्थिक रुपान्तरण र सुदृढ अर्थतन्त्र निर्माण गर्ने रणनीतिक सोचका साथ मुलुकमा औद्योगिकीकरणको प्रक्रियालाई अगाडि बढाउनु पर्दछ। औद्योगिकीकरणको प्रक्रियाबाट रोजगारीमा वृद्धि, निर्यात प्रवर्द्धन र आयात प्रतिस्थापन गरी आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्ने लक्ष्यका साथ अगाडि बढाउनु पर्दछ। मुलुकमा औद्योगिकीकरणको थालनीबाट देशमा विद्यमान गरिबी, बेरोजगारी र आर्थिक असमानता हटाउन मद्दत पुऱ्याउनु पर्दछ।

हाम्रो सन्दर्भमा सामाजिक विकास र मानवीय न्यायमा आधारित (Industrilization With Human Face) औद्योगिक विकासको दिशा तय हुनु पर्दछ। औद्योगिकीरणको थालनीसँगै कृषि क्षेत्रको विकास अनिवार्य माध्यम भएको हुँदा कृषि क्षेत्रको क्रान्तिलाई औद्योगिक विकासको आधारको रुपमा लिनु पर्दछ। तसर्थ कृषि र उद्योग क्षेत्रको विकासलाई एक अर्कोसँग सम्बन्धित ठानेर विकास गर्न जरुरी छ। औद्योगिकीकरणको प्रारम्भिक चरणमा घरेलु, साना तथा मझौला उद्योगहरुको विकासलाई उच्च प्राथमिकता दिनु पर्दछ। यस्तै औद्योगिकीकरणका लागि विद्युत, यातायात, सञ्चार, खानेपानी, विमानस्थलजस्ता भौतिक पूर्वाधारहरुको विकासमा सरकारले उच्च प्राथमिकता दिनु पर्दछ। औद्योगिकीकरणको थालनीको रुपमा सन्तुलित क्षेत्रीय विकासको अवधारणाअनुरुप ७ वटै प्रदेश स्तरमा समान ढंगले औद्योगिक गतिविधि बढाउने नीति अवलम्वन गर्नं पर्दछ। औद्योगिक विकासका लागि पुँजीको स्रोत जुटाउन जरुरी हुन्छ। यसका लागि राष्ट्रिय हितअनुकूल वैदेशिक लगानीका साथै रेमिट्यान्स रकमलाई उद्योगमा लगानी गर्ने नीति र बैंकहरुलाई उत्पादनशील क्षेत्रमा लगानी वृद्धि गर्न आर्थिक र मौद्रिक नीति अवलम्वन गर्नं पर्दछ। यसै गरी उद्योगहरुबाट उत्पादित वस्तु तथा सेवाको आन्तरिक बजारको सुनिश्चितता गर्न र विकासका लागि सरकारबाट सुस्पष्ट योजना बनाई प्रभावकारी कार्यान्वयन गर्न जरुरी देखिन्छ।

मुलुकको औद्योगिकीकरणको प्रक्रियालाई अगाडि बढाउन प्रथमतः उद्योगहरुलाई आवश्यक पर्ने पूर्वाधारको व्यवस्था गर्न नीति निर्माण र कार्यान्वयनमा जोड दिनु पर्दछ। **दोस्रो,** मुलुक

संघीयतामा गइसकेको र मुलुकको आर्थिक विकासलाई सन्तुलित ढंगले अगाडि बढाउन ७ सय ५३ वटै गाउँपालिका/नगरपालिकामा स्थानीय विशेषता, माटो, हावापानी र कच्चा पदार्थको उपलब्धताका आधारमा उद्योग स्थापना गर्ने नीतिका साथ स्थानीय स्रोत एवं सीपको विकास गरी लघु, घरेलु, साना, मझौला तथा ठूला उद्योगहरुको स्थापना र सञ्चालनमा जोड दिनु पर्दछ। **तेस्रो,** प्रत्येक प्रदेश हुँदै निर्वाचन क्षेत्र स्तरसम्म औद्योगिक ग्राम स्थापना गरी सञ्चालन गर्न त्यसको अनुगमन र व्यवस्थापन गर्नका लागि नीतिगत एवं कानुनी व्यवस्था गरी हालको औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडको संगठनात्मक संरचनालाई पुनर्संरचना गरी 'राष्ट्रिय औद्योगिक क्षेत्र व्यवस्थापन प्राधिकरण' गठन गर्नु पर्दछ। **चौथो,** ७ वटै प्रदेशमा मेगा प्रोजेक्टअन्तर्गत सिमेन्ट कारखाना, दुग्धजन्य पदार्थ उद्योग, कागज कारखाना, कपडा कारखाना, रासायनिक मल कारखानाजस्ता उद्योगहरुका साथै हस्तकला ग्रामहरुको स्थापना र सञ्चालन गर्न जोड दिनुपर्दछ । **पाँचौ,** नेपाल जडिबुटीका हिसाबले पनि धनी मुलुक रहेको हुँदा जडिबुटीबाट अधिकतम फाइदा लिन जडिबुटी प्रशोधन तथा जडिबुटीमा आधारित औषधिजन्य वस्तुको उत्पादन र निर्यातमा जोड दिनुपर्दछ **। छैठौं,** राष्ट्रिय हित हुने गरी उद्योग क्षेत्रमा वैदेशिक लगानीलाई आकर्षित गर्न नीतिगत एवं कानुनी सुधार गर्नुका साथै पूर्वाधार क्षेत्रको विकासलाई उच्च प्राथमिकता दिनु पर्दछ **। सातौं,** उद्योग क्षेत्रको विकासका लागि उद्यमशीलताको भावना विकास गर्न र दक्ष सीपयुक्त जनशक्तिको विकासका लागि कम्तीमा हरेक निर्वाचन क्षेत्रस्तरमा घरेलु तथा सीप विकास तालिम केन्द्रको कार्यालय खडा गरी नियमित रुपमा तालिम प्रदान गरी उद्योग क्षेत्रमा आवश्यक पर्ने जनशक्ति उत्पादन गर्नु पर्दछ। **आठौं**, सीपयुक्त जनशक्तिलाई लघु तथा साना घरेलु उद्योग सञ्चालन गर्न पुँजीको अभाव पर्दा सुलभ ढंगले सस्तो दरको बैंक कर्जा उपलब्ध गराउने नीति अवलम्बन गर्नु पर्दछ । **नवौं,** औद्योगिक उत्पादनका वस्तुहरुको गुणस्तर कायम गरी गुणस्तरयुक्त वस्तुहरुको निर्यात गर्न, स्थानीय स्तरमा नै गुणस्तर परीक्षण इकाई कार्यालय स्थापना गरी नियमित ढंगले उत्पादित वस्तुहरुको गुणस्तर परीक्षणमा ध्यान दिनु पर्दछ। **दसौं,** नेपालबाट भारतलगायत तेस्रो मुलुकमा उत्पादित वस्तु निर्यात गर्दा उत्पन्न हुने अवरोध र निर्यात बापतको उच्च लागत घटाउन आर्थिक कुटनीतिका माध्यमबाट पहल गरी व्यवस्थित गर्नुपर्दछ। **एघारौं,** नेपाली उद्योगहरुका लागि आवश्यक पर्ने कच्चा पदार्थ आयात गर्दा भन्सार विन्दुमा लाग्ने उच्च दरको भन्सार करको दरलाई घटाई न्यून गर्नु पर्दछ र यसो हुँदामात्र नेपाली उद्योगबाट उत्पादित वस्तुको मूल्य सस्तो पर्न गई आन्तरीक उपभोग दर वृद्धि हुनुको साथै निकासी व्यापारमा पनि अभिवृद्धि हुन्छ र नेपाली उद्योगहरुबाट उत्पादित वस्तुहरुको सार्वजनिक कार्यालयहरुमा अनिवार्य प्रयोग गर्ने व्यवस्था गर्नु पर्दछ । **बाह्रौं,** खानीजन्य उद्योगको विकासका लागि खनिज अन्वेषण गरी खनिज उद्योगको स्थापना गरेर पत्थर, हिराजस्ता बहुमूल्य वस्तुहरुको निकासी गरी निकासी व्यापारलाई प्रवर्द्धन गर्नु पर्दछ। **तेह्रौं,** उद्योग क्षेत्रको विकास, विस्तार र सञ्चालनका लागि पर्याप्त विद्युत् आपूर्ति हुन जरुरी छ। अतः विद्युत् उत्पादनका लागि उच्च प्राथमिकता दिई उद्योग क्षेत्रको माग अनुरुपको आपूर्ति गर्ने व्यवस्था मिलाउनु पर्दछ। चौधौं, सार्वजनिक संस्थानअन्तर्गतका रुग्ण उद्योगहरुको पहिचान र विश्लेषण गरी बेलआउट कार्यक्रमबाट सुचारु रुपले सञ्चालन गर्नं पर्दछ।

**(लेखक, पेसागत महासङ्घ नेपालको वरिष्ठ उपाध्यक्ष हुनुहुन्छ)**

-०-

# औद्योगिक क्रान्ति : समृद्ध नेपाल र सुखी नेपाली

*मुलुक औषधीय गुणले युक्त हजारौं प्रकारका जडिबुटी, दुर्लभ वन्य तथा खनिज पदार्थले परिपूर्ण छ । यसको संरक्षण, प्रशोधन र समुचित प्रयोग गरेमा ठूलो आर्थिक स्रोत जुट्न सक्छ । मुलुकमा कृषि, फलफूल, वन्यजन्तु, खनिज, जडिबुटी आदि स्वदेशी कच्चा पदार्थमा आधारित हजारौं कुटिर, घरेलु, साना, मझौला र ठूला उद्योगहरु स्वतस्फूर्त रुपमा खुल्न सक्छन् ।*



**-गिरिराज भण्डारी**

## पृष्ठभूमि :

१८औं शताब्दीमा युरोपमा सुरु भएको पुनर्जागरण अभियान र औद्योगिक क्रान्तिसँगै आधुनिक कारखाना प्रणालीको उदय भएको हो । हस्तकलामा आधारित घरेलु तथा कुटिर उद्योगहरु, बाफ, कोइला र विद्युतीय शक्तिमा आधारित उद्योगसँगै क्रमशः विस्थापित हुँदै गए । आधुनिक मुद्राको आविष्कारसँगै वस्तु विनिमय प्रणालीलाई विस्थापित गर्दै आधुनिक बैंकहरुको विस्तार हुँदै आएको हो । यसरी युरोपको औद्योगिक क्रान्तिले संगठित कारखाना प्रणाली र बैंक तथा वित्तीय संस्थामार्फत् व्यापार, वाणिज्य, आर्थिक कारोबारलाई विस्तार गर्दै लग्यो ।

अत्याधिक मात्रामा पुँजीको केन्द्रिकरण हुन थालेपछि यसले राष्ट्रिय सिमा नाघेर अन्तर्राष्ट्रिय रुप लिन थाल्यो । यसरी विकास हुँदै गएको पुँजीवादले राजकीय पुँजीवाद र बहुराष्ट्रिय कम्पनीको रुपमा विकास गर्दै साम्राज्यवादमा विस्तारित भयो । विभिन्न मुलुकमा व्यापार, वाणिज्यको विस्तार र प्राकृतिक स्रोतको प्राप्तिको निम्ति विभिन्न विकसित मुलुकबीच हानाथाप र युद्ध हुन थाल्यो । त्यसपछि क्रमशः प्रथम र द्वितीय विश्वयुद्ध निम्तिए । यी भयानक युद्धपछि वैचारिक युद्ध, शीतयुद्ध हुँदै अहिले विश्व आर्थिक युद्ध र प्रतिस्पर्धाको चरणमा प्रवेश गरेको छ । यसरी सुरुवात भएको औद्योगिक क्रान्तिको समय परिवर्तनसँगै विज्ञान, सूचना, प्रविधि, यातायातको विकास र विस्तारको फलस्वरुप हाल विश्व भूमण्डलीकृत र एकीकृत बन्न पुगेको छ ।

## १. औद्योगिक विस्तारको महत्व

विकासको दौडमा सर्वत्र दौडिरहेका मुलुकहरुले राष्ट्र र जनताको प्रगतिको निम्ति मुलुकको औद्योगिकीकरण, विद्यमान स्रोत, साधनको अधिकतम प्रयोग, राष्ट्रिय उत्पादन, व्यापार, वाणिज्य र आर्थिक गतिविधिलाई नै प्रमुख अस्त्र बनाएका छन् । यातायात, विज्ञान, सूचना प्रविधि र शिक्षाले यसैलाई मलजल प्रदान गर्दै बल पुऱ्याइरहेको छ । फलस्वरुप, विकसित मुलुकहरुले आफ्नो राष्ट्रमा औद्योगिकीकरणलाई तिव्रतर पार्न उद्योगधन्दालाई सहुलियत प्रदान गर्नुका साथै नगर, ग्राम, जिल्लाहरुमा औद्योगिक क्षेत्र, विशेष आर्थिक क्षेत्र (SEZ) औद्योगिक ग्राम, औद्योगिक करिडोरहरुलाई योजनाबद्ध

रुपमा विकास र विस्तार गर्दै लगेका हुन् । आज कुनै पनि राष्ट्रको प्रगतिको आधार भनेकै मुलुकको औद्योगिकीकरण, पूर्वाधार निर्माण, राष्ट्रिय उत्पादन, रोजगारी, व्यापार, वाणिज्य, सूचना प्रविधिको विकास, विस्तार र आर्थिक गतिविधि नै बनेको छ ।

विगत करिब एक शताब्दी पहिला साम्राज्यवादी मुलुकहरुको उपनिवेश बनेका मुलुकहरु मुक्तिको संघर्ष र स्वतन्त्रतापश्चात् मुलुकको औद्योगिकीकरण, स्रोत साधन र जनशक्तिको अधिकतम प्रयोग र व्यापार, वाणिज्य एवं आर्थिक गतिविधिको विस्तारसँगै आज विकसित राष्ट्रको पंक्तिमा उभिएका छन् । भारत, चीन, दक्षिण कोरिया, जापान, मलेसिया, कतार, साउदी अरेविया, संयुक्त अरब इमिरेट्स, बहराइन, कुवेत, ओमान, सिंगापुर, अस्ट्रेलिया आदि यसका ज्वलन्त उदाहरण हुन् ।

## २. नेपालमा विद्यमान स्रोत, साधन र सम्पदा

करिब ३ करोड जनसंख्या भएको, १,४७,१८१ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको पूर्व, दक्षिण र पश्चिममा भारत र उत्तरमा चीनबाट घेरिएको नेपाल एउटा भूपरिवेष्ठित मुलुक हो । करिब ७ दशकअघिसम्म आफै आत्मनिर्भर छिमेक र विश्वकै कतिपय मुलुकमा खाद्यान्न तथा आफ् नो कलात्मक वस्तु निर्यात गर्ने मुलुक आज परनिर्भर मात्र बनेको छैन, फलस्वरुप मुलुकमा व्यापार घाटा मौलाएको छ । आज नेपालले आयात गर्ने इन्धन, तयारी सामग्री, खाद्यान्न, लत्ताकपडा, तरकारी, फलफूलगायतका अत्यावश्यक वस्तु खरिदले दैनिक आँकडा थपिरहेको छ । आज प्रत्येक नेपालीको थाप्लोमा ३० हजारभन्दा माथिको ऋण छ । कहिल्यै कसैको उपनिवेश र दास नबनेको मुलुक आज चरम गरिबी र पिछडिएको अवस्थामा कसरी पुग्यो ? अब सिंगो राष्ट्रका जनताले गम्भीरतापूर्वक खोजी गर्नु र त्यसलाई सुधारेर अगाडि बढ्नु आवश्यक छ ।

नेपाल प्राकृतिक स्रोत साधनले सम्पन्न धनी राष्ट्र हो । हिमाल, पहाड र तराईजस्ता विश्वकै सबै प्रकारको जलवायु भएको राष्ट्र हो, नेपाल । सबै प्रकारको कृषिको निम्ति योग्य, जलस्रोत, खनिज सम्पदा, वन्यजन्तु, जडिबुटी, विश्वकै सर्वोच्च शिखर सगरमाथासमेत हजारौं हिमशृंखलाले परिपूर्ण छ, हाम्रो देश । बुद्ध, जनक, सीता, भृकुटीजस्ता तपस्वी र होनहार अग्रजहरुले सुशोभित राष्ट्र हो, हाम्रो देश । शिव-पार्वतीले विचरण गरेको हाम्रो देशमा कला, संस्कृति, सभ्यता एवं प्रसिद्ध धार्मिक तीर्थस्थलहरुले सम्पन्न छ । जलस्रोतमा विश्वकै दोस्रो धनी देश नेपालले ८० हजारभन्दा बढी मेघावाट बिजुली उत्पादन गर्ने क्षमता राख्दछ । जल विद्युत्को विकास र निर्यातले मात्र पनि नेपाली जनताको ठूलो आवश्यकता पूरा हुन्छ । सबै प्रकारको खेतीको निम्ति उपयुक्त रहेकाले कृषिको व्यावसायिक उत्पादनको निम्ति सिँचाइ, दक्ष जनशक्तिको उत्पादन, उन्नत जातका बिउविजन, मलखाद आदिको समुचित प्रयोग गरेर योजनाबद्ध रुपमा विकास गर्ने हो भने देश कृषिमा आत्मनिर्भर मात्र होइन, निर्यात गर्ने क्षमता स्वाभाविक रुपमा हात पार्दछ ।

१९५० मा बेलायतबाट स्वतन्त्र भएको राष्ट्र मलेसियाले Genting Hiland जस्तो सुख्खा डाँडामा कृत्रिम चिस्यान वाष्पीकरण गरी शितलता प्रदान गर्दै पर्यटकीय मनोरञ्जनका साधन र स्तरीय

होटलको व्यवस्थापन गरेर लाखौं आन्तरिक एवं बाह्य पर्यटक भित्र्याएर करोडौं कमाइ गरिरहेको छ। हाम्रो नेपालमा सुख्खा होइन, हजारौं हराभरा डाँडाकाँडा छन् । सयौं हिमशृंखलाहरु छन् । पशुपतिनाथ, लुम्बिनी, जनकपुर, मुक्तिनाथ, स्वर्गद्वारी, रारा, फेवा, खप्तड क्षेत्र आदि सहित हजारौं प्रमुख पर्यटकीय स्थल छन् । जसमा पूर्वाधार, यातायात, होटलको सुविधा र प्रचार गरी लाखौं पर्यटकहरु भित्र्याएर प्रत्यक्ष-अप्रत्यक्ष रुपमा करोडौं डलर कमाउन सकिन्छ ।

मुलुक औषधीय गुणले युक्त हजारौं प्रकारका जडिबुटी, दुर्लभ वन्य तथा खनिज पदार्थले परिपूर्ण छ । यसको संरक्षण, प्रशोधन र समुचित प्रयोग गरेमा ठूलो आर्थिक स्रोत जुट्न सक्छ । मुलुकमा कृषि, फलफूल, वन्यजन्तु, खनिज, जडिबुटी आदि स्वदेशी कच्चा पदार्थमा आधारित हजारौं कुटिर, घरेलु, साना, मझौला र ठूला उद्योगहरु स्वतस्फूर्त रुपमा खुल्न सक्छन् । अर्थात् नेपाल साधन स्रोतले सम्पन्न धनी राष्ट्र हो । नेपाली जनता गरिब होइनन्, गरिब बनाइएका हुन् । हिजोको जहानियाँ शासन, पञ्चायती व्यवस्थाले जनतालाई दिशाविहीन बनाएर चरम शोषण गर्‍यो । बहुदलीय व्यवस्थापश्चात् पनि कहिल्यै स्थिर सरकार बनेन र बनेका सरकारको नेतृत्व र नोकरशाही तन्त्र, आफ्नो स्वार्थ, पद, भ्रष्टाचार, कमिसनबाट माथि उठ्न सकेन । यद्यपि, उक्त कालखण्डमा इमानदार नेतृत्वबाट केही प्रयास नभएका होइनन् तर पनि राजनीतिक अस्थिरता एवं वैदेशिक दबाबले निरन्तरता पाउन सकेन । नेपाली जनता मिहिनेती र इमानदार छन् । मुलुकमा अनुकूल वातावरण नभएर आन्तरिक जनशक्ति पलायन हुन बाध्य छ ।

मुलुक यस्तो विषय अवस्थाबाट संविधानसभा हुँदै नयाँ संविधान र आम चुनावको माध्यमबाट स्थिर सरकारको चरणमा प्रवेश गरेको छ । हाल स्थानीय, प्रदेश र संघीय बहुमतसहितका सरकार बनेका छन् । संघीय सरकारले समृद्ध नेपाल र सुखी नेपालीको नारासहित मुलुक निर्माणको केही मार्गचित्र पनि अगाडि सारेको छ । दशकौंदेखि अस्थिर सरकार, भ्रष्टाचार, ढिलासुस्ती, बेरोजगारी, अकर्मण्यता, वैदेशिक दबाब र मुलुकको भद्रगोल अवस्थाबाट वाक्कदिक्क भएका जनताले एमाले र माओवादी मिलेर बनेको नेकपालाई सबै स्तरको सरकारमा करिब दुई तिहाई सिट दिएर जिताएका छन् । राष्ट्र र जनताले प्रगतिको ठूलो आशा र अपेक्षा राखेका छन् । तसर्थ, यो सरकारलाई जनताको भरपूर समर्थन छ र बहाना गर्ने वा असफल बन्ने कुनै छूट छैन ।

मुलुकको निर्माणका निम्ति मित्र राष्ट्रहरुबाट आवश्यक सहयोग लिन पनि सकिने अवस्था छ । मुलुकमा पुँजी जुटाउन सक्ने पर्याप्त आधारहरु पनि रहेका छन् । अब आवश्यक छ, स्पष्ट दृष्टिकोण (Vision) ठोस मूर्त योजना र प्रतिबद्धता (Plan and Mission) र त्यसको समयबद्ध कार्यान्वयन (Acation) ।

## ३. नेपालको औद्योगिक विकास

नेपाल प्राचीन कालदेखि नै हस्तकलामा आधारित घरायसी सामग्री र कलात्मक वस्तु तथा अनाज उत्पादन र निर्यात गर्दै आएको मुलुक हो । चीन, भारत, तिब्बत, भूटान आदि मुलुकमा यसका

वस्तु र सेवाहरु प्रवाह भएको होयन साङको यात्रा वृत्तान्त, अरनिको जीवनगाथा र प्रसिद्ध कवि तथा साहित्यकार लक्ष्मीप्रसाद देवकोटाको 'मुना-मदन' जस्ता काव्य, गोपाल वंश, लिच्छविकाल, मल्लकाल, एकीकरणपश्चातको शाह वंशको इतिहासले यो तथ्यलाई छर्लङ्ग पार्दछन् । यद्यपि, यी परम्परागत हस्तकलामा आधारित घरायसी सामग्री र कृषि सामग्रीहरु नै थिए । विश्वभर चलिरहेको पुनर्जागरण, औद्योगिकीकरण, साम्राज्यवादी मुलुकका लहरले नेपाल पनि अछुतो रहन सकेन । नेपाल पनि औद्योगिक कारखाना प्रणालीको ढोकामा प्रवेश गऱ्यो ।

नेपालमा वि.सं. १९८७ माबनेको उद्योग परिषद्लाई यसको सुरुवाती श्रेय दिइन्छ । यद्यपि, वि.सं. १९९३ (सन् १९३६) मा विराटनगर जुट मिलको स्थापनासँगै नेपालमा औद्योगिक कारखाना प्रणालीको थालनी भएको मानिन्छ । त्यसपछि नै कैयन् औद्योगिक, कारखाना, वित्तीय संस्थाहरु क्रमशः खुल्दै आएका हुन् । यसरी औद्योगिक र कारखाना प्रणालीको थालनी भए पनि नेपालमा संगठित औद्योगिक क्षेत्रको स्थापना र थालनी २०१६ सालमा अमेरिकी सहयोग नियोग USAID र नेपाल सरकारको संयुक्त प्रयासमा बालाजु औद्योगिक क्षेत्रको स्थापनापछि नै भएको हो । २०१७ सालसम्म नेपालमा जम्मा ६३ वटा सार्वजनिक संस्थान र कारखानाहरु रहेको तथ्यांक भेटिन्छ । बालाजु औद्योगिक क्षेत्रको स्थापनासँगै क्रमशः पाटन, हेटौंडा, धरान, नेपालगञ्ज, पोखरा, बुटवल, भक्तपुर, वीरेन्द्रनगर र राजविराजमा संगठित औद्योगिक क्षेत्रको विस्तार हुँदै आयो । झापा, मोरङ, बारा, पर्सा, हेटौंडा, नवलपरासी, रुपन्देही आदि जिल्लाका प्रमुख सहरहरुमा औद्योगिक करिडोरहरु विस्तार हुँदै आएका छन् । संगठित औद्योगिक क्षेत्रमा करिब ७ सय उद्योग छन् भने सहरका करिडोरमा तथा अन्य स्थानमा गरी करिब १० हजार साना, मझौला, ठूला र बहुराष्ट्रिय उद्योगहरु रहेका छन् । स्वदेशमा साना, ठूला उद्योगमा करिब १५ हजार कामदारले प्रत्यक्ष र २ लाख नागरिकले अप्रत्यक्ष रोजगार पाएका छन् । हाल मुलुकमा विद्यमान उद्योगहरुले कुल ग्राहस्थ उत्पादनको १३.५० प्रतिशत मात्र योगदान गर्दछ भने देशमा विद्यमान रोजगारीमध्ये १२ प्रतिशतले मात्र औद्योगिक काममा रोजगारी पाएका छन् । मुलुकमा विद्यमान उद्योगहरुमध्ये करिब ७ प्रतिशत उद्योग मात्र संगठित क्षेत्रमा छन् भने ९३ प्रतिशत उद्योग विभिन्न निजी करिडोर तथा यत्रतत्र सञ्चालनमा छन् ।

## ४. समस्या र समाधान

### (क) औद्योगिक क्षेत्रहरुको निर्धारण :

सरकारले यसअघि स्थापना गरेका १० वटै औद्योगिक क्षेत्रहरु हाल भरिभराउ छन् । असंगठित रुपमा यत्रतत्र छरिएका उद्योगले हाल जोखिम मोलेका छन् । सरकारी जग्गामा अतिक्रमण बढ्नु र निजी जग्गा प्लटिङमा परिणत भएका कारण पनि औद्योगिक क्षेत्रको माग बढ्दो छ । सरकारले मुलुकमा विद्यमान समग्र जग्गाहरुको निम्ति भूउपयोग नीति बनाई तदनुरुप औद्योगिक, वनजंगल, बस्ती, पर्यटकीय स्थल, मनोरञ्जन स्थल, खेती, बजार, सैन्य, सरकारी भवन आदि विविध क्षेत्रको निम्ति जग्गा छुट्याई संरक्षण गर्नु र तदनुरुपको गुरुयोजनाको कामलाई अगाडि बढाउनु पर्दछ । खासगरी, पूर्व-पश्चिम तराईका क्षेत्रमा औद्योगिक प्रयोजनको निम्ति आवश्यक सन्तुलित विकास, कच्चा सामग्रीको

सुगमता, बजार र यातायातको अनुकूलता, पूर्वाधारको निम्ति सुगमता, सुरक्षा, बिजुली, पानी, ढल, उद्योगको माग अनुसारका क्षेत्रहरु निर्धारण गरी कम्तिमा २० देखि ४० वटा औद्योगिक क्षेत्रहरु छुट्याएर घोषणा गर्नु पर्दछ । यी क्षेत्र मानव बस्तीबाट टाढा र वनजंगल सटेका स्थान बढी उपयुक्त हुन सक्छन् । हाल औद्योगिक क्षेत्रको विस्तारको निम्ति प्रमुख अवरोध जग्गाको अनुपलब्धता नै रहेको छ । तसर्थ अब मुलुकलाई योजनाबद्ध रुपमा समृद्धिको दिशामा अगाडि बढाउने हो भने उल्लेखित कामलाई द्रुत गतिमा अगाडि बढाउनु पर्दछ । पहाडी जिल्लामा मझौला र ठूला उद्योगको लागि पूर्वाधार, यातायात, बजार आदि कारणले उपयुक्त नहुन सक्छ । हरेक जिल्लामा आआफ्नै विशेषता भएकोले स्थानीय उपलब्धतामा आधारित रहेर घरेलु, कुटिर र साना उद्योगको लागि उपयुक्त हुन्छ । तसर्थ, क्षेत्रगत अनुसार मुलुकभर साना, मझौला र ठूला उद्योगको क्षेत्र निर्धारणसँगै 'हब' को रुपमा रुपान्तरण हुनसक्छ ।

## (ख) औद्योगिक नीति र कानुनको तर्जुमा

हाम्रो मुलुकलाई औद्योगिक रुपमा के कस्तो बनाउने ? समग्रतामा मुलुकको परिवर्तित अवस्थालाई सम्बोधन गर्ने गरी औद्योगिक नीति बनाउने र त्यसलाई कानुनी आधार दिएर त्यसको विधि र प्रक्रिया निर्धारण गर्ने कामलाई अगाडि बढाउनु पर्दछ। नेपाल सरकारको उद्योग मन्त्रालयको पहलमा जारी गरिएको औद्योगिक नीति २०६७ एउटा नयाँ र प्रगतिशील फड्को हो । देशमा नयाँ संविधान बनेपछि देश संघीयतामा अगाडि बढेको छ। हाल प्रदेश र स्थानीय सरकार कार्यान्वयनमा छन्। तसर्थ मुलुकको बदलिँदो नयाँ परिवेश र राष्ट्रको आवश्यकतालाई ध्यानमा राख्दै परिमार्जनसहितको औद्योगिक नीति, विधिवत सञ्चालन एवं कार्यान्वयनका लागि समेत नयाँ औद्योगिक ऐनको व्यवस्था अपरिहार्य भएको छ ।

## (ग) औद्योगिक प्राधिकरणको निर्माण :

मुलुकमा १० वटा संगठित औद्योगिक क्षेत्रहरुलाई औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडमार्फत् सञ्चालन गरिएको छ। यसभित्र रहेका करिब ७ सय उद्योगहरु बाहेक अन्य उद्योग असंगठित रुपमा रहेका छन् । यी उद्योगका समस्या समाधान गर्ने कुनै नियमनकारी निकाय छैन । उद्योग दर्तादेखि निर्यातसम्म गर्ने सरकारका विविध निकाय केन्द्रिकृत र यत्रतत्र छरिएका छन् । तसर्थ, केही आँट र लगानी गर्ने उद्योगीहरु समस्याग्रस्त छन् । सरकारले व्यवस्थित रुपमा संगठित औद्योगिक क्षेत्रहरु विस्तार गर्ने, अव्यवस्थित उद्योगलाई औद्योगिक क्षेत्रमा भित्र्याउने, उनीहरुका निम्ति जग्गा भवन प्राप्ति, त्यसको सञ्चालनका विधि र प्रक्रिया निर्धारण गर्ने, एकद्वार प्रणालीबाट उद्योगीलाई सेवा प्रवाह गर्ने, आन्तरिक समस्या तत्काल सम्बोधन गर्ने र औद्योगिक विकासको निम्ति राय सल्लाह, सुझाव दिने लगायतका व्यवस्थित योजनाको लागि शक्तिशाली औद्योगिक प्राधिकरण आवश्यक देखिएको छ। विद्यमान औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडलाई पुनर्गठन गरी औद्योगिक प्राधिकरणमा स्तरोन्नति गर्नु र त्यसलाई कानुनी एवं बजेटरी हिसाबले शक्तिशाली नियामन निकायका रुपमा रुपान्तरित गरिनु

पर्दछ । यसमा औद्योगिक फड्को मारेका विकसित मुलुकको समेत अनुशरण गर्न सकिन्छ । हालको औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड कुनै बेला औद्योगिक विकास केन्द्र, नेपाल औद्योगिक विकास निगम, औद्योगिक सेवा केन्द्र हुँदै यस अवस्थामा आइपुगेको हो । विगत ५० वर्षको अनुभव, मुलुकको परिवर्तित अवस्था र अन्तर्राष्ट्रिय अभ्यासको प्रकाशमा यसलाई मूर्त रुप दिनु आवश्यक छ ।

## (घ) नयाँ औद्योगिक क्षेत्र विस्तार :

कारखाना प्रणाली र केही उद्योगहरुको थालनी राणाकालमै भए पनि संगठित औद्योगिक क्षेत्रको निर्माण पञ्चायतकालमा भए । छिमेकी चीन सरकारले बुटवल धागो कारखाना, हेटौंडा कपडा भृकुटी कागज, हरिसिद्धि इँटा, बाँसबारी छालाजुत्ता, केही सिमेन्ट उद्योग, ट्रली बस आदि महत्वपूर्ण उद्योग र संस्थानहरु निर्माण गरिदियो । तर, बहुदल पश्चातको सरकारले निजीकरणका नाममा गरेको चरम राजनीतिकरणले धरासायी भए । अहिले अधिकांश औद्योगिक क्षेत्रहरु बस्ती विस्तार एवं पुराना संरचनाका कारण समस्याग्रस्त बन्दै गएका छन् । यसको जीर्णोद्धार, स्थानान्तरण र असंगठित रुपमा यत्रतत्र छरिएका उद्योगहरुलाई संगठित औद्योगिक क्षेत्रभित्र ल्याउने एकमात्र विकल्प औद्योगिक क्षेत्रको विस्तार नै हो । २०४४ सालपछि अवरुद्ध भएको कामलाई २०६५/०६६ मा गति दिने प्रयत्न भयो । तर, राजनीतिक अस्थिरता र नेतृत्व परिवर्तनका कारण त्यसले गति लिन सकेन । हाल औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडले मयुरधाप, मोतिपुर, नौवस्ताजस्ता स्थानमा कार्यालय खोलेर प्रोत्साहन गर्नु सकारात्मक छ । यद्यपि जग्गा प्राप्ति, पर्याप्त बजेट, पूर्वाधार निर्माण, सञ्चालनको विधि र प्रक्रिया लगायतमा समस्या विद्यमान छन् । यसका बाबजूद पनि औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडले हालसम्म मुलुकका करिब २५ स्थानमा औद्योगिक क्षेत्र स्थापनाको लागि प्रारम्भिक अध्ययन गरेको छ । यसमा जग्गा प्राप्तिदेखि स्थान छनोट एवं ठोस कार्यान्वयनका लागि सरकारबाटै नेतृत्वदायी भूमिका खेल्नुपर्ने देखिन्छ ।

## (ङ) राष्ट्रिय उद्योग र उत्पादनको संरक्षण :

मुलुकको औद्योगिकीकरण र आर्थिक विकास गर्नका लागि सरकारले स्वदेशी उद्योग र स्वदेशी वस्तुको संरक्षणको नीतिलाई कडाइका साथ कार्यान्वयन गर्नु पर्दछ । हाल भारत, चीन र तेस्रो मुलुकबाट आयातित कच्चा पदार्थमा चर्को भन्सार र खुल्लमखुल्ला तयारी सामग्री भित्रिँदा स्थानीय उत्पादन प्रतिस्पर्धा गर्न नसकेर धरासायी बन्ने क्रम बढ्दो छ । तसर्थ सरकारले स्वदेशी उद्योगहरुलाई कच्चा पदार्थ र करका दरमा सहुलियत प्रदान गर्ने, सरकारी कार्यालय र कामहरुमा अनिवार्य रुपमा स्वदेशी वस्तुमा प्राथमिकता दिने, विदेशी वस्तुमा चर्को भन्सार दर लगाउने, जनचेतना सिर्जना लगायतका काममा योजनाबद्ध रुपमा कार्यान्वयनमा जानुपर्ने भएको छ । छिमेकी भारत र चीनले सुरुमा बन्द व्यापार (Close Economy) को नीति अपनाएर आफ्नो मुलुक निर्माण गरेका हुन् । तसर्थ, प्रारम्भमा दुःख, त्याग र समर्पण नगरी मुलुक बन्दैन भन्ने कुरा निर्माताहरुले गम्भीरतापूर्वक लिनु आवश्यक भएको छ ।

**(च) एकद्वार प्रणालीबाट सबै सेवा** :

हाल उद्योग स्थापना, सञ्चालन, उत्पादन, बिक्री वितरण र करको निम्ति नेपाल सरकारका अलगअलग संस्थाहरु विभिन्न ठाउँमा यत्रतत्र छरिएका र अधिकांश राजधानी केन्द्रित नै छन् । तसर्थ उद्योगीहरुलाई यी सबै विधि र प्रक्रिया पुऱ्याउन विभिन्न ठाउँमा धाउनुपर्ने बाध्यता छ। कम्पनी दर्ताकै लागि कम्पनी रजिस्टारको कार्यालय, घरेलु उद्योग, उद्योग विभाग तथा वाणिज्य विभाग लगायतका निकाय एकत्रित छैनन् । ट्रेडमार्क, खाद्य गुण तथा नियन्त्रण, नापतौल र गुणस्तरका कार्यालयको अवस्था पनि त्यस्तै छ । यसलाई संगठित औद्योगिक क्षेत्रको विकास गरी सरकार यी सबै सेवाहरु एकीकृत रुपमा प्रवाह गर्ने गरी व्यवस्था भएमा समय, धन र शक्तिको ठूलो बचत हुने र काम छिटो छरितो सम्पादन हुनेछ ।

**(छ) पर्याप्त बजेट :**

सरकारले संगठित रुपमा औद्योगिक क्षेत्रको विस्तार र पूर्वाधार निर्माण गर्न योजनाबद्ध रुपमा ठूलो धनराशीको व्यवस्था गर्नु आवश्यक छ । हाल औद्योगिक क्षेत्र आफ्नो आयस्रोतले मुस्किलले धानिन मात्र सक्ने गरी चलेको छ। जीर्ण पूर्वाधार, भवन, गोदाम आदि संरचनाको जीर्णोद्धार र मर्मत, सम्भारको निम्ति समेत समय समयमा बजेट अभावले गम्भीर समस्या देखिँदै आएको छ । त्यसैका कारण कम्पनी र उद्योगीबीच विवाद उत्पन्न हुने गरेको छ । औद्योगिक क्षेत्र विस्तारमा पनि ठूलो धनराशी आवश्यक पर्दछ । तसर्थ, सरकारले औद्योगिक प्रबर्द्धनको लागि पर्याप्त बजेट व्यवस्था गर्ने र विकसित राष्ट्रसँग समेत प्रविधि एवं बजेटमा सहयोगको साथ लिनुपर्ने भएको छ । हिजो स्थापना भएका ६ वटा औद्योगिक क्षेत्र अमेरिका, भारत, जर्मनी, नेदरल्याण्डजस्ता मित्र राष्ट्रहरुले निर्माण गरिदिएका हुन् भने ४ वटा मात्र नेपाल स्वयंले निर्माण गरेको हो । एकातिर बजेटको यस्तो अभाव छ भने अर्कोतिर विकास बजेट पनि सरकारले खर्च गर्न नसकेर फ्रिज हुने गरेको छ। यस रकमलाई रकमान्तरण गरेर पनि औद्योगिक क्षेत्रभित्रको रुग्ण अवस्थालाई उकास्नुपर्ने भएको छ।

**(झ) प्राविधिक शिक्षा/औद्योगिक विश्वविद्यालय**

हाम्रा अधिकांश शिक्षा प्रणाली अव्यावहारिक र बेरोजगार जन्माउने खालको छ। अब समग्र शैक्षिक नीति-पाठयक्रमको पुनरावलोकन गर्ने समय आएको छ । स्वदेशमा नै उपलब्ध हुने कच्चा पदार्थमा आधारित वस्तु र सेवालाई टेवा दिने हिसाबले प्राविधिक र व्यावहारिक बनाउनु आवश्यक छ। व्यावसायिक कृषि, पशुपालन, औषधि निर्माण, जडिबुटी प्रशोधन, दुग्ध व्यवसाय, कृषि, पशुपन्छी, फलफूल तथा खनिज पदार्थ, धातु आदि मुलुकमा उत्पादन हुने वस्तु र कच्चा पदार्थमा आधारित कुटिर, घरेलु, साना, मझौला र ठूला उद्योग स्थापना, सञ्चालन र प्रबर्द्धन गर्ने प्राविधिक शिक्षा आजको आवश्यकता हो। देशको मानव स्रोतको ठूलो हिस्सालाई अब अभियानकै रुपमा उत्पादनमूलक शिक्षा, प्रशिक्षण, तालिम दिने काममा लगाउनु पर्दछ । यसका निम्ति अब एउटा केन्द्रीय औद्योगिक विश्वविद्यालय र यसको मातहत ठाउँ ठाउँमा प्राविधिक शिक्षा दिने शैक्षिक केन्द्रहरुको निर्माण गर्नु पर्दछ। यसका निम्ति परम्परागत शैलीबाट माथि उठेर अभियानकै रुपमा देशव्यापी कार्यक्रम सञ्चालन

गर्नु औद्योगिक क्रान्तिका निम्ति आवश्यक भएको छ ।

### (ञ) संस्था समन्वय :

देशको औद्योगिक क्षेत्रलाई सबै हिसाबले सुसज्जित तुल्याउने हेतुले औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडले उद्योगीहरुलाई पूर्वाधारयुक्त जमिन, भवन, गोदाम उपलब्ध गराउने, घरेलु तथा साना उद्योग विकास समितिले उद्योगीको लागि उद्योगसम्बन्धी प्राविधिक शिक्षा दिने, नेपाल औद्योगिक विकास निगमले पुँजी उपलब्ध गराउने, औद्योगिक व्यवसाय विकास प्रतिष्ठानले उद्योग व्यवस्थापन र वाणिज्यसम्बन्धी तालिम दिने र राष्ट्रिय उत्पादकत्व तथा आर्थिक विकास केन्द्रले संसारकै उत्पादन केन्द्रको नयाँ प्रविधि एवं उत्पादकत्व वृद्धिसम्बन्धी तालिम दिने उद्देश्यका साथ यी संस्थाहरु निर्माण गरिएका थिए । अहिले यी सबै संस्थाहरु उद्योग मन्त्रालय अन्तर्गत परम्परागत ढर्रामा सञ्चालित भइरहेका छन् । यी संस्थाहरुको आवश्यकता अहिले पनि छ तर नयाँ प्रविधियुक्त तौरतरिका र आपसी समन्वयका साथमा उद्योग स्थापना र प्रवर्द्धनको ठोस योजनाका साथमा यी संस्थाहरुलाई पुनर्गठन गरी अगाडि बढाउनु पर्दछ । अथवा औद्योगिक प्राधिकरणअन्तर्गत संस्थागत समन्वयको कामलाई मूर्त रुप दिनु नितान्त आवश्यक भएको छ ।

### (ट) योजनाबद्ध काम :

समग्र मुलुकमा के कस्ता र कति स्रोत साधन उपलब्ध छन् वा हुन सक्छन् । त्यसको निम्ति केकति उद्योगधन्दा कहाँ-कहाँ आवश्यक छ । के कति दक्ष जनशक्ति र प्रविधि आवश्यक छ, यसको समग्र खाका, मार्गचित्र र योजना बनाइनु पर्दछ । तदनुरुप देश-विदेशबाट स्रोत र साधन जुटाएर योजनाबद्ध एवं समयबद्ध रुपमा कामलाई द्रुत गतिमा अगाडि बढाइनु पर्दछ । बिना योजना, प्रयत्न र काम मुलुकको औद्योगिकीकरण र आर्थिक समृद्धि सम्भव छैन । यस कामको निम्ति सम्पूर्ण समय गुज्रेका (Date Expire) परम्परागत ढर्रा र कार्यशैलीलाई परिवर्तन गरी नयाँ आधुनिक प्रविधि एवं तौरतरिकाका साथमा अगाडि बढ्नु पर्दछ । मुलुकको नेतृत्व इमानदार, दूरद्रष्टा, राष्ट्र निर्माणको हुट्हुटीले प्रेरित, जनउत्तरदायी र कार्यकारी व्यक्ति हुनैपर्छ । यसका निम्ति मुलुकका सबै अवयव र संस्थाहरुमा सही व्यक्ति, सही ठाउँ (Right man Right place) को अवधारणालाई लागु गर्नैपर्छ । अन्यथा राष्ट्र निर्माण र समृद्धि सम्भव छैन ।

### (ठ) विविध : लोडसेडिङ

औद्योगिक क्षेत्र, करिडोर र उद्योगहरुले हिजो निकै चर्को रुपमा लोडसेडिङको समस्या भोगेका हुन्, जसले गर्दा राष्ट्रको ठूलो धनजन र सामग्रीको क्षति भयो । अहिले पनि यदाकदा यो समस्या उद्योगहरुले भोगिरहेका छन् । सरकारले भारतबाट ल्याएको करिब ३५० मेघावाट विद्युत् बन्द हुने हो भने फेरि हाहाकार हुने निश्चित छ । तसर्थ सरकारले प्रक्रियामा रहेका विद्युत गृहहरुलाई छिटो काम सम्पन्न गर्न सहुलियत र प्रोत्साहन गर्ने, ठूला जलाशययुक्त विद्युत् आयोजनाहरुलाई द्रुत गतिमा अगाडि बढाउने, मित्र राष्ट्रहरुले काम थालेका आयोजनाहरुलाई समयमै सम्पन्न गर्न दबाब दिने र नयाँ आयोजनाका

निम्ति वैदेशिक लगानीकर्ता खोज्ने र यस काममा देशमा उपलब्ध दक्ष जनशक्तिलाई परिचालन गर्ने गरी युद्धस्तरमा कामलाई अगाडि बढाउनु पर्दछ । हाल सरकारले यातायात साधन र भान्सालाई पनि विद्युतीय प्रणालीसँग जोड्ने कुरा गरिरहेको छ । मुलुकमा तीव्र गतिका साथमा विद्युत् उत्पादन गर्न सकियो भने राष्ट्रले इन्धनमा खर्च गरिरहेको खर्बौं रकम जोगिने र राष्ट्रिय उत्पादनले मुलुकको आवश्यकता पूरा गर्ने, निर्यात गर्ने बाटो समेत खुल्ने छ। अहिले औद्योगिक क्षेत्रहरुमा तुलनात्मक रुपमा संगठित औद्योगिक करिडोरहरुमा छुट्टै फिडरबाट विद्युतीय सुविधा पुऱ्याइनु पर्दछ ।

## ५. बन्द, हड्ताल र चन्दा आतंक

मुलुकमा द्वन्द्व कालमा जस्तो चर्को रुपमा यो समस्या हाल नभए पनि यदाकदा यो समस्याले उद्योगी-व्यवसायीहरुलाई सताउने गरेको छ। सरकारले न्यूनतम ज्याला र कार्यअवधि तोकेको अवस्थामा अब बन्द, हड्ताल र तालाबन्दीलाई पूर्णतः प्रतिबन्ध लगाइनु पर्दछ। यदाकदा उद्योगी र कामदारबीच असमझदारी र समस्या भए पनि सरकारको मध्यस्थतामा वार्ता, संवादबाट हल गर्ने बाटो अवलम्बन गर्नु पर्दछ । राजनीतिक दलहरुले पनि राष्ट्र निर्माणको सर्तमा ट्रेड युनियन र मजदुर संगठनलाई राजनीतिकरण गर्ने काम बन्द गर्नु पर्छ । कैयन् भूमिगत गिरोह र संगठनबाट बेलाबेलामा चन्दाको निम्ति आउने दबाब र धम्कीलाई निस्तेज पार्ने काम सरकारले नै गर्नु पर्दछ ।

## ६. जीर्ण उद्योग, भवन र पूर्वाधार :

संगठित औद्योगिक क्षेत्रभित्र बनेका पूर्वाधार भवन, गोदाम दशकौं पहिलो बनेका र जीर्ण एवं रुग्ण अवस्थामा पुगेका छन् । कैयन् संरचना उद्योग अनुकूल छैनन् । यसको जीर्णोद्धार र मर्मत, सम्भारको निम्ति ठूलो रकम आवश्यक पर्दछ। कम्पनी, उद्योगले यो काम गर्न सक्दैन। उद्योगीहरुबाट बेलाबेलामा औद्योगिक क्षेत्रको जमिन, भवन, गोदामसमेत निजीकरण गर्ने माग समेत उठ्ने गरेको छ। तसर्थ सरकारले पूर्वाधारहरुको मर्मत, सम्भार गर्न अविलम्ब बजेटको व्यवस्था गर्ने, निश्चित विधि र प्रक्रिया एवं मापदण्डको आधारमा भवन तथा गोदामको मूल्यांकन गरी उद्यमीहरुलाई हस्तान्तरण गर्ने र सोबापत प्राप्त रकमलाई औद्योगिक क्षेत्र विस्तार कोषमा राख्ने प्रबन्ध गरी समस्यालाई हल गर्नु पर्दछ । औद्योगिक क्षेत्रका जग्गा निजीकरण गर्ने माग उठे पनि यसो गर्दा कैयन् विकृति र समस्या निम्तिन सक्दछ। हाल तीव्र सहरीकरण र बस्ती विस्तारको कारण प्रदुषण एवं असुरक्षालाई कारण देखाएर बस्तीबीच औद्योगिक क्षेत्र हटाउने मागसमेत उठ्न थालेको छ। सरकारले पायक पर्ने क्षेत्रहरुमा औद्योगिक क्षेत्र विस्तार गरी उद्योगीहरुको हितलाई ध्यानमा राख्दै क्रमशः स्थानान्तरण गर्ने, विद्यमान स्थानहरुलाई सार्वजनिक रुपमा उपयोगमा आउने अन्य क्षेत्रको विकास गर्ने योजनाका साथमा कामलाई अगाडि बढाइनु पर्दछ। क्रमशः विभिन्न क्षेत्रमा संगठित औद्योगिक क्षेत्र विस्तार गर्दै असंगठित उद्योगहरुलाई संगठित क्षेत्रभित्र ल्याउनु पर्दछ। औद्योगिक क्षेत्रको न्यून आयका कारण कतिपय सुधारका कामसमेत अवरुद्ध बनेको कुरालाई मध्यनजर गर्दै उद्योगीहरुको हित र मनोबलसमेत उच्च रहने गरी जग्गाको भाडा दरलाई पुनरावलोकन र समयानुसार स्वचालित बनाइनु पर्दछ ।

## ७. प्रदुषण, पर्यावरण :

वातावरणीय र स्वास्थ्यको हिसाबले पर्यावरण एवं प्रदुषणका कुरा हाल विश्वव्यापी रुपमा चर्को रुपले उठेको विषय हो। विकसित मुलुकहरुले यसका निम्ति बजेट विनियोजन गर्ने र कम प्रदुषण गर्ने अविकसित तथा विकासशील मुलुकहरुलाई अनुदान उपलब्ध गराउने गरेका छन्। विद्यमान औद्योगिक क्षेत्र, औद्योगिक करिडोर र उद्योगहरुमा वातावरण प्रदुषण निरोधक प्रणालीलाई क्रमशः विस्तार गर्ने, यसका निम्ति कम्पनी र उद्योगीलाई सघाउ एवं प्रोत्साहन गर्ने, प्रदुषणलाई न्यूनीकरण गर्दै वातावरणीय स्वच्छता कायम गर्ने बाटो अवलम्बन गर्नु पर्छ। यसका निम्ति विभिन्न मुलुकले गरेका प्रयास र पहलकदमीबाट समेत शिक्षा लिएर तदनुकूलको व्यवस्था कार्यान्वयनमा ल्याउनु पर्दछ।

## ८. स्वदेशी उत्पादनमा क्षेत्र प्रयोग :

विद्यमान र अब विस्तारित र स्थापित गरिने उद्योगहरु स्वदेशी कच्चा पदार्थमा आधारित बनाउने र उत्पादन आत्मनिर्भरताको कसीमा अगाडि बढ्नु पर्दछ। सरकारी संरचनाहरु उत्पादनमूलक उद्योगकै निम्ति प्रयोग गर्ने सुनिश्चितता गरिनु पर्दछ। गैरकानुनी, अनुत्पादक र केवल व्यापार र नाफामुखी काममाथि संरचना प्रयोग गर्ने काम कही कतै भइरहेको भए त्यसलाई निरुत्साहित र विस्थापित गर्दै हटाइनु पर्दछ।

## निष्कर्ष :

विगत सात दशकदेखि चलेको राजनीतिक आन्दोलन हाल एउटा तार्किक निष्कर्षमा पुगेको छ। अबको हाम्रो बाटो राष्ट्र निर्माण र आर्थिक समृद्धि नै हो। नेपाली जनता अत्यन्तै सचेत र जागरुक समेत भएका छन्। हाल विश्वव्यापी रुपमा विभिन्न मुलुकले प्रगति पथको यात्रामा भोगेका अनुभवबाट सजिलै सिक्ने र प्रयोग गर्नसक्ने अवस्था बनेको छ। शिक्षा, सूचना, विज्ञान, प्रविधि, यातायात र सञ्चारले सिंगो विश्वलाई झन् नजिक ल्याएको छ। नेपाल प्राकृतिक सम्पदा र विविधताले युक्त धनी देश हो। जनता मिहिनेती छन्। जनशक्ति, प्राकृतिक स्रोत साधनले हामी सम्पन्न छौं। केही प्राविधिक तकनिकी, पुँजी अनुभवलाई भित्र्याउँदै योजनाबद्ध रुपमा काम गर्न सकेमा समृद्ध नेपाल बन्छ। नेपालको औद्योगिक निर्माणको यात्रा छोटो रहे पनि भविष्य उज्वल छ। छिमेकी दुवै मुलुकसँग सन्तुलित दौत्य सम्बन्ध कायम राख्दै आम जनतालाई साथ लिएर मुलुक निर्माणको काममा सिंगो देश जुट्ने हो भने मुलुक बन्न धेरै समय लाग्दैन। सिंगो राष्ट्रलाई आर्थिक निर्माण र समृद्धिको बाटोमा लगाउन सके समृद्ध नेपाल र सुखी नेपालीको सपना अवश्य साकार हुनेछ।

**(लेखक, औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडको पूर्वमहाप्रबन्धक हुनुहुन्छ)**

-०-

# औद्योगिक व्यवसाय ऐन, २०७३ को प्रयोग र चुनौती

*कुनै पनि मुलुकको आर्थिक विकासको दिगो र भरपर्दो आधार स्तम्भका रूपमा औद्योगिक विकास रहेको पाइन्छ। औद्योगिक विकासका लागि औद्योगिक कानुन अपरिहार्यता मानिन्छ । औद्योगिक कानुन औद्योगिक विकास र विस्तारलाई सञ्चालन, नियमन र व्यवस्थापन गर्ने कानुन पनि हो ।*



**रामजी दनाई**

## १. विषय प्रवेश :

औद्योगिक विकास आर्थिक विकासको मेरुदण्ड हो । उद्योगहरुको स्थापना र सञ्चालन गरी उत्पादित मालसामानको घरेलु बजारमा गरिने ओसार-पसार तथा बिक्री-वितरण र बाह्य बजारमा गरिने निर्यातबाट सरकारको कर तथा गैरकर राजश्स्वमा वृद्धि, विदेशी मुद्राको आर्जन तथा सञ्चिति, रोजगारी सृजना र जनताको आम्दानीमा अभिवृद्धि भई आर्थिक क्रियाकलापहरुको विस्तारमा सघाउ पुग्दछ। यसबाट मुलुकको खुद राष्ट्रिय आम्दानी बढ्न गई आन्तरिक बचत दरमा वृद्धि हुन जान्छ र सामाजिक-आर्थिक विकासका थप कार्यक्रम र आयोजनाहरू सञ्चालन गर्न सकिन्छ । आर्थिक पक्ष समृद्धिको प्रमुख आधार हो । त्यसैले कुनै पनि मुलुकको आर्थिक विकासको दिगो र भरपर्दो आधार स्तम्भका रूपमा औद्योगिक विकास रहेको पाइन्छ । औद्योगिक विकासका लागि औद्योगिक कानुन अपरिहार्यता मानिन्छ । औद्योगिक कानुन औद्योगिक विकास र विस्तारलाई सञ्चालन, नियमन र व्यवस्थापन गर्ने कानुन पनि हो ।

## २. नेपालमा उद्योग र औद्योगिक कानुनको विकासक्रम :

नेपालमा उद्योगको विकास दोस्रो विश्वयुद्धपश्चात् मात्र सुरु भएको मानिन्छ। पहिलो मुलुकी ऐन, १९१० रोजगारी र रोजगारदाता लगायतको विभिन्न क्रियाकलापलाई नियमन गर्नका लागि तर्जुमा गरिएको थियो । तसर्थ, नेपालमा औद्योगिक कानुनको पहिलो विकासको रुपमा मुलुकी ऐन, १९१० लाई मान्न सकिन्छ । नेपालको आधुनिककाल वि.सं. १९९२ मा उद्योग परिषद्को स्थापना, वि.सं. १९९३ मा कम्पनी कानुन र रघुपति जुट मिल्स हुँदै वि.सं. १९९४ मा विराटनगर जुट मिलको स्थापना, वि.सं. १९९४ मा सर्वप्रथम औद्योगिक प्रदर्शनी, वि.सं. २००३ मा मोरङ्ग सुगर मिलको स्थापनापश्चात् औद्योगिकीकरणको प्रयास भएको पाइन्छ। वि.सं. २०१३ सालदेखि योजनाबद्ध विकासको थालनीबाट औद्योगिक विकासका लागि समेत नीतिगत व्यवस्था भएको पाइन्छ। वि. सं. २०१६ मा नेपाल औद्योगिक विकास निगमको स्थापना, नेपाल कारखाना तथा कारखाना काम गर्नेसम्बन्धी ऐन, पहिलो औद्योगिक नीति, २०१७ जारी भयो । प्रजातन्त्रको पुनर्स्थापनापश्चात् भने खुल्ला अर्थनीति अँगाल्दै औद्योगिक

विकासका लागि औद्योगिक नीति २०४९ जारी भएपछि देशको अर्थतन्त्रको समुचित विकासको लागि औद्योगिक लगानीको वातावरणलाई बढी सुविधाजनक, सरल र उत्साहवर्द्धक बनाई उत्पादकत्वमा अभिवृद्धि गरी प्रतिस्पर्धात्मक ढंगबाट औद्योगिक व्यवसायहरू फस्टाउने व्यवस्था गर्न औद्योगिक व्यवसाय ऐन, २०४९ र विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०४९ आयो। औद्योगिक व्यवसाय ऐन, २०४९ मा प्रथम संशोधन २०५४ सालमा भयो भने केही नेपाल ऐन संशोधन गर्ने ऐनमार्फत २०५५, २०५७ र २०६४ सालमा संशोधन गरियो । साथै, आयकर ऐन २०५८ र आर्थिक ऐन, २०६५ बाट थप संशोधनहरू भए । द्रुततर औद्योगिक विकासको माध्यमबाट मुलुकको समग्र आर्थिक तथा सामाजिक क्षेत्रमा सकारात्मक परिवर्तन गर्ने अभिप्रायले समयानुकूल नीतिगत सुधारसहित औद्योगिक नीति, २०६७ जारी गरियो । हाल मुलुकको औद्योगिक वातावरणलाई सुविधाजनक, लगानीमैत्री बनाई राष्ट्रिय उत्पादकत्व र रोजगारीका अवसरमा अभिवृद्धि गर्न, मुलुकमा उपलब्ध प्राकृतिक, भौतिक तथा मानवीय स्रोतको अधिकतम उपयोग गरी आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धनमा जोड दिँदै औद्योगिक विकासको माध्यमबाट सबल, गतिशील, प्रतिस्पर्धी एवं उत्पादनमुखी अर्थतन्त्र निर्माण गर्ने उद्देश्यले औद्योगिक व्यवसाय ऐन, २०७३ जारी भयो । यस ऐनलाई केही नेपाल कानुनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ द्वारा संशोधन समेत भई हाल यस ऐन कार्यान्ववनमा रहेको छ ।

## ३.औद्योगिक व्यवसाय ऐन, २०७३ ले समेट्न खोजेको सारभूत विषयहरु :

प्रचलित औद्योगिक व्यवसाय ऐन, २०७३ ले अंगिकार गर्न खोजेको सारभूत विषयहरु देहाय बमोजिम उल्लेख गर्न सकिन्छ :

१. उद्योगको स्थापना र सञ्चालन गर्न प्रचलित औद्योगिक व्यवसाय ऐन बमोजिम दर्ता गराउनु पर्ने,

२. उद्योगको स्थापना र सञ्चालन गर्नको लागि उद्योग दर्ताको निवेदन दिनुपर्ने,

३. उद्योग दर्ता भएपछि उद्योग दर्ता गर्ने निकायले उद्योग दर्ताको प्रमाण पत्र दिनुपर्ने,

४. उद्योग सञ्चालनको क्रममा वातावरणमा परेको वा पर्न सक्ने प्रतिकूल वातावरणीय असरको निराकरण गर्ने जिम्मेवारी सम्बन्धित उद्योगको हुने,

५. कानुन बमोजिम दर्ता भएको उद्योगले आफूले व्यावसायिक उत्पादन र कारोबार प्रारम्भ गरेको जानकारी सम्बन्धित उद्योग दर्ता गर्ने निकायलाई दिनुपर्ने तथा तोकिएको अवधिभित्र त्यस्तो उद्योगले व्यावसायिक उत्पादन र कारोबार प्रारम्भ नगरेमा त्यस्तो उद्योगको दर्ता प्रमाणपत्र स्वतः रद्द हुने कानुनी व्यवस्था भएको,

६. उद्योग दर्ता गर्ने निकायले ऐनको दफा ५ को उपदफा (५) बमोजिम उद्योग दर्ता गर्न अस्वीकृत गरेमा सो उपर चित्त नबुझ्ने निवेदकले जानकारी पाएको तीस दिनभित्र मन्त्रालयमा उजुरी गर्न सक्ने,

७. उद्योग दर्ता गर्ने निकाय वा कार्यालयले उद्योग दर्ता प्रमाणपत्रमा उल्लेखित शर्तहरु सम्बन्धित उद्योगले पालना गरे, नगरेको सम्बन्धमा उद्योगको नियमित अनुगमन गर्न सक्ने,

८. कुनै एक ठाउँमा सञ्चालन गर्ने गरी दर्ता भएको उद्योग कुनै कारणले अन्यन्त्र स्थानान्तरण गर्नँ पर्ने भएमा स्थानान्तरणको लागि उद्योग दर्ता गर्ने निकायबाट स्वीकृत लिनुपर्ने,

१०. दर्ता भएको उद्योगले आफूले व्यावसायिक उत्पादन र कारोबार प्रारम्भ गरेपछि तोकिए बमोजिमको विवरण आर्थिक वर्ष समाप्त भएको मितिले छ महिनाभित्र उद्योग दर्ता गर्ने निकायमा पेश गर्नं पर्ने,

११. कुनै कारणले उद्योग बन्द गरेमा वा व्यावसायिक उत्पादन र कारोबार स्थगन गरेमा सोको जानकारी तोकिए बमोजिम दिनुपर्ने,

११. सम्बन्धित उद्योगले दर्ता खारेजीको लागि उद्योग दर्ता गर्ने निकायमा निवेदन दिन सक्ने । त्यस्तो उद्योगले आफ्नो दायित्व फरफारक गरेको भए उक्त दर्ता खारेजी गर्न उपयुक्त देखिएमा त्यस्तो उद्योगको दर्ता खारेजी हुने,

१२. पुँजी, कामदारको संख्या, कारोबारको प्रकृति, उपकरण वा मेसिनको प्रयोगको आधारमा लघु उद्यम, घरेलु उद्योग, साना उद्योग, मझौला उद्योग र ठूला उद्योग गरी पाँच प्रकारले उद्योगको वर्गीकरण गरिएको,

१३. त्यसै गरी उद्योगबाट उत्पादन हुने वस्तु वा सेवाको प्रकृतिको आधारमा ऊर्जामूलक, उत्पादनमूलक, कृषि तथा वन पैदावारमा आधारित, खनिज, निर्माण, पर्यटन, सूचना, प्रसारण तथा सञ्चार प्रविधिमा आधारित र सेवामूलक उद्योग गरी आठ प्रकारले उद्योगको वर्गीकरण गरिएको,

१४. राष्ट्रिय प्राथमिकता प्राप्त उद्योगको व्यवस्था गरिएको,

१५. उद्योगको प्रवर्द्धन, स्थापना, लगानी अभिवृद्धि, संरक्षण र विस्तार गरी औद्योगिकीकरणको गतिलाई तिब्रता दिने उद्देश्यले सहजीकरण तथा समन्वयसहित आवश्यक नीतिगत निर्णय गर्न उद्योगमन्त्री वा राज्यमन्त्रीको अध्यक्षतामा काम, कर्तव्य र अधिकारसहितको उद्योग तथा लगानी प्रवर्द्धन बोर्डको गठन सम्बन्धी व्यवस्था गरिएको,

१६. उद्योगलाई आयकर, मूल्य अभिवृद्धि कर, भन्सार महसुलसम्बन्धी छुट, सुविधा वा अन्य सहुलियत वा सुविधासम्बन्धी र महिला उद्यमीका लागि थप सुविधाको व्यवस्था गरिएको,

१७. औद्योगिक क्षेत्रमा सञ्चालित उद्योगका लागि विशेष व्यवस्था तथा थप सुविधा, सहुलियतको व्यवस्था गरिएको,

१८. उद्योगको लागि आवश्यक जग्गा उद्योगले खरिद गर्न पाउने, राष्ट्रिय प्राथमिकता प्राप्त उद्योगलाई नेपाल सरकारको स्वामित्वमा रहेको जग्गा उपलब्ध हुन सक्ने र जग्गाको अधिकतम हदबन्दीमा छुट सम्बन्धी व्यवस्था गरिएको,

१९. कानुन बमोजिम दर्ता भएको उद्योगको राष्ट्रियकरण नगरिने र औद्योगिक सुरक्षासम्बन्धी व्यवस्था गरिएको,

२०. एकल विन्दु सेवा केन्द्रसम्बन्धी व्यवस्था गरिएको,

२१. रुग्ण उद्योगको पहिचान, वर्गीकरण, सुविधा, सहुलियत तथा छुट र संस्थागतसम्बन्धी व्यवस्था,

२२. कसैले प्रचलित ऐन बमोजिम उद्योग दर्ता गराई वा नगराई उद्योगको स्थापना वा सञ्चालन गरे वा नगरेको सम्बन्धमा अनुगमन, छानविन वा निरीक्षण गर्दा उद्योग दर्ता गराई वा नगराई स्थापना वा सञ्चालन गरेको पाइएमा अधिकारप्राप्त निकाय वा पदाधिकारीले उद्योग बन्द गर्न आदेश दिने वा जरिवाना वा रकम असुल गर्ने वा दुवै सजायको निर्णय हुन सक्ने र सो सजायको आदेशउपर चित्त नबुझेमा सम्बन्धित उच्च अदालतमा पुनरावेदन दिन सकिने व्यवस्था,

२३. विशेष आर्थिक क्षेत्रसम्बन्धी व्यवस्था,

२४. जिल्ला उद्योग प्रवर्द्धन समितिको गठनसम्बन्धी व्यवस्था,

२५. प्रचलित कानुन बमोजिम दर्ता भएको कुनै उद्योग वा कम्पनी वा फर्म वा प्रतिष्ठानले आपसमा करार वा उप-करार गरी वस्तु वा सेवाको उत्पादन गर्न सक्ने व्यवस्था,

२६. लघु, घरेलु तथा साना उद्यम विकास, जोखिम पुँजी, प्रविधि विकास, औद्योगिक लगानी संरक्षण तथा प्रवर्द्धन, रुग्ण उद्योग पुनरुत्थान, पुनर्निर्माण तथा व्यवस्थापन र महिला उद्यमशीलता विकाससम्बन्धी कोषहरुको व्यवस्था,

२७. केही उद्योगहरुले व्यावसायिक सामाजिक जिम्मेवारी बहनको योजना तथा कार्यक्रम बनाई तोकिए बमोजिमको क्षेत्रमा खर्च गर्नुपर्ने व्यवस्था,

२८. नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी औद्योगिक करिडोर, औद्योगिक ग्राम तथा औद्योगिक क्लष्टर घोषणा गर्ने सक्ने व्यवस्था,

२९. नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको क्षेत्र र दूरीभित्र कुनै किसिमको आवासीय भवन वा अन्य भवन बनाउन वा बस्ती बसाउन नसकिने व्यवस्था ।

## ४. औद्योगिक व्यवसाय ऐन, २०७३ को प्रयोग र चुनौतीहरु :

१. प्रचलित ऐनमा उद्योग दर्ता गरेपछि उद्योग सञ्चालनका क्रममा वातावरणमा परेको वा पर्न सक्ने प्रतिकूल वातावरणीय असरको निराकरण गर्ने जिम्मेवारी सम्बन्धित उद्योग हुनेछ भन्ने उल्लेख भएको छ । यस्तो व्यवस्था उद्योग दर्ता गर्नुपूर्व नै प्रचलित वातावरण संरक्षणसम्बन्धी कानुनले निर्दिष्ट गरेको वातावरणीय परीक्षण र वातावरणीय प्रभाव मूल्याङ्कनसम्बन्धी कार्य सम्पन्न गर्नुपर्नेमा उद्योग दर्ता भएपछि वातावरणमा परेको वा पर्न सक्ने प्रतिकूल वातावरणीय असरको निराकरण गर्ने जिम्मेवारी उद्योगलाई प्रदान गरिएकोले सो कार्य सम्बन्धित उद्योगले पूरा नगरेमा के गर्ने भन्ने सवाल चुनौतीपूर्ण रहेको छ ।

२. ऐनमा कुनै उद्योगले आफ्नो व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गरेको जानकारी उद्योग दर्ता गर्ने निकायलाई दिनुपर्ने र यस्तो उत्पादन वा कारोबारको प्रारम्भ गर्न समयावधि दर्ता प्रमाणपत्रमा उल्लेख हुने कानुनी व्यवस्था छ । साथै, सो म्याद तर्कसंगत कारण भएमा थप हुन पनि सक्ने तर म्याद थप नगरिएमा त्यस्तो उद्योग स्वतः रद्द हुने कानुनी व्यवस्था रहेको छ । कानुन बमोजिम दर्ता भएको तर व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ हुने समय थप नगरिएका उद्योग स्वतः रद्द हुने भई त्यस्तो उद्योगमा कुनै उद्योगीले तत् समयसम्म गरेको लगानी निरर्थक हुन जाने भएकोले यस्तो कानुनी प्रावधान चुनौतीपूर्ण रहेको छ ।

३. ऐनमा कुनै एक ठाउँमा सञ्चालन गर्ने गरी दर्ता भएको उद्योग दर्ता गर्न निकायको स्वीकृतिले अन्य कुनै ठाउँमा स्थानान्तरण हुन सक्ने प्रावधान रहेको छ । मूलतः कुनै ठाउँमा स्थापना भएको उद्योग स्थानान्तरण हुन सक्ने भन्ने प्रावधान औचित्यपूर्ण नभएको पाइन्छ । कुनै अमुक उद्योग कुनै ठाउँमा स्थानान्तरण भएमा पनि उक्त स्थानान्तरण हुने उद्योगले वातावरणीय परीक्षण र वातावरणीय

प्रभाव मूल्याङ्कन समेत गर्नंपर्ने कानुनी परिप्रेक्ष्यमा त्यसरी कुनै ठाउँमा स्थानान्तरण हुने उद्योग बिल्कुलै नयाँ उद्योगको रुपमा स्थापना हुन जानेछ । साथै, राज्य संयन्त्र संघीय संरचनामा गएको वर्तमान अवस्थामा त्यसरी उद्योग स्थानान्तरण हुँदा पनि सम्बन्धित प्रदेश वा स्थानीय सरकारको समेत सहमति वा स्वीकृति लिनुपर्ने अवस्था आउने हुँदा ऐनमा रहेको यस प्रावधानको प्रयोग औचित्यपूर्ण नरहेको देखिन्छ ।

४. प्रचलित ऐनमा उद्योगबाट हुने वस्तु वा सेवाको प्रकृतिका आधारमा गरिएको उद्योगको वर्गीकरण तर्कसंगत नहुनाको साथै यसरी गरिएको वर्गीकरण अपर्याप्तता भएको पाइन्छ । यसमा मेगा उद्योग, निर्यातमूलक उद्योग आदि विभिन्न प्रकारले समेत उद्योगको वर्गीकरण गर्न सकिने भएकोले ऐनमा रहेको यस प्रावधानको प्रयोग औचित्यपूर्ण रहेको पाइँदैन ।

५. प्रचलित कानुनमा औद्योगिक क्षेत्रभित्र सञ्चालनमा आएका उद्योगमा प्रचलित कानुन बमोजिम स्थानीय स्तरमा लाग्ने एकीकृत सम्पत्ति कर लगायत स्थानीय करहरु लाग्ने छैन भन्ने कानूनी व्यवस्था रहेको छ । नेपालको संविधान र स्थानीय शासन सञ्चालन ऐनमा संघीय सरकार, प्रदेश वा स्थानीय तहले लिने कर र सोको क्षेत्राधिकार लगायत अधिकारको एकल सूचि र साझा सूचि समेतको संवैधानिक एवं कानुनी व्यवस्था भएको परिप्रेक्ष्यमा ऐनमा रहेको यस प्रावधानको प्रयोग र कार्यान्वयन निरर्थक देखिन्छ ।

६.प्रचलित औद्योगिक व्यवसाय ऐनमा सो ऐन तथा अन्य प्रचलित कानुन बमोजिम उद्योगलाई प्राप्त हुने छुट, सुविधा वा सहुलियत उपलब्ध गराउनका लागि एकल विन्दु सेवा केन्द्र स्थापना गरी विभिन्न सरोकारवाला निकायका प्रतिनिधि समेत रहने गरी एकल विन्दु सेवा सञ्चालन समिति रहने व्यवस्था छ । त्यस्तो छुट सुविधा तथा सहुलियत प्रदान गर्ने सन्दर्भमा विभिन्न निकायका पदाधिकारी, प्रतिनिधि वा सदस्य रहने गरी गठन हुने समितिका सदस्यले उक्त समितिमा रही कार्य सम्पादन गर्दा कुनै अर्को विशेष ऐनले कुनै निकायलाई दिएको अधिकारक्षेत्रको प्रयोग गरी निर्णय गर्न सक्ने गरी कानुनी वैधता (Legitimacy) प्राप्त गर्न सक्ने विषयमा प्रश्नचिह्न खडा हुन सक्ने र कुनै अमुक निकायलाई कानुनले नै कुनै विषयको निर्णय तत् निकाय वा पदाधिकारीले गर्नंपर्छ भनी तोकेको अधिकार, दायित्व तथा जिम्मेवारी प्रत्यायोजन हुन नसक्ने हुँदा (Delegates power shell not redelegates) ऐनमा भएको एकल विन्दु सेवा केन्द्र सञ्चालनको प्रयोग कानुनी चुनौतीपूर्ण देखिएको छ ।

७. प्रचलित औद्योगिक व्यवसाय ऐनमा विशेष आर्थिक क्षेत्रसम्बन्धी कानुनी व्यवस्था छ । विशेष आर्थिक क्षेत्र स्थापना र सञ्चालन गर्ने सम्बन्धमा छुट्टै विशेष आर्थिक क्षेत्रसम्बन्धी ऐन, २०७३ जारी भई हाल कार्यान्वयनमा रहेकोले यस्तो व्यवस्था दोहोरो कानुनी व्यवस्थाको रुपमा रहन गएकोले यसको प्रयोग चुनौतीपूर्ण हुन सक्ने अवस्था रहेको छ ।

८. प्रचलित औद्योगिक व्यवसाय ऐनमा जिल्ला उद्योग प्रवर्द्धन समितिको गठनसम्बन्धी व्यवस्था छ । तर हाल नेपालको राज्य संयन्त्र संघीय शासन व्यवस्था भएको सन्दर्भमा जिल्ला उद्योग प्रवर्द्धन समितिको गठन गर्न सकिने गरी भएको कानुनी व्यवस्था औचित्यपूर्ण देखिँदैन ।

९. औद्योगिक व्यवसाय ऐनमा प्रचलित कानुन बमोजिम दर्ता भएको कुनै उद्योग वा कम्पनी वा फर्म वा प्रतिष्ठानले आपसमा करार वा उपकरार गरी वस्तु वा सेवाको उत्पादन गर्न सक्नेछन् भन्ने प्रावधान रहेको छ । यस प्रावधान अनुरुप कुनै उद्योगले कुनै अर्को उद्योगसँग करार वा उपकरार गरी वस्तु वा सेवाको उत्पादन गर्न सक्ने व्यवस्था औचित्यपूर्ण रहेको भए तापनि कुनै फर्म वा प्रतिष्ठान उद्योगको रुपमा दर्ता नभएको वा कुनै कम्पनीको प्रबन्ध-पत्रमा उद्योग गर्ने उद्देश्य नभएकोमा पनि त्यस प्रकारका कम्पनी, फर्म वा प्रतिष्ठानले एक आपसमा करार गरी कुनै वस्तु वा सेवाको उत्पादन गर्न सक्ने कानुनी व्यवस्था औचित्यपूर्ण नरहेको पाइन्छ ।

## ५. निष्कर्ष:

कुनै पनि मुलुकको औद्योगिक क्षेत्रको विकास र विस्तारमा औद्योगिक कानुनको महत्वपूर्ण भूमिका रहन्छ । कुनै पनि उद्योगको स्थापना, सञ्चालन, व्यवस्थापन र नियमन औद्योगिक कानुन अनुरुप नै हुन्छ । नेपालमा औद्योगिक कानुनको विकासक्रम दोस्रो विश्ययुद्धपश्चात् मात्र भएको पाइन्छ । उद्योग क्षेत्रलाई नियमन गर्ने कार्य समेतका लागि नेपालमा वि.स. १९१० सालमा मुलुकी ऐन, १९१० तर्जमा भएको थियो । समयको कालखण्डसँगै विभिन्न नीति तथा कानुनहरु जारी हुँदै हाल वर्तमान अवस्थामा औद्योगिक व्यवसाय ऐन, २०७३ जारी भई कार्यान्वयनको अवस्थामा रहेको छ ।

हाल प्रचलनमा रहेको औद्योगिक व्यवसाय ऐन, २०७३ उद्योग क्षेत्रको लागि प्रगतिशील कानुनको रुपमा रहेको देखिए तापनि यस कानुनको प्रयोग र प्रभावकारी रुपमा कार्यान्वयन गर्ने सन्दर्भमा माथि प्रकरण नं. ४ मा उल्लेख भए बमोजिमका कुराहरु चुनौतीको रुपमा रहेको आँकलन गर्न सकिन्छ । उपर्यक्त चुनौतीहरुलाई सम्बोधन गर्न र प्रचलित औद्योगिक व्यवसाय ऐनलाई सफल र प्रभावकारी रुपमा कार्यान्वयन गर्ने सन्दर्भमा यस ऐनको समयानुकूल परिमार्जन र संशोधन हुनुपर्ने टड्कारो आवश्यकता रहेको छ । यस ऐनलाई संशोधन वा परिमार्जन गर्दा देहायका कुराहरुलाई समेत मध्यनजर राखी ऐनको संशोधन वा परिमार्जन हुनुपर्ने अवस्था देखिन्छ ।

१. कुनै प्रस्तावित उद्योग दर्ता हुनुपूर्व नै त्यस्तो उद्योग स्थापना हुने स्थानमा वातावरणमा पर्न सक्ने प्रतिकूल वातावरणीय असरको निराकरण गर्ने सन्दर्भमा प्रारम्भिक वातावरणीय परीक्षण र वातावरणीय प्रभाव मूल्याङ्कन गरी सो भएपश्चात् मात्र उद्योग दर्ता हुन सक्ने गरी कानुनी व्यवस्था गर्न उपयुक्त हुने ।

२. कानुन बमोजिम दर्ता भएका उद्योगलाई उद्योग दर्ता प्रमाणपत्रमा तोकिएको व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्ने अवधिको म्याद थप नभएमा स्वतः उद्योग रद्द हुने व्यवस्थाको संशोधन गरी त्यस्तो अवधिको म्याद तोकिए बमोजिमको विलम्ब दस्तुर लिएर थप गर्न सकिने गरी कानुनी व्यवस्था गर्न उपयुक्त हुने देखिन्छ ।

३. कुनै एक ठाउँमा सञ्चालन गर्ने गरी दर्ता भएको उद्योग अन्य कुनै ठाउँमा स्थानान्तरण गर्न नसकिने गरी कानुनी व्यवस्था गर्नं पर्ने देखिन्छ । साथै, कुनै ठाउँमा स्थापना भएको कुनै उद्योगले

आफ्नो व्यापारिक नाममा सम्बन्धित प्रदेश र स्थानीय सरकारको सहमति वा स्वीकृतिमा नेपालको कुनै स्थानमा सो उद्योगको नाममा अर्को त्यस्तै नयाँ उद्योग स्थापना गर्न सकिने गरी कानुनी व्यवस्था गर्न उपयुक्त हुने देखिन्छ ।

४. ऐनमा वस्तु वा सेवाको प्रकृतिको आधारमा उत्पादनमूलक र सेवामूलक उद्योगको मात्र वर्गीकरण हुने गरी कानुनी व्यवस्था गर्न उपयुक्त हुने देखिन्छ ।

५. संवैधानिक व्यवस्था अनुरुप स्थानीय तहले आफ्नो क्षेत्रभित्र कर वा शुल्क लगाउन सक्ने विषयमा औद्योगिक व्यवसाय ऐनमा प्रचलित कानुन बमोजिम स्थानीय स्तरमा लाग्ने एकीकृत सम्पत्ति कर लगायतका स्थानीय करहरु लाग्ने छैन भन्ने कानुनी व्यवस्था परिमार्जन गर्न उपयुक्त हुने देखिन्छ ।

६. औद्योगिक व्यवसाय ऐनमा यस ऐन तथा अन्य प्रचलित कानुन बमोजिम उद्योगलाई प्राप्त हुने छुट, सुविधा वा सहुलियत उपलब्ध गराउनका लागि उक्त ऐनमा एकल विन्दु सेवा केन्द्र स्थापनासम्बन्धी प्रावधान नराखी यस व्यवस्थाका लागि छुट्टै छाता ऐन तर्जमा गर्न उपयुक्त हुने देखिन्छ ।

७. विशेष आर्थिक क्षेत्रको स्थापना र सञ्चालन गर्ने सम्बन्धमा हाल विशेष आर्थिक क्षेत्रसम्बन्धी छुट्टै ऐन प्रचलनमा रहेको सन्दर्भमा यस व्यवस्था औद्योगिक व्यवसाय ऐनबाट हटाउन उपयुक्त हुने देखिन्छ ।

८. प्रचलित औद्योगिक व्यवसाय ऐनमा रहेको जिल्ला उद्योग प्रवर्द्धन समितिको गठनसम्बन्धी व्यवस्थाको औचित्य नभएकोले हटाउन उपयुक्त हुने देखिन्छ ।

९. प्रचलित ऐनमा कानुन बमोजिम दर्ता भएको कुनै उद्योग वा कम्पनीको प्रबन्धपत्रमा उद्योग दर्ता गर्ने उद्देश्य रहेको कुनै कम्पनी वा उद्योग स्थापना र सञ्चालन गर्नका लागि दर्ता भएको कुनै फर्मले मात्र एक आपसमा करार वा उपकरार गरी कुनै वस्तु वा सेवाको उत्पादन गर्न सक्ने गरी कानुनी व्यवस्था गर्न उपयुक्त हुने देखिन्छ ।

१०. हाल कुनै स्थानमा दर्ता भएको उद्योगले नेपालको अन्य कुनै स्थानमा शाखा उद्योगको रुपमा दर्ता गर्ने प्रचलन रहेको सन्दर्भमा यस्तो शाखा उद्योग खोल्न नपाउने गरी कानुनी व्यवस्था गर्न उपयुक्त हुने देखिन्छ ।

**(लेखक, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय उपसचिव (कानुन) साथै यस संस्थाका सञ्चालक समितिका सदस्य समेत हुनुहुन्छ)**

-o-

# हरित उत्पादकत्वको (Green Productivity) महत्व

*उत्पादनमूलक, सेवा प्रदायक, कृषि र सामुदायिक संस्थाहरूमा हरित उत्पादकत्व कार्यक्रम लागू गर्न सकिन्छ। उत्पादकत्व गतिविधि र वातावरणीय पक्षहरूमा निरन्तर सुधार गरी आर्जन बढाएर जनजीवनलाई स्तरीय बनाउनु हरित उत्पादकत्वको मूल लक्ष्य हो ।*



**दुर्गेशकुमार श्रेष्ठ**

**अवधारणा :**

हरित उत्पादकत्वको सोचबाट मानवीय जीवनस्तरमा दिगो सुधारको निमित्त समग्र आर्थिक एवम् सामाजिक क्षेत्रमा विकास गर्नको लागि व्यवसायमा उत्पादकत्व वृद्धि एवम् वातावरणीय प्रभाव दुवैलाई एकैसाथ अगाडि लिएर जाने प्रणालीको विकास हुन्छ। यसको उपयोगिता, उत्पादन तथा उद्योग क्षेत्रमा मात्र नभई कृषि एवम् सेवा क्षेत्र र सामुदायिक विकासका क्रियाकलापहरूमा समेत रहेको छ। हरित उत्पादकत्वले वातावरण संरक्षणसँग सरोकार राख्दछ । उत्पादकत्व अभिवृद्धि गरी दिगो विकास दर हासिल गर्न तथा जनजीविकाको स्तर उकास्न सञ्चालन गरिने गरेका प्रत्येक क्रियाकलापबाट जेजस्तो भए पनि वातावरण एवम् आर्थिक क्रियाकलापबीच तादात्म्य कायम रहने गरी वातावरणलाई जोगाउँदै उत्पादकत्व अभिवृद्धिमा निरन्तरता ल्याउनका लागि जनचेतना स्तर उकास्न यस लेखबाट सघाउ पुऱ्याउने छ भन्ने अपेक्षा राखिएको छ। कुनै पनि विकास कार्य वा औद्योगिक उत्पादन कार्य गर्दा वातावरणमा नकारात्मक असर पर्न सक्छ। त्यसकारण प्रदूषण कम गरी वातावरणमा सकारात्मक असर अधिकतम बनाई उत्पादकत्व वृद्धि गर्ने रणनीति निरन्तर रूपमा अँगाल्नु नै हरित उत्पादकत्व हो ।




**हरित उत्पादकत्व** (Green Productivity)

हरित उत्पादकत्व दिगो आर्थिक तथा सामाजिक विकास निमित्त उत्पादकत्व र वातावरणमैत्री आचरणलाई विकास गर्ने रणनीति हो । उपयुक्त प्रविधि, कार्यदक्षता र गुणस्तरीय व्यवस्थापन प्रणालीको माध्यमबाट

वातावरण अनुकूल हुने वस्तु र सेवाहरूको उत्पादन गर्ने हरित उत्पादकत्व अवधारणाको मूल सार हो । उत्पादनमूलक, सेवा प्रदायक, कृषि र सामुदायिक संस्थाहरूमा हरित उत्पादकत्व कार्यक्रम लागू गर्न सकिन्छ । उत्पादकत्व गतिविधि र वातावरणीय पक्षहरूमा निरन्तर सुधार गरी आर्जन बढाएर जनजीवनलाई स्तरीय बनाउनु हरित उत्पादकत्वको मूल लक्ष्य हो । हरित उत्पादकत्व अवधारणाले वातावरण संरक्षणसम्बन्धी पुराना एवम् परम्परागत अवधारणामा अन्तरनिहित अवरोधहरूलाई हटाई ठोस प्रतिस्पर्धात्मक लाभ हासिल गर्नको लागि यसलाई वस्तु र सेवाको गुणस्तर, लागत प्रभावकारिता तथा प्रविधि सिर्जनशीलता जस्ता पक्षलाई समेत आवद्ध गराउँछ ।

*हरित उत्पादकत्व किन ?*




- वातावरण तथा उत्पादकत्व सबैको चासोको विषय भएकोले त्यसलाई पूरा गर्न ।
- उत्पादकत्व विधिमा प्रयोग हुने उत्पादन तत्वहरूको कार्य क्षमतामा वृद्धि गर्न ।
- उद्योगको उत्पादन प्रक्रियामा कुशलता ल्याउन ।
- खेर जाने वस्तुहरूको पुनः प्रयोग गरी उत्पादन लागतमा कमी ल्याउन ।
- नियमित मर्मत सम्भार गरी प्रदूषण घटाउन ।
- वातावरणीय स्वच्छतामा अभिवृद्धि गरी जीवनस्तर बढाउन ।

*हरित उत्पादकत्व प्रणाली अपनाउने विधि* (Methods of Green Productivity)

## (क) कार्यको सुरुआत गर्नु (Getting started)

हरित उत्पादकत्व प्रक्रियाको आरम्भ एक कार्य समूहको गठनबाट हुन्छ । यो समूहले प्रारम्भिक सर्भे गरी सूचनाहरू सङ्कलन गर्दछ । यस चरणमा कार्यक्रम लागू गर्ने सन्दर्भमा व्यवस्थापनको उपल्लो तहको समर्थन प्राप्त गर्नु नितान्त जरुरी हुन्छ ।

- हरित उत्पादकत्व कार्य समूह गठन गर्नु ।
- सामान्य सर्भे गरी सूचना सङ्कलन गर्नु ।

## (ख) योजना बनाउनु (Planning)

यस चरणमा उपरोक्त बमोजिम प्राप्त सूचनाहरूको विभिन्न तरिका र माध्यमबाट विश्लेषण गरी समस्याहरू तथा तिनका कारणहरूको पहिचान गर्नुका साथै समाधानका लागि उद्देश्य एवम् लक्ष्य निर्धारण गरिन्छ ।

- समस्या पहिचान गरी विश्लेषण गर्नु ।
- उद्देश्य तय गरी लक्ष्य निर्धारण गर्नु ।

## (ग) विकल्प छनौट गर्नु (Generation and evaluation of GP options)

यस चरणमा उपरोक्त बमोजिम निर्धारित उद्देश्य एवम् लक्ष्य प्राप्तिका लागि विभिन्न विकल्पहरू तयार गरी तिनको मूल्याङ्कन गरिन्छ र छनोट गरिएका विकल्पहरूको कार्यान्वयन योजनासमेत तयार गरिन्छ ।

- वैकल्पिक तरिकाहरू तयार गर्नु ।
- विकल्पको छनोट र मूल्याङ्कन गर्नु ।
- कार्यान्वयनका लागि योजना तयार गर्नु ।

### (घ) अपनाइएका विकल्प कार्यान्वयन गर्नु (Implementation of GP options)

यस चरणमा उपरोक्त बमोजिम छनोट गरिएका विकल्पहरू लागू गर्ने सन्दर्भमा तयारी कार्य र कार्यान्वयन पक्ष पर्दछन् । तयारी चरणमा तालिम, चेतना अभिवृद्धि एवम् क्षमता विकासजस्ता गतिविधिहरू पर्छन् भने कार्यान्वयन चरणमा आवश्यक चरणमा आवश्यक उपकरण तथा प्रणालीको स्थापनाका साथै कार्य निर्देशिका तयार गर्ने कार्य पर्दछन् ।

- कार्यान्वयन गर्दै जानु ।
- तालिम दिनु, जागरुक बनाउनु र कार्यक्षमताको विकास गर्नु ।

### (ङ) अनुगमन एवम् समीक्षा गर्नु (Montoring and review)

यस चरणमा उपरोक्त बमोजिम विकल्पहरू लागू गरिएपछि समग्र हरित उत्पादकत्व प्रकरण सही दिशातर्फ उन्मुख छ छैन र तिनले ऐच्छिक परिणाम प्राप्त गरिरहेका छन् वा छैनन् भनी अनुगमन र मूल्याङ्कन गरी व्यवस्थापकीय समीक्षा गरिन्छ ।

- कार्यान्वयन नतिजा अनुगमन र मूल्याङ्कन गर्नु ।
- व्यवस्थापकीय समीक्षा गर्नु ।

### (च) हरित उत्पादकत्वलाई दिगो बनाउनु (Sustaining GP)

उपरोक्त बमोजिमको मूल्याङ्कनका आधारमा कार्यक्रमलाई लक्ष्य अनुरूप बनाउन सुधारात्मक कार्यहरू गरिन्छ । आवश्यकताअनुसार कार्यविधिमा परिवर्तन र संशोधन गर्नु, नयाँ वा थप आइपरेका समस्या पहिचान गरी निरन्तर सुधार गर्दै जानु आदि रहेका छन् ।

- चाहिएअनुसार कार्यविधिमा परिवर्तन गर्नु ।
- समस्या पहिचान गरी निरन्तर सुधार गर्दै जानु ।

कुनै पनि कार्य गर्दा आवश्यक पर्ने संशाधन कसरी फारो गरी प्रयोग गर्न सकिन्छ भन्ने सोच राखी निम्न तरिकाहरूबाट पनि हरित उत्पादकत्व बढाउने तरिका अपनाउन सकिन्छ ।

- न्यूनतम परिवर्तन
  - कच्चामाल परिवर्तन
  - प्रक्रिया नियन्त्रण
  - आन्तरिक व्यवस्थापनमा सुधार

- उपकरणमा सुधार र प्रविधि परिवर्तन

- पुनः प्राप्ति र पुनः प्रयोग जस्तैः ऊर्जा, कच्चा पदार्थ, पानी इत्यादि ।
- खेर गएको पदार्थको पुनः उपयोग ।

**फाइदाहरू** (Advantages)

हरित उत्पादकत्वको माध्यमबाट उत्पादकत्व एवम् वातावरणीय पक्षहरूमा निरन्तर हासिल हुने लाभहरूमा इन्धन तथा कच्चा पदार्थको खपतमा कमी, लागतमा कमी, वातावरण-मैत्री उत्पादन एवम् सह-उत्पादन, गुणस्तरमा वृद्धि, कामदारको स्वास्थ्य तथा सुरक्षामा सुधारका साथै सिर्जनशीलता एवम् नविनताको विकास आदि पर्दछन् । समग्रमा हरित उत्पादकत्व एक बहुआयामिक रणनीति हो । यसबाट व्यवसायिक कार्य सम्पादन र आर्थिक गतिविधिको साथसाथै समष्टिमा जीवनस्तरमा सुधार ल्याउन सघाउ पुग्दछ ।

यसबाट हुने फाइदाः

- कच्चा पदार्थ प्रयोगको मात्रामा कमी हुनुको साथै उत्पादन लागतमा कमी ।
- उत्पादन प्रक्रियामा सुधारका साथै उत्पादित वस्तुको गुणस्तरमा सुधार ।
- चुहावट कम भई कार्यस्थलमा काम गर्ने वातावरणको सुधार ।
- कम लागतमा खेर जाने वस्तुको पुनः प्रयोग गर्न सकिने ।
- प्रदूषित वस्तुको निष्काशनमा कमी ।
- औद्योगिक प्रतिष्ठानमा सामूहिक सकारात्मक भावना ।
- औद्योगिक प्रदूषणको मात्रामा कमी र उत्पादकत्व वृद्धि ।
- मुनाफा वृद्धि ।
- संस्थाको छविमा सुधार ।
- कामदारको स्वास्थ्यमा सुधार ।
- जनस्वास्थ्यमा सुधार र वातावरणको संरक्षण ।
- नीति नियम र कार्यान्वयनबीच तालमेल ।
- फोहोरमैला व्यवस्थापन लागतमा कमी ।
- कामदारहरूको सहभागितामा वृद्धि ।
- दिगो विकासतर्फ उन्मुखता र सजगता ।
- वातावरणीय संरक्षणको प्रवर्द्धन ।

उद्योगहरू आर्थिक विकासका मेरूदण्ड हुन् । औद्योगिक व्यवसायका मुख्य फाइदाहरूमा सर्वसाधारणका लागि रोजगारी, सरकारका लागि राजश्व तथा शेयरधनीका लागि लाभांश पर्दछन् ।

औद्योगिक विकासबाट यस किसिमका फाइदा हुने भए तापनि यसका केही नकारात्मक पक्षहरू पनि छन्, जस्तैः यसले पृथ्वीमा रहेको दुर्लभ प्राकृतिक स्रोत नास हुँदै जानुका साथै वातावरणलाई पनि प्रदूषित गरिरहेको हुन्छ। नेपालमा पनि सर्वसाधारणहरूको वातावरणपट्टि चेतना क्रमशः बढिरहेको छ। संसारभरि नै वातावरणीय चासोको कारण उद्योगहरूले निश्चित र तोकिएको मापदण्डको अधिनमा रही प्रदूषित वस्तुहरूको निष्काशन गर्नुपर्ने भइरहेको छ। उद्योगका छेउछाउ बसोबास गर्ने जनसमुदायहरू र विकसित राष्ट्रका उपभोगकर्ताहरूको दबाबले गर्दा उद्योगहरू वातावरण-मैत्री प्रक्रियाहरूको अवलम्बन गर्न बाध्य भइरहेका छन्। त्यस्तै हालसालै नेपाल सरकार, जनसंख्या तथा वातावरण मन्त्रालयले पाँच विभिन्न प्रदूषण गर्ने खालका उद्योगहरूको लागि सतही फोहोर पानी निष्काशन घटबढ सीमा राखी मापदण्ड प्रकाशित गरिसकेको छ।

औद्योगिक प्रदूषणप्रतिको विगतको धारणालाई पछाडि फर्केर हेर्ने हो भने यसमा समयानुसार परिवर्तन भएको पाइन्छ। सुरुका समयमा प्रदूषणलाई बेवास्ता गरिन्थ्यो र औद्योगिक प्रदूषणलाई स्वाभाविक रूपमा उद्योगबाट निष्काशन हुने वस्तुका रूपमा हेरिन्थ्यो। क्रमशः प्रदूषणबाट स्वास्थ्यमा प्रतिकूल असर पर्ने सम्भावना देखिएपछि उद्योगहरूलाई एकै स्थान वा नजिक-नजिक स्थापना गरि नुभन्दा फैलाएर स्थापना गर्नुपर्छ भन्ने सोच आयो र प्रदूषणको समाधानको उत्तम उपाय यही नै हो भन्न थालियो। तर, उद्योगहरूको संख्यामा अत्यधिक वृद्धि भएपछि प्रकृतिको प्रदूषण वहन गर्न सक्ने क्षमता सीमित भएकोले यो उपायले समाधान दिन सकेन। त्यसपछि प्रदूषणको उपचारको अवधारणा आयो। तर उपचार प्रक्रिया महँगो पनि हुने र एक अवस्थाको प्रदूषकलाई अर्को अवस्थामा रूपान्तरित मात्र गर्ने भएकोले यो अवधारणा पनि समस्याको समाधानको रूपमा देखिएन। अहिले आएर समस्याको समाधान खोज्ने क्रममा प्रदूषण रोकथामलाई प्रभावकारी अस्त्रको रूपमा लिन थालिएको छ।

## नेपालमा उत्पादकत्व अभियान (Productivity Movement in Nepal)

एसियाली उत्पादकत्व संगठन स्थापना गर्ने सोच **जापान उत्पादकत्व केन्द्र** (Japan Productivity Centre JPC) ले सन् १९५९ मा जापानको टोकियोमा सञ्चालन गरेको एसियाली उत्पादकत्व गोलमेच सम्मेलनमा भएको थियो। सन् १९५९ को सम्मेलनलाई निरन्तरता दिन फिलिपिन्सको राजधानी मनिलामा सन् १९६१ अप्रिलमा दोस्रो एसियाली गोलमेच उत्पादकत्व सम्मेलन भई एसियाली उत्पादकत्व संगठनको विधानको मस्यौदा तयार गरिएको थियो। एसियाली उत्पादकत्व संगठन (Asian Productivity Oranization: APO) को विधानलाई हस्ताक्षर समारोहमा अनमोदन गरेलगत्तै सन् **११ मई १९६१ तदनुसार** २०१८/०१/२९ का दिन अन्तरसरकारी क्षेत्रीय संगठनको रुपमा **एसियाली उत्पादकत्व संगठनको** स्थापना भएको थियो। संस्थापक सदस्यको रुपमा सन् १९६१ मा हस्ताक्षर गर्ने ८ राष्ट्रहरुमा नेपाल, ताइवान, गणतन्त्र कोरिया, जापान, भारत, पाकिस्तान, फिलिपिन्स र थाईल्यान्ड हुन्। एसियाली उत्पादकत्व संगठनको स्वरुप तीन तहमा छन् : १. कार्यकारी परिषद् (Governing Body) २. राष्ट्रिय उत्पादकत्व संगठन प्रमुखहरुको कार्यशाला गोष्ठी (Workshop Meeting of Heads of National Productivity Organizations: NPOs) र ए.पि.ओ.

सचिवालय (APO Secretaiat) छन् । हरेक सदस्य राष्ट्रले उद्योग मन्त्रालय अन्तर्गत कुनै संस्थालाई राष्ट्रिय उत्पादकत्व संगठन (National Productivity Organization) को रुपमा स्थापना गर्दछ र उक्त संस्थाले ए.पि.ओ.को आधिकारिक सम्पर्क कार्यालय (APO Liaison Office) र राष्ट्रको उत्पादकत्व अभियान (National Productivity Movement) लाई अगाडि बढाउने कार्य गर्दछ । हरेक सदस्य राष्ट्रहरुमा एकजना ए.पि.ओ. सम्पर्क अधिकृत (APO Liaison Officer) को व्यवस्था गरिएको हुन्छ, जसको मनोनयन सदस्य राष्ट्रको सरकारले गर्दछ । ए.पि.ओ.को मुख्य क्रियाकलापहरुमा, उद्योग सेवामुलक संस्था र कृषि क्षेत्रका लागि आधारभूत अनुसन्धान, अध्ययन, सर्भेक्षण, गोष्ठी, तालिम कार्यक्रमहरु, सभा-सम्मेलन, प्राविधिक विशेषज्ञ सेवा, अध्ययन अवलोकन भ्रमण, फेलोसिप, प्रकाशन र श्रव्यदृश्य तालिम आदि रहेका छन् । विशेष गरेर सामाजिक र आर्थिक विकास, साना उद्योगहरुको विकास, जनशक्ति व्यवस्थापन, उत्पादकत्वको मापन तथा विश्लेषण, गुणस्तर व्यवस्थापन, उत्पादकत्व तथा प्रविधि व्यवस्थापन, सूचना प्रविधि, राष्ट्रिय उत्पादकत्व संगठनको विकास, हरित उत्पादकत्व, एकीकृत सामदायिक विकास तथा कृषि तथा प्रविधिको विकास आदि रहेका छन् ।

प्रत्येक देशमा उत्पादकत्वको केन्द्रविन्दुको रुपमा कुनै एक सरकारी स्वामित्वमा रहेको संस्थालाई राष्ट्रिय उत्पादकत्व संगठन वा केन्द्र (National Productivity Organization/Centre) साथै एसियाली उत्पादकत्व संगठनको सम्पर्क कार्यालय तोक्ने व्यवस्था रहेको छ । सन् १९६१ अर्थात् वि.सं. २०१८ सालमा नेपाल सरकारले उत्पादन संगठनको कार्यभार उद्योग विभाग, वाणिज्य विभाग तथा नेपाल औद्योगिक विकास निगमलाई सुम्पिएको थियो । वि.सं. २०३१ सालमा नेपाल औद्योगिक विकास निगमबाट प्रशिक्षण तथा परामर्शदातासम्बन्धी कार्यहरु लिएर औद्योगिक सेवा केन्द्र स्थापना भएको थियो । उक्त संस्थाले उद्योग मन्त्रालयको Think Tank को रुपमा कार्यहरु गरेर सहयोग पुऱ्याएको थियो ।

त्यसपछि वि.सं. २०३१ सालमा विकास समिति ऐनअन्तर्गत औद्योगिक सेवा केन्द्र स्थापना भएपछि राष्ट्रिय उत्पादकत्व संगठन र एसियाली उत्पादकत्व संगठनको सम्पर्क कार्यालयको रुपमा नेपाल सरकारले तोकेपछि हाल पब्लिक लिमिटेड कम्पनीको रुपमा स्थापना भएको राष्ट्रिय उत्पादकत्व तथा आर्थिक विकास केन्द्रले निरन्तरता दिँदै आएको छ । वास्तवमा वि.सं. २०५६ सालमा औद्योगिक सेवा केन्द्र (विकास समिति) विभाजन भई दुई वटा संस्थाहरु, आर्थिक सेवा केन्द्र (हालको नाम- राष्ट्रिय उत्पादकत्व तथा आर्थिक विकास केन्द्र लि.) र औद्योगिक क्षेत्र व्यवस्थापन कम्पनी लिमिटेड स्थापना भएको थियो ।

नेपालमा उत्पादकत्व अभियानलाई अगाडि बढाउने कार्य गर्न विभिन्न समयमा विभिन्न संस्थाहरुले कार्य गर्दै आएता पनि सन् १९९४ तदनुसार वि.सं. २०५० साल असोज महिनामा राष्ट्रिय उत्पादकत्व परिषद्को स्थापना (राजपत्र भाग ३, खण्ड ४३ मितिः २०५०/०६/०४ मा प्रकाशित) भएपछि मात्र द्रुत गतिमा सुरु भएको हो । औद्योगिक नीति, २०६७ मा उत्पादकत्व अभिवृद्धिका लागि

अनुसन्धान, परामर्श, प्रशिक्षण तथा क्षमता विकासका कार्य गर्ने गरी हालको राष्ट्रिय उत्पादकत्व तथा आर्थिक विकास केन्द्रको संस्थागत सुदृढीकरण गरी छुट्टै राष्ट्रिय उत्पादकत्व परिषद्को स्थापना गरिने नीतिगत व्यवस्था गरिएको छ, जुन पहिलादेखि नै कार्यान्वयन भइरहेको छ । राष्ट्रिय उत्पादकत्व तथा आर्थिक विकास केन्द्र लिमिटेडलाई सदृढीकरण गरी जीवन्तता दिने समय भइसकेको छ । औद्योगिक क्षेत्र व्यवस्थापन कम्पनी लिमिटेडमा राष्ट्रिय उत्पादकत्व तथा आर्थिक विकास केन्द्र लिमिटेडलाई गाभेर **औद्योगिक क्षेत्र विकास प्राधिकरण** स्थापना गर्नु आवश्यक भइसकेको छ ।

## **निष्कर्ष** (Conclusion)

आज विकसित मुलुक होस् या विकासशील, उत्पादकत्व अभिवृद्धि नै सबैको मुख्य विषय भएको छ । उत्पादकत्व स्तरमा सुधार हुन सकेन भने विकासको गति नै मन्द, अवरुद्ध वा घट्न जाने हुन्छ । हालका दशकहरूमा मानवीय र पुँजीगत संशाधनहरू विस्तारित रूपमा प्रयोग नभई संशाधनका रूपमा प्रयोग हुन थालेको पाइन्छ । यसको तात्पर्य के हो भने, यी संशाधनहरू पहिले पहिलेभन्दा बढी उत्पादनशील रूपमा प्रयोग हुन थालेको पाइन्छ । विकसित र विकासशील देशहरूले दुईवटा चुनौतीको सामना गर्नुपरेको छ । पहिलो हो, मानवीय संशाधनलाई कसरी प्रभावकारी रूपमा परिचालन गर्ने र दोस्रो, पुँजीगत साधनलाई कसरी प्रभावकारी रूपमा उपयोग गर्ने भन्ने हो । संशाधनहरूको प्रभावकारी उपयोग गर्नु भनेको प्रविधि र सङ्गठनको विकास हो । तर, व्यापक अवधारणा राख्ने हो भने उत्पादकत्वमा सुधार गर्न मानव संशाधनको समुचित विकास गर्नु आवश्यक हुन्छ । मानव सीप, रुचि, प्रविधि, व्यवस्थापन र सामाजिक एवम् व्यवसायिक वातावरणको उद्‌गम विन्दु नै उत्पादकत्व वृद्धि हो । नेपाल सन् १९६१ मा एसियाली उत्पादकत्व सङ्गठन ***(Asian Productivity Organization)*** को संस्थापक सदस्य भएदेखि नै उत्पादकत्व अभिवृद्धिमूलक कार्यहरू हुँदै आएको छ तर यसलाई अझ प्रभावकारी बनाउनु पर्छ ।

सन्दर्भ सामग्री (References):


- जापान उत्पादकत्व केन्द, जापान ।
- एसियाली उत्पादकत्व सङ्गठन, जापान ।
- श्रेष्ठ, दुर्गेशकमार, (१९९५), उत्पादकत्व व्यवस्थापन : काठमाडौं ।
- ए पि ओ, हान्डबुक अन् ग्रिन प्रोडक्टीभिटी, जापान ।
- राष्ट्रिय उत्पादकत्व तथा आर्थिक विकास केन्द्र, काठमाडौ ।



**(लेखक, राष्ट्रिय उत्पादकत्व तथा आर्थिक विकास केन्द्रका पूर्वमहाप्रबन्धक हुनुहुन्छ)**


-०-

# नेपालमा औद्योगिकरण : एक परिचर्चा

*उद्योगले सम्बन्धित देशको नागरिकहरुको जीवनमा प्रत्यक्ष र अप्रत्यक्ष दुवै हिसाबले महत्वपूर्ण भूमिका खेल्दछ । देशमा उपलब्ध कमजोर वस्तुलाई बलियो बनाउँछ भने कमसल वा कम मूल्यको वस्तुलाई मूल्यवान पनि बनाउँदछ । अर्थात् वस्तुको मूल्यमा बढोत्तरी गराउने कुरामा उद्योगले नै भूमिका खेल्ने हुँदा यसको महत्व बढी देखिएको हो ।*



**डा.रमेश पौडेल**

## पृष्ठभूमि

हाम्रो देश नेपालको पहिचान अहिले पनि अर्धविकसित हो । यसको कारण के हो भने हाम्रो देशको आयस्रोत अरु देशको तुलनामा धीमा गतिमा बढेको छ । अर्को शब्दमा भन्ने हो भने नेपालको आर्थिक विकासको गति अरु धेरै देशहरूभन्दा सुस्त छ । एक त हाम्रो आयस्रोत व्यवस्थित ढङ्गले आय गणना गर्न थालेको समयमै पनि कम थियो, त्यसमाथि यसको वृद्धि पनि कमजोर रह्यो । त्यसैले देश २१औँ शताब्दीमा पनि अर्धविकसित नै छ ।

नेपाल प्राकृतिक साधन र स्रोतले सम्पन्न छ भनिरहँदा पनि देशको आर्थिक अवस्था कमजोर छ भन्नुपर्दा धेरै नेपालीको मन खिन्न हुन्छ । जवान, जलस्रोत, जमिन र जडिबुटीसहितको जङ्गल भएको देश भएर पनि अर्धविकसित देश सम्भवतः नेपालमात्रै हो । हामीसँग भएका यी सबै कुरालाई जबसम्म उत्पादन प्रणालीसँग जोड्न सकिँदैन, तबसम्म नेपालीको मन खिन्न हुने अवस्थाबाट मुक्ति पाउन पनि सकिने अवस्था बन्दैन । यी सबै चिजलाई उत्पादन प्रणालीसँग जोड्ने बाटो नै औद्योगिकरण हो, अर्थात् उद्योगको विकास गर्नुँ हो ।

उद्योगको विकासलाई महत्व दिएर नै आजभन्दा करिब २ सय ५० वर्षअगाडि पहिलो चरणको औद्योगिक क्रान्ति सम्पन्न भयो । औद्यगिक क्रान्तिले युरोपमा उपलब्ध साधन स्रोतलाई उत्पादन पद्धतिसँग व्यवस्थित र नवीनतम ढंगले जोड्न पुग्यो । पछिल्लो चरणमा पूर्वी एसियाका देशहरु र चीनसमेतले यो क्रमलाई तिव्र रुपमा अगाडि बढाउन सफल भए । आजसम्म पनि त्यसो गर्न नसक्ने राष्ट्रहरु स्वाभाविक रुपमा आर्थिक विकासको गतिले पछि परे । नेपाल पनि पछि पर्नेहरुमध्येको एक मुलुक हो ।

आजको सन्दर्भमा कुनै पनि देशको द्रुत विकासका लागि औद्योगिक विकास एक महत्वपूर्ण शर्त हो । उद्योगको विकासले सामान उत्पादन मात्र गर्ने होइन, यसले स्वदेशमै रोजगारको सिर्जना गर्ने

र विभिन्न हिसाबले मानवको जीवनलाई सहजता प्रदान गर्ने गर्दछ । औद्योगिक विकासको महत्वपूर्ण तथ्यहरु अनुसन्धानकर्ताहरूको मिहिनेत र मानव व्यवहारबाटै पनि स्थापित छन् । औद्योगिक विकासले स्थानीय साधन स्रोतको उचित प्रयोग त गर्छन् नै, त्योभन्दा बढी यसले अर्थतन्त्रको आत्मविश्वास बढाउने काम गर्दछ ।

उद्योगले सम्बन्धित देशको नागरिकहरुको जीवनमा प्रत्यक्ष र अप्रत्यक्ष दुवै हिसाबले महत्वपूर्ण भूमिका खेल्दछ । देशमा उपलब्ध कमजोर वस्तुलाई बलियो बनाउँछ भने कमसल वा कम मूल्यको वस्तुलाई मूल्यवान पनि बनाउँदछ । अर्थात् वस्तुको मूल्यमा बढोत्तरी गराउने कुरामा उद्योगले नै भूमिका खेल्ने हुँदा यसको महत्व बढी देखिएको हो । उद्योगले रोजगार त दिलाउँछ नै साथसाथै त्यसबाट उत्पादित वस्तुले मानिसको जीवनस्तरमा सहजता प्रदान गर्दछ । उद्योगको यही भूमिका बुझेर नै विकासवादी अर्थशास्त्रीहरु औद्योगिकीकरणलाई विकासको महत्वपूर्ण माध्यम मान्दछन् । आधुनिक सुविधा, आधुनिक समाज र आधुनिक अर्थतन्त्रका लागि औद्योगिकीकरण एउटा विकासको औजारको रुपमा परिभाषित गर्ने गरेको पाइन्छ ।

नेपालमा सन् १९८० को दशकमा औद्योगिक विकासका केही लक्षणहरू देखा परे पनि त्यसले लामो समय निरन्तरता लिन सकेन । यसैको परिणामस्वरुप लगानीकर्ताहरु पनि यो वा त्यो कारणबाट धेरै उत्साही बन्ने अवस्था रहेन । यसैको परिणाम हो, आजको जर्जरपूर्ण औद्योगिक विकासको अवस्था । तथ्याङ्कमा उत्पादनमूलक उद्योगको कुल गार्हस्थ उत्पादनमा अंश हेर्ने हो भने अहिलेको अवस्थामा करिब ६ प्रतिशतको हाराहारीमात्र भेटिन्छ । यो राम्रो हुँदा पनि करिब १० प्रतिशतको हाराहारी मात्रै पुगेको छ । त्यस्तैगरी औद्योगिक क्षेत्रमा नेपालको श्रमशक्तिको जम्मा सात प्रतिशतको हाराहारीले मात्रै रोजगार प्राप्त गर्न सकेको छ । त्यसैले यी तथ्याङ्कहरूको निचोड भनेकै नेपालको औद्योगिक क्षेत्र जर्जर अवस्थामा छ भन्नु हो । अत: अबको हाम्रो आर्थिक समृद्धि चाहने जमातलाई औद्योगिकीकरणतर्फ कसरी बढाउन सकिन्छ भन्ने कुरालाई नै नीति-निर्माताहरूले आफ्नो प्राथमिकतामा राख्न सक्नुपर्दछ । यसै कुरालाई मध्यनजर गरेर यो आलेख प्रस्तुत गरिएको छ ।

## औद्योगिकीकरण नै किन ?

सामान्यत: औद्योगिकीकरणको महत्व रोजगार र राष्ट्रिय उत्पादन बढाउने कुरामा छ भन्ने गरिन्छ । तर, त्यति मात्रै सत्य होइन । उद्योगको विकासै नभए पनि यदि अन्य क्षेत्रको राम्रो विकास भएको छ भने पनि राष्ट्रिय आय र रोजगारमा बढोत्तरी हुन सक्दछ । फरक के छ भने औद्योगिकीकरणले अदक्ष र अर्धदक्ष जनशक्तिलाई समेत रोजगारमा सामेल गर्न सक्दछ । यस सन्दर्भमा हाम्रा छिमेकी देशहरुको अनुभव पनि उल्लेख्य छ । भारतले सेवा क्षेत्रमा बढी ध्यान केन्द्रित गरेको थियो । यद्यपि पछिल्लो समयमा भने औद्योगिक क्षेत्रले त्यहाँ पनि प्राथमिकता पाउन थालेको छ । चीनले सुरुदेखि नै उत्पादनमूलक क्षेत्रमै ध्यान केन्द्रित गरेकाले रोजगारसँग सम्बन्धित समस्या भारतमा भन्दा तुलनात्मक रुपले कम देखा परे । सेवा क्षेत्रमा दक्ष नागरिक बढी आवश्यक पर्ने र अर्धदक्ष नागरिकले धेरै कम मात्र भूमिका खेल्न सक्दछन् ।

त्यसैले औद्योगिकरण नगरेसम्म अहिले विदेसिरहेका युवालाई स्वदेशमा रोक्न पनि सकिँदैन ।

अर्कोतर्फ स्थानीय साधन र स्रोतको अधिकतम् सदुपयोग गर्ने कुरामा पनि औद्योगिकीकरणको महत्व प्रष्टिन्छ । उद्योगको विकासले वस्तु र सेवाको सहज पहुँच प्रदान गर्दछ र स्वदेशमै विभिन्न हिसाबले खेर गइरहेका विभिन्न खालका कच्चा पदार्थहरुलाई उपभोगयोग्य वस्तुमा रुपान्तरण गर्दछ ।

यी सबै कारणले औद्योगिकीकरण हुँदा राष्ट्रिय आयमा तीव्र गतिमा वृद्धि हुन पुग्दछ र नागरिकको जीवनस्तर सुधार्न योगदान पुग्दछ । दोस्रो विश्वयुद्धपछि जापान, दक्षिण कोरिया र पछिल्लो समयमा पूर्वी एसियाका अधिकांश देशहरुले औद्योगिकीकरणलाई प्राथमिकतामा राखेर नै विकासमा तीव्रता ल्याउन सफल भए । पहिलो औद्योगिक क्रान्तिले युरोपियन महादेशका राष्ट्रहरूको विकासमा ठूलो योगदान गऱ्यो । यी तथ्यहरूले प्रष्ट हुने कुरा के हो भने औद्योगिकीकरण नै देश विकास गर्ने एउटा आधार हो । अतः देशको अर्थतन्त्रको सर्वाङ्गीण विकासको लागि औद्योगिक विकासको महत्व राष्ट्रिय विकासको क्षेत्रमा स्थापित मान्यता हो ।

## के छन् औद्योगिकीकरणका लागि समस्या ?

औद्योगिकीकरणका लागि आधारभूत कुराहरु हुन् : पुँजी, पूर्वाधार, प्रविधि, श्रमशक्ति र बजार । यी सबै कुरालाई स्पष्ट योजनाका साथ व्यवस्थित गर्न सक्दा नै औद्योगिकीकरण सम्भव छ । हाम्रा छिमेकमा विशाल बजार छन् र हाम्रो श्रमशक्ति उदाहरणीय अवस्थामा छ । बाँकी कुरालाई व्यवस्थापन गर्न नसक्नु नै यस सन्दर्भका मूलभूत समस्याहरु हुन् ।

विगत धेरै लामो समयका तथ्याङ्कहरुलाई अध्ययन गर्दा प्रष्ट हुन्छ कि, नेपालको अन्तर्राष्ट्रिय व्यापार दिन-प्रतिदिन प्रभावहीन बन्दै गएको पाइन्छ । अर्थात् हाम्रो अर्थतन्त्र बढी आयातमुखी छ । यो औद्योगिक क्षेत्रको विकास नभएका कारण नै हो । सन् १९८० को दशकदेखि सुरु भएको आर्थिक उदारीकरणको प्रक्रियासँगै नेपालले वैदेशिक लगानी र व्यापारको क्षेत्रलाई खुला गर्दै अन्तर्राष्ट्रिय आर्थिक सञ्जालमा समाहित हुने प्रयास गरेको छ । तर, यसको प्रभाव हामी आयातमुखी बनिरहेका छौं । बर्सेनि व्यापार घाटा चुलिँदै गएको छ । केही व्यवहारगत समस्या पनि यसका कारणहरु हुन् ।

लगानीको अभाव आफैंमा एउटा ठूलो समस्या हो । बचत पनि कम हुने र भए पनि वातावरणको अभावका कारण लगानीमा रुपान्तरण नहुने समस्या छ । बैंकको व्याजदर अधिक भएको र छिटो-छिटो परिवर्तन भइरहेको कारण उद्योगी/व्यवसायीले लगानी विस्तार गरी व्यावसायिक क्रियाकलाप सञ्चालन गर्न अप्ठेरो परेको छ । एकातर्फ वाणिज्य बैंकहरुको नाफा चुलिँदो छ भने अर्कोतर्फ व्याजदरमा निरन्तर बढ्ने र नगद प्रवाहमा समस्या देखिने गर्दा औद्योगिकीकरणलाई अवरोध पुऱ्याइरहेको अवस्था विद्यमान छ ।

यसरी हेर्दा हाम्रो बैंकिङ नीतिमै पनि समस्या देखिन्छ । झण्डै ७५ प्रतिशत औद्योगिक रोजगारमा हिस्सा राख्ने र औद्योगिक क्षेत्रको कुल गार्हस्थ उत्पादनमा योगदान गर्ने साना तथा मझौला

उद्योग-व्यवसायहरुमा वाणिज्य बैंकहरुले जम्मा ५ प्रतिशतभन्दा कममात्र लगानी गरेका छन् । यसले प्रष्ट हुन्छ, औद्योगिक क्षेत्रको वित्तीय व्यवस्थापनमा राज्यको ध्यान पुग्नै सकेको छैन । यो अर्को जटिल समस्या हो । वाणिज्य बैंकहरुले धेरै अवस्थामा एकपक्षीय रुपमा व्याज बढाउनेजस्ता कार्यले पनि आन्तरिक लगानी बढाउन लगानीकर्ताहरुलाई आत्मविश्वास कम हुँदै गएको छ ।

विशेष आर्थिक क्षेत्र (सेज) स्थापना भई त्यसको ऐन-नियमसमेत तर्जमा भएपछि पनि हालसम्म सञ्चालन हुन सकेको छैन । यसको सञ्चालनका लागि विद्युत्, पानी, पूर्वाधार लगायतका अन्य व्यवस्थाहरु नहुँदा उद्योग स्थापना भई सञ्चालनमा आउन कठिन भएकोले विशेष आर्थिक क्षेत्रमा उद्योगहरु स्थापनामै समस्या देखिएको छ । तसर्थ आवश्यक पूर्वाधार र तीसँग सम्बन्धित सुविधाको व्यवस्था गरी विशेष आर्थिक क्षेत्रभित्र उद्योग सञ्चालन गर्ने वातावरण हुनुपर्ने आवश्यकता छ ।

ऐन, नियमहरुको प्रभावकारी कार्यान्वयनको अभाव प्रवृत्तिगत समस्याको रुपमा देखा परेको छ । औद्योगिक व्यवसाय ऐन, २०७३ को दफा ३५ मा एकल विन्दु सेवा केन्द्रको स्थापना गरी उद्योग वा लगानीकर्तालाई प्राप्त हुने छुट, सुविधा वा सहुलियत र उद्योगको लागि आवश्यक पर्ने पूर्वाधारसम्बन्धी सेवा समयमै सरल र सहज रुपमा एकै थलोबाट उपलब्ध गराउने व्यवस्था भए पनि आजसम्म पनि ऐनमा भएको व्यवस्थाअनुसार सेवा केन्द्र कार्यान्वयनमा नआउँदा उद्योग वा लगानीकर्तालाई प्राप्त हुने छुट, सुविधा वा सहुलियत प्राप्त हुन सकेको छैन । यसमा केही व्यावहारिक समस्या नै प्रमुख छन् । नीति निर्माण हुने तर तिनीहरुको प्रभावकारी कार्यान्वयन नहुने समस्या टड्कारो छ ।

करको झमेला अर्को समस्या हो । हामी अहिले संघीयतालाई कार्यान्वयन गर्ने चरणमा छौं । अन्तरप्रदेश उद्योग सार्नुपर्ने वा शाखा-प्रशाखा खोल्नुपर्ने अवस्था आएमा कठिनाई उत्पन्न हुनुको साथै नगरपालिका/गाउँपालिकाहरुले वस्तु तथा सेवाको उत्पादन एवं बिक्री वितरणमा कर लाग्ने हुँदा दोहोरो -तेहोरो कर तिर्नुपर्ने अवस्था आइपरेको छ । यसबाट व्यवसायीहरु त्रसित छन् । कतिपय अवस्थामा असमझदारीका कारण दोहोरो कर पनि एक खालको समस्या बन्दै गएको छ । आजको अवस्थामा हामीलाई चाहिएको लगानी हो र करले लगानीलाई प्रोत्साहन गर्ने खालको बनाउनु आवश्यक छ ।

सारमा भन्नुपर्दा हामीले महत्वपूर्ण समस्याका रुपमा लगानीलाई नै चित्रित गर्नंपर्ने हुन्छ । लगानी त्यसै बढ्दैन । आन्तरिक लगानी र बाह्य लगानी दुवै बढाउन के गर्नं आवश्यक छ भन्नेतर्फ नीति-निर्माताहरुको अविलम्व ध्यान जानु आवश्यक छ ।

## कसरी बढ्छ बाह्य लगानी ?

अर्थतन्त्र सानो हुने देशमा वैदेशिक लगानी बढाउने कुरालाई औद्योगिकीकरणको हतियारका रुपमा लिने गरिन्छ । तर, वैदेशिक लगानी कुनै पनि देशमा त्यसै आउँदैन । त्यसरी आउने भए अफ्रिकाले पनि यति लामो समयसम्म अविकसित रहनु पर्ने थिएन । लगानीकर्ताले विश्वास गर्ने आधार

बन्नु नै नेपाल जस्तो देशका लागि ठूलो चुनौति हो । यसो किन पनि छ भने हाम्रा कानुन र काम गर्ने शैली लगानीकर्ताले खोज्ने जस्ता स्वाभाविक खालका छैनन् । एकातर्फ नीतिगत अस्थिरता अत्यन्तै धेरै छन् भने अर्कोतर्फ उनीहरुले खोज्ने आकर्षक पूर्व शर्तहरुको विकास गर्नैपर्ने अवस्था छ । यहाँ वैदेशिक लगानीका मूलभूत पूर्व शर्तबारे संक्षिप्त चर्चा आवश्यक छ ।

उत्पादनका साधनमध्ये श्रमको लागतले वस्तु वा सेवा उत्पादनको लागतमा महत्वपूर्ण हिस्सा ओगट्दछ । सस्तो श्रमशक्ति पाउँदा लगानीकर्ताको नाफाको हिस्सा बढी हुने हुनाले उनीहरु लगानी गर्न आकर्षित हुन्छन् । अरु पनि धेरै कारण छन् तर मूलतः यही कारणले पूर्वी एसियाका देशहरुमा वैदेशिक लगानी भित्रिएको हो । यसैले गर्दा उनीहरुले औद्योगिक उत्पादनमा विगतका करिब ४ दशकमा ठूलै फड्को मारे । त्यो उपलब्धि 'पूर्वी एसियाको चमत्कार' का नामले प्रसिद्ध पनि छ । यही शृंखलाको पछिल्लो कडिको रुपमा भियतनाम र इण्डोनेसिया जोडिएका छन् ।

विभिन्न कारणले हाम्रो श्रमको लागत छिमेकी देशहरुको तुलनामा धेरै सस्तो छैन तर थोरै मिहिनेत गर्दा हुन सक्दछ । मूलतः प्राविधिक शिक्षाको अभावले यसो भएको हो । उनीहरुको उत्पादकत्व हाम्रा छिमेकीहरुको भन्दा बढी होइन बरु कम छ । युनियनिज्म हावी छ भन्ने त्रास विदेशी लगानीकर्तालाई पनि छ । उनीहरुलाई यो त्रासबाट मुक्त गराउनु पर्ने छ भने अर्कोतिर हाम्रो जनशक्तिलाई लगानीकर्ताले चाहने अथवा उत्पादनमा प्रत्यक्ष योगदान दिन सक्ने नबनाएसम्म यो आधारमा लगानीकर्तालाई आकर्षण गर्ने क्षमता हामीसँग छैन । काम गर्न सक्ने उमेरको ठूलो हिस्सा सहितको जनसंख्या त हामीसँग छ तर त्यसबाट फाइदा लिनका लागि यो जनसंख्यालाई कम्तीमा उत्पादनका हिसाबले अर्धदक्ष र दक्ष जनशक्तिमा रुपान्तरण गर्न आवश्यक छ । यसतर्फ जति सक्दो छिटो ध्यान दिन सकिन्छ, उति छिटो वैदेशिक लगानीका लागि एउटा आधार तयार हुने छ । यो सम्भव छ भन्ने बुझेर नै सरकारले अबका दिनमा कदम चालोस् । अहिलेको सरकारलाई एक होइन, विभिन्न हिसाबले यो गर्न सुविधा पनि छ ।

जनसंख्या ठूलो भएका देशहरु पनि वैदेशिक लगानीका आकर्षक देशहरु हुन् । अझ जनसंख्याको ठूलो हिस्सासँग राम्रो क्रयशक्ति छ भने त्यस्ता देशहरु वैदेशिक लगानीका प्राथमिकतामा पर्दछन् नै । खास गरी भारतमा आएको वैदेशिक लगानी भारतबाट निर्यात बढाउने भन्दा पनि भारतकै आन्तरिक बजारलाई मध्यनजर गरेर आएका छन् भन्ने गरिन्छ । जबकि ठूलो जनसंख्या भए पनि चीनमा आएको वैदेशिक लगानी चीनबाट निर्यात नै गर्ने लक्ष्यले विदेशका कम्पनीहरु भित्रिएका छन् ।

यस आधारमा हेर्दा नेपालसँग राम्रो सम्भावना छ । आफैं पनि जनसंख्याको हिसाबले हाम्रो देश सानो होइन । छिमेकमा रहेका दुई ठूला देशको बजारहरु पनि हाम्रो समीपमै छन् । तर, त्यसका लागि हामीले दिगो पूर्वाधारको विकासमा जोड दिएर छिट्टै केही गर्दैछ भन्ने विश्वास दिलाउनु आवश्यक छ । चीनको ओवोर, सिल्क रोडजस्ता मेगा प्रोजेक्टहरुले पनि नेपालको कनेक्टीभिटीमा केही

सकारात्मक असर ल्याउला नै । तर, हामीले आन्तरिक रुपमै धेरै गर्नं पर्ने छ । व्यापार सहजीकरणका लागि चाहिने यावत् कुराहरुमा एकै पटक सुधारका संकेत देखिने गरी काम गर्नं आवश्यक छ । यतिले मात्र पनि अहिलेको अन्तर्राष्टिय् व्यापार नचल्ने अवस्था देखिँदैछन् । त्यस्ता समस्याहरुलाई समाधान गर्न सरकारले व्यापार कुटनीतिलाई आफ्नो कुटनीतिको अङ्ग बनाउनु आवश्यक देखिन्छ । जसबाट अन्तर्राष्ट्रिय बजारमा नेपालको उत्पादनले सहज पहुँच स्थापना गर्न सक्ने छ र वैदेशिक लगानी भित्र्याउनका लागि एउटा आधार बन्ने छ ।

आजसम्म आइपुग्दा राष्ट्रिय उत्पादन र उत्पादकत्व बढाउन सुशासनका भूमिकाका बारेमा नेपालमै पनि पर्याप्त चर्चा र छलफल भएका छन् । सुशासन र नीतिको दिशाको एक खालको निश्चितता हुँदा लगानीकर्ताले बनाउने योजना र रणनीतिले सफलता पाउने सम्भावना बढी हुन्छ । त्यही कारण लगानीकर्ताहरु त्यस्ता ठाउँलाई लगानीको प्राथमिकतामा राख्न चाहन्छन् । पछिल्लो समय भियतनाम त्यसको उदाहरण बनेको छ । गएको दशकसम्म पनि भारतभन्दा चीन लगानीकर्ताको प्राथमिकतामा पर्नंको मूल कारण पनि यही हो । र, यो क्रम आज पनि रोकिएको छैन । अहिले पनि भारतमा उद्योग खोलेर सञ्चालनमा ल्याउने समयभन्दा चीनमा उद्योग खोलेर सञ्चालनमा ल्याउने समयको बीचमा ठूलो अन्तर छ ।

हामी विगत लामो समयदेखि राजनीतिक अस्थिरताबाट उत्पन्न भएको कुशासनको चक्रमै फसेका छौं । बारम्वार यो भनेर वा कुनै एउटा कामले मात्र यसको स्तर सुधारिदैन । अरुको विश्वास लिने कुरा भोट पाए जस्तो पनि होइन, न त यो एउटै भाषणबाट चर्चामा आए जस्तै हो । समग्र र शृङ्खलाबद्ध सुधारात्मक कामहरुको समग्र परिणाम नै सुशासनको स्तर सुधार्ने उपाय हो । यसका लागि आवश्यक अनुगमनको संयन्त्र अपरिहार्य छ । देशमा कसैले नगर्नं पर्ने काम गरेको आधा घण्टाभित्र कानुनी प्रक्रियामा ल्याउने संस्थाको अभाव छ । त्यस खालको संस्थाले काम गर्दा राज्यप्रति विश्वासको वातावरण बढ्नेछ, स्वदेश वा विदेशको लगानी परिचालित हुने छ ।

वैदेशिक लगानी भित्र्याउने अर्को आधार प्राकृतिक साधन स्रोतहरुको उपलब्धता हो । ती साधनहरुको दोहन गरेर नाफा कमाउने लक्ष्यका साथ वैदेशिक लगानी भित्रिन्छन् । पछिल्ला वर्षहरुमा अफ्रिकाका देशहरु यस आधारमा वैदेशिक लगानी भित्र्याउने देशहरु हुन् । त्यहाँ उपलब्ध कृषि उपज र विभिन्न प्रकारका खनिजजन्य र पेट्रोलियम पदार्थका स्रोतहरुको दोहन गर्ने हिसाबले भारत, चीन र विकासशील देशहरुबाटै पनि थुप्रै वैदेशिक लगानी त्यहाँ भित्रिएका छन् ।

हामीले वर्षौदेखि नेपाल प्राकृतिक साधनमा धनी छ भनेर भन्दै आएका छौं र छ पनि । तर, त्यसको उचित प्रयोग गर्ने कुरामा चुकेका छौं । प्रकृति, पर्यावरण, हावापानी आदिलाई कुनै नकरात्मक असर नपार्ने गरी पनि तिनीहरुको दोहन राष्ट्रिय अर्थतन्त्रका पक्षमा गर्न सकिन्छ । यसतर्फ पनि हामीले ध्यान पुर्‍याउनु आवश्यक छ ।

हालका प्रधानमन्त्री केपी शर्मा ओलीको अघिल्लो कार्यकालमा प्राकृतिक ग्यास, फलाम, युरेनियमजस्ता खनिज पदार्थ र हावाबाट निकालिने विद्युत्का बारे राम्रै प्रयत्न भएका थिए । समय अभावमा ती प्रयासले परिपक्व स्वरुप लिन पाएनन् । तर, अहिले वहाँसँग अनुकूलताहरु छन्, सम्बन्धित मन्त्री र नीति-निर्माताहरुले पहल गर्दा वैदेशिक लगानीको यो एउटा महत्वपूर्ण आधार हुन सक्दछ ।

हामीले हाम्रो घना जङ्गलको व्यवस्थापनमै पनि इण्डोनेसियाको उदाहरण महत्वपूर्ण बन्न सक्दछ । प्राकृतिक सम्पदाको रुपमा रहेको जङ्गलबाटै पनि कसरी दीर्घकालीन आय गर्ने भन्ने सवालमा ध्यान पुग्नसके राम्रो देखिन्छ । हाम्रो जमिनको व्यवस्थापनका सन्दर्भमा आम्दानी बढाउने ढङ्गले सोचेका छैनौं । पछिल्लो समय चर्चाको शिखरमा रहेकको 'चन्द्रागिरी' जस्ता टाकुरा त दसौं हजार हाम्रा पर्यटकीय स्थल बन्न सक्दछन् । आवादी, कृषि, जमिन बाहेक पनि हामीसँग थुप्रै भूमि बाँकी छ । त्यो भूमिको उचित सदुपयोग गर्ने नीति अवलम्वन गर्दा पनि मनग्य विदेशी लगानीका लागि आधार तयार हुनेछन्, भित्रिने सम्भावना छ । यी सबै औद्योगिकीकरणका लागि प्रमुख निर्धारक बन्न सक्दछन् ।

## औद्योगिकीकरणका लागि के गर्न सकिन्छ ?

वास्तविक तुलनात्मक लाभका क्षेत्रको पहिचान गरी विशेष कार्यक्रम बनाउँदा उद्योगका लागि वातावरण बन्न सक्दछ । लगानी त एक प्रमुख पक्ष मात्र हो, सबै थोक होइन औद्योगिकीकरणका लागि । तुलनात्मक लाभका क्षेत्र पहिचान नगरेसम्म अन्तर्राष्ट्रिय व्यापारबाट कुनै पनि देशले लाभ लिन सक्दैन । भूपरिवेष्ठित राष्ट्र हुनाका कारण नेपाल यस मामिलामा झन संवेदनशील हुनु पर्दछ । अर्को कुरा, नेपाल र भारतले प्रयोग गर्ने उत्पादन प्रविधि र मानव संशाधनको स्वरुप उस्तै खालको छ, हामीलाई घाटा के छ भने यही अवस्थामा बढी ढुवानी लागतका साथ व्यापार गर्नुपर्दछ । त्यसैले राज्यस्तरबाट नै एउटा नीति बनाएर हवाई मार्गलाई थप व्यवस्थित बनाई हलुका तर महङ्गा वस्तु उत्पादन गर्न सकेमा व्यापार घाटा कम गर्ने र निर्यात व्यापार बढाउने ढङ्गको भूमिकाका लागि सहजता आउन सक्दछ । नीतिगत योजनामा युवा उद्यमशीलतालाई प्राथमिकरण दिने र 'एक गाउँ तीन उद्योग' जस्ता कार्यक्रम अवस्था हेरी लागु गर्न सकिन्छ । स्मरण रहोस्, व्यापक उत्पादनका क्षेत्रमा काम नगरेसम्म हाम्रो जस्तो मुलुकबाट बेरोजगार कम गर्न सकिँदैन ।

व्यापार कुटनीतिको विकासः आज पनि नेपालका कुटनीतिक नियोगहरु विश्वका ठूलो बजार भएका देशहरुमा पनि क्रियाशील छन् । ती देशहरुमा नेपालका कुटनीतिक नियोगहरुमा ठूलो लगानी पनि भएको छ तर त्यसबाट राष्ट्रले खासै फाइदा लिन सकेको छैन । यस्ता नियोगहरुले कुटनीतिक सम्बन्ध कायम गर्ने परम्परागत कामले मात्र अहिलेको जमानामा खासै उपलब्धि हासिल गर्न सकिन्न । विगत केही समयपश्चात्, खास गरी सन् १९८० को दशकपछि 'आर्थिक कुटनीति' बढी प्रभावकारी भयो र यो विकासशील र अर्धविकसित देशहरुका सन्दर्भमा 'आर्थिक सहयोग कुटनीति' का रुपमा रह् यो । विश्वव्यापीकरणको बढ्दो प्रभावसँगै यो 'व्यापार कुटनीति'का रुपमा विकास हुँदै गएको अवस्था हो र यसमा पनि हामीले निश्चित योजनाका साथ भूमिका खेल्न अब ढिला गर्नु हुँदैन ।

सुशासन आधुनिक विकासको आधारशिला नै हो । सुशासन भन्नाले एउटा त्यस्तो वातावरण हो, जहाँ हरेक जायज र कानुनसम्मत आर्थिक क्रियाकलाप निर्धक्कसँग छिटो र छरितोसँग सबैले गर्न सक्दछन् । सामान्य मानिसले भ्रष्टाचार हुनु नै कुशासन हो भन्ने बुझ्दछन् । तर, सुशासनमा भ्रष्टाचार नहुनुका अतिरिक्त धेरै कुराहरु पर्दछन्, जस्तो कानुनी राज्य, न्यायिक शासन, सम्पत्तिसम्बन्धी हक, वाक् स्वतन्त्रता, व्यापारिक करारको कार्यान्वयनको वातावरण आदि । राजनीतिक स्थायित्वको अभावमा सुशासनको स्तर खस्कँदो छ, जसले नेपालको समग्र उत्पादन र व्यापार दुवै खस्कँदो अवस्थामा छ । यी सबै कुरा कायम गर्न सक्दा मात्र सुशासनको स्तर सुध्रिन्छ र लगानी बढेर देशमै रोजगार सृजना हुँदै समृद्धिको बाटोमा देश अगाडि बढ्न सक्ने छ ।

तल उल्लेखित ऐन वा यी सन्दर्भमा थप ऐन व्यवस्थित गर्ने र तिनको कार्यान्वयनका लागि उचित पहल गर्दा पनि औद्योगिकीकरणका लागि थप टेवा पुग्ने छः

- स्वदेशी वस्तुको उपयोग गर्नेसम्बन्धी निर्देशिका, २०७१ को कार्यान्वयनमा खासै सुधार भएको छैन । स्वदेशी उद्योगहरुको संरक्षण गर्न यो व्यवस्थाको कार्यान्वयनका लागि नियम तथा कार्यविधिमा सुधार गर्न जरुरी छ ।
- समय सापेक्ष लगानीमैत्री ऐन, नियम हुनुपर्ने देखिन्छ । जस्तैः ४३ वर्ष अगाडि बनेको कालोबजारी ऐन २०३२, ५३ वर्ष अगाडी बनेको पेटेण्ट, डिजाइन तथा ट्रेडमार्क ऐन २०२२ र त्यसैगरी विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन २०४९ मा समय सापेक्ष परिवर्तन हुनुपर्ने देखिन्छ ।
- विदेशी लगानी भित्र्याउन व्यावसायिक कारोवारबाट लगानीकर्तालाई प्राप्त हुने मुनाफाको के कति हिस्सा लैजान पाउने हो, सोको व्यवस्थालाई स्पष्ट र सहज बनाइनुपर्ने देखिन्छ । यसो गर्दा लगानी ल्याउनेको आत्मविश्वास बढ्ने छ ।
- उद्योगी व्यवसायीलाई सहजीकरण गर्ने निकाय खासै नभएको तर अनुगमन गर्ने निकाय १४ वटा भएकोले उद्योगलाई सहजीकरण गर्ने निकाय हुन आवश्यक छ ।
- औद्योगिक व्यवसाय ऐन, २०७३ मा उद्योगले प्राप्त गर्ने छुट, सुविधा तथा सहुलियतका साथै उद्योग दर्तादेखि खारेजीसम्मका सम्पूर्ण सुविधा एकै थलोबाट प्रदान गर्न एकल विन्दु सेवा केन्द्रको व्यवस्था भएकोमा सोको कार्यान्वयनमा ढिलाई भइरहेको हुँदा औद्योगिक व्यवसाय नियमावलीका साथै कार्यविधि बनाई यथाशीघ्र कार्यान्वयनमा जानुपर्ने देखिन्छ ।

-०-



पञ्चाकन्या मेटल इन्जिनियरिङ्ग प्रा. लि.
स्थापना २०५३
पोखरा औद्योगिक क्षेत्र फोन नं. ०६१-५२७७९७ मो. ९८५६०२२५६०, ९८५६०२५५६०
panchakanya@yahoo.co.in
panchakanya Eng.
Carrier
Water Tank
Tractor Trolley
Wheel Barrow
Metal Stove
Metal Door & Window
Truss
Metal Gate
फलाम सम्बन्धि सम्पूर्ण कामको लागि हामीलाई सम्पर्क गर्नुहोला ।

# पेशा-व्यवसायलाई समयानुकूल परिस्कृत तुल्याउँदै लैजानु पर्छ



*पोल्ट्री व्यवसायमा हामीले आफ्नो इमानदारिता, नैतिक बल र अनुशासनलाई कायम राख्यौं, त्यो क्रम आजसम्म पनि जारी छ । त्यही भएर हामी पोल्ट्री व्यवसायमा आजसम्म टिक्न सकेका छौं, काम गरेर खान पाएका छौं । यद्यपि, हामीले बजारमा प्रवेश गर्दाको समयताका स्थापित अधिकांश पोल्ट्री उद्योगहरु अहिले बन्द रहेका छन् ।*

**- हरिकृष्ण रावल,**
**भ्याली ग्रुप सञ्चालन निर्देशक**

पोल्ट्री उद्योग क्षेत्रमा मेरो संलग्नता २०३७/३८ सालदेखि प्रारम्भ भएको हो । पोल्ट्रीसम्बन्धी काम गर्दै जाँदा तत्कालीन समयमा हामीले बजारमा स्थापित हुनका लागि केही जटिलता र असहज स्थिति देख्यौं । कुखुरा पालन गरेर मात्र केही नहुने रहेछ र बजारमा आफ्नै प्रवेश र पहुँच नभइकन काम गर्न गाह्रो हुने रहेछ भन्ने लाग्यो । त्यही कारण, बजारमा प्रवेश गर्नुपर्छ भन्ने सोच हामीमा उत्पन्न भयो । सोही सिलसिलामा श्रीकृष्ण घिमिरे, सानुबाबु विन्दुकार र मैले एकापसमा सल्लाह गऱ्यौं । किनभने, हामी तीनै जना पोल्ट्री क्षेत्रमा रहेर केही अनुभव हासिलसमेत गरेका थियौं । तिनै अनुभवका आधारमा हामीलाई बजारमा प्रवेश गर्ने आधार बन्यो ।

हामीले व्यवसाय सुरुवात गर्दाताका काठमाडौं उपत्यकामा पोल्ट्री व्यवसायले विस्तारै गति समात्दै थियो । त्यो समय अहिलेजस्तो बजार विस्तारित भइसकेको थिएन । तर, हामीले पोल्ट्री उद्योग र व्यवसायलाई व्यावसायिकरण गरेर अगाडि बढाउन आफ्नो तहबाट प्रयत्न गऱ्यौं र त्यसलाई निरन्तरता दियौं । त्यसो त, सुरुका दिनहरुमा पोल्ट्री व्यवसायमा अनुभव, विज्ञता र बजारको स्थितिबारे हामीसँग खासै ज्ञान थिएन र त्यसको कमीको कारणले गर्दा केही समस्या भने देखा परेको थियो । अझ, मानिसले कुनै पनि पेशा वा व्यवसाय सुरुवात गर्दा समस्याहरु सिर्जना हुँदा रहेछन्, यो एउटा स्वाभाविक प्रक्रिया रहेछ । तर, उत्पन्न समस्याहरुलाई आफ्नो क्षमता, दक्षता, बुद्धि र वर्कतले पन्छाउँदै अगाडि बढ्नु पर्दो रहेछ । हामीले पनि त्यसै गऱ्यौं र अगाडि बढ्यौं ।

हामीले पोल्ट्री व्यवसाय प्रारम्भ गर्दा चल्लामा जोशी पोल्ट्रीको एकाधिकार थियो, दानामा रत्न फिड इन्डस्ट्रिजले ठूलो हिस्सा ओगटेको थियो र मासुमा विष्णुमती कोल्ड स्टोरको आधिपत्य थियो । त्यो समय नेपालभरि बजारमा एक हप्तामा करिब १० हजारको चल्ला जान्थ्यो । त्यो समय हप्तामा हामीले २-४ सय चल्ला पाल्थ्यौं । व्यवसाय प्रारम्भ गर्दा मैले ३ सय ब्रोइलर चल्ला र ४ सय लेयर्स पालेको थिएँ र त्यो बेला व्यवसाय सुरु गर्दा कृषि विकास बैंकबाट १५ हजार रुपियाँ ऋण लिएको थिएँ । म गाउँमा किसानहरुलाई पनि चल्ला पाल्न दिन्थें । त्यो समय पोल्ट्री व्यवसायमा हाम्रो हैसियत सून्य बराबर नै थियो । तर, पोल्ट्री व्यवसायमा हामीले आफ्नो इमानदारिता, नैतिक बल र अनुशासनलाई कायम राख्यौं, त्यो क्रम आजसम्म पनि जारी छ । त्यही भएर हामी पोल्ट्री व्यवसायमा आजसम्म टिक्न

सकेका छौं, काम गरेर खान पाएका छौं । यद्यपि, हामीले बजारमा प्रवेश गर्दाको समयताका स्थापित अधिकांश पोल्ट्री उद्योगहरु अहिले बन्द रहेका छन् ।

२०५५ सालसम्म पोल्ट्री व्यवसायमा हामी काठमाडौं उपत्यकामा मात्र सीमित थियौं । तर, अब भने समयको मागअनुरुप हामी उपत्यका बाहिर पनि व्यवसायलाई विस्तार गरिरहेका छौं । आखिर, पेशा वा व्यवसाय भनेको एउटा यस्तो चिज रहेछ, त्यो कि त विस्तार हुँदै जान्छ, कि त खुम्चिन पुग्छ । पेशामा स्थिरता नहुँदो रहेछ । कि त पेशालाई विस्तार गर्दै लैजान सक्नुपर्‍यो, कि त घटेर जाँदो रहेछ । यो एक व्यावसायिक नियम नै रहेछ । तसर्थ, हामीले आफ्नो व्यवसायलाई स्थिरता दिनका निम्ति र अस्तित्व रक्षाका लागि पनि विस्तार गरिरहेका छौं । सोही क्रममा नुवाकोट, धादिङ, तनहुँ, चितवन, गोरखा, झापा, सिन्धुलीसम्म हामीले कार्य विस्तार गरिरहेका छौं । त्यसो त, अहिले नेपालभरि ब्रोइलर चल्लाको प्रतिहप्ता करिब २३ लाखको बजार रहेको छ । तर, हाम्रो हातमा भने करिब ३ लाख चल्लाको बजार छ । लेयर्समा भने हामी पछाडि नै छौं । यद्यपि, नेपालको पोल्ट्री उद्योगहरुमा उत्कृष्ट ५ भित्र हामी पर्न सफल भएका छौं, यो नै हाम्रो सफलताको आधार हो ।

कतिपयले पोल्ट्री उद्योग-व्यवसायको भविष्यबारे प्रश्न उठाउने गर्दछन् । मलाई के लाग्छ भने, पोल्ट्री क्षेत्रको विकासमा धेरै अवसरहरु देखिएका छन् । तर, जसले त्यस्तो अवसर लिने प्रतिभा वा कौशलताको विकास गर्छ, त्यसले सफलता हात पार्छ । अवसर लिनसक्ने क्षमता भएनन् भने अवसरहरु आफैं गुमेर जाँदा रहेछन् । तसर्थ, हामीले समयानुकूल आफ्नो पेशा-व्यवसायलाई सुधार्दै अगाडि बढ्नु पर्छ । जति सुधार्दै र परिस्कृत गर्दै लैजान्छौं, त्यति नै मात्रामा हामीले अवसरहरु हात पार्न सक्छौं ।

पछिल्लो अवधिमा उत्पादनका दृष्टिले पोल्ट्री क्षेत्र आत्मनिर्भर बन्दै गएको छ । तर, कच्चा पदार्थका हिसाबले भने हामी अझै आत्मनिर्भर बन्न सकेका छैनौं । दानाका लागि आवश्यक मकैंमा हामी करिब ५० प्रतिशतजति आत्मनिर्भर छौं तर भटमाससमा भने हामी शतप्रतिशत नै परनिर्भर छौं । औषधिहरुमा करिब ९० प्रतिशतजति नै परनिर्भर छौं । पोल्ट्री उद्योगका लागि आवश्यक कच्चा पदार्थमा हामी जति आत्मनिर्भर छैनौं, के-कसरी आत्मनिर्भर बन्न सकिन्छ, सो विषयमा राज्यले गम्भीरतापूर्वक सोचविचार गरी पहलकदमी लिनुपर्ने देखिन्छ । त्यसो त, कच्चा पदार्थहरु देशभित्रै उत्पादन हुनसक्यो भने राष्ट्रलाई ठूलो फाइदा हुन्छ र देशभित्रै कच्चा पदार्थहरु उत्पादन गर्न सकिने प्रशस्तै आधारहरु पनि छन् । त्यसका निम्ति हामी आफैंले नै परिस्थिति निर्माण गर्नुपर्छ, अरुले परिस्थिति निर्माण गरिदिने होइन । तसर्थ, सरकार, किसान र उद्यमीबीच समन्वय गरेर देशभित्र नै कच्चा पदार्थ उत्पादन गर्नेतिर ध्यान पुर्‍याउनुपर्छ भन्ने मलाई लाग्दछ । त्यसले आयात कम भई राष्ट्रिय उत्पादनलाई टेवा पुग्नसक्छ र देशभित्रै लाखौं रोजगारीको सिर्जनासमेत हुन सक्छ । देशबाट बाहिरिने अर्बौं रकम देशभित्रै रहन्छ । यो निकै ठूलो र महत्वपूर्ण कार्य हो ।

अन्ततः उद्योगीहरु र औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडबीच राम्रो सम्बन्ध र सहकार्य रहँदै आएको मैले महसुस गरेको छु । यद्यपि, कहिलेकाही भने सानातिना विवाद र समस्याहरु देखा नपर्ने होइनन् । सानातिना विवाद हुनु स्वाभाविक पनि हो । तर, त्यस्ता विवादहरुलाई दुवै पक्ष मिलेर सल्टाउनेतिर ध्यान गएको मैले पाएको छु र योभन्दा अर्को विकल्प पनि देखिँदैन । र, औद्योगिक क्षेत्रमा उद्योग सञ्चालन गरेयता हामीले व्यवस्थापन पक्षबाट कुनै अप्ठेरा भोग्नुपरेको छैन । यद्यपि, औद्योगिक क्षेत्रबाट उद्योगीहरुले कतिसम्म फाइदा र सहयोग लिन सक्ने हो, त्यो त उद्योगीहरुमा भर पर्ने विषय पनि हो ।

# उद्यमी र व्यवस्थापनबीच राम्रो समन्वय छ

*उद्योगको विकास, विस्तार र सुविधाका निम्ति औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड र हामी उद्योगीहरुबीच राम्रो सहकार्य रहँदै आएको छ । व्यवस्थापन र उद्योगीहरुबीच एकापसमा सहकार्य गर्दै काम अगाडि बढ्दै आएको छ । तर, पछिल्लो समयमा भने के कारणले हो सडकको मर्मत र विस्तार दयनीय बन्दै गइरहेको छ ।*



**- राजेश मास्के**
**विनायक फुड, नेपालगञ्ज**

मैले नेपालगञ्ज औद्योगिक क्षेत्रभित्र आफ्नो उद्योग सञ्चालन गर्दै आइरहेको छु । मैले सञ्चालन गरिरहेको उद्योग औद्योगिक क्षेत्रभित्र २०३७ सालदेखि नै सञ्चालित छ । सुरुमा खाद्य उद्योगको रुपमा स्थापित भए पनि पछि भने नाम परिवर्तन भएर विनायक फुड इन्डस्ट्रिजको नामबाट सञ्चालित हुँदै आएको हो । मेरो उद्योगले पछिल्लो समयमा सोयाविनका मस्यौराहरु उत्पादन गर्दै आएको छ । यसबाहेक ३-४ किसिमका फुडसम्बन्धी उत्पादनहरुसमेत गर्दै आइरहेको छ ।

उद्योगको विकास, विस्तार र सुविधाका निम्ति औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड र हामी उद्योगीहरुबीच राम्रो सहकार्य रहँदै आएको छ । व्यवस्थापन र उद्योगीहरुबीच एकापसमा सहकार्य गर्दै काम अगाडि बढ्दै आएको छ । तर, पछिल्लो समयमा भने बजेटको कमीको कारणले हो वा व्यवस्थापन पक्षले पहल गर्न नसकेर हो, सडकको मर्मत र विस्तार दयनीय बन्दै गइरहेको छ । हामीले यो विषयमा व्यवस्थापन पक्षसामु कुरा उठाएका छौं ।

नेपालगञ्ज औद्योगिक क्षेत्रमा ढल निकासको समस्या रहँदै आएको छ । यो धेरै समय पहिलादेखिकै समस्या हो । सरसफाईमा पनि व्यवस्थापन पक्षले ध्यान पुऱ्याउनुपर्ने देखिन्छ । यद्यपि, व्यवस्थापन र हामी उद्योगीहरुबीच बेलाबखत समन्वय भएर कतिपय समस्याहरु समाधान हुँदै आएका छन् । तर, सडक र ढल निकासको दीर्घकालीन रुपमा समाधान हुनुका लागि पहल हुनुपर्छ भन्ने हामी उद्योगीहरुको आवाज रहँदै आएको छ ।

नेपालगञ्ज औद्योगिक क्षेत्रमा व्यवस्थापन र उद्योगीहरुबीच विरोधाभास छैन । एकापसमा सहकार्य र समन्वय हुँदै आएको छ । पछिल्लो समय व्यवस्थापनले औद्योगिक क्षेत्रभित्र सटरहरु निर्माण गरेर आम्दानीको स्रोत बनाएको छ, त्यसलाई हामीले उचित नै ठानेका छौं । तर, उद्योगीहरुसँगको सहकार्यलाई पनि जीवन्त तुल्याइराख्न पहल गर्नु आवश्यक छ ।

कतिपय भवनहरु जीर्ण अवस्थामा पुगेका छन् । जीर्ण अवस्थामा पुगेका भवनहरुको विकल्पबारे व्यवस्थापन पक्षले सोच्नुपर्ने देखिएको छ । यो विषयमा हामीले धेरै पहिलादेखि माग गर्दै आइरहेका छौं र हाम्रो मागको सम्बोधन हुनुपर्छ ।

# सहकार्यमै अगाडि बढिरहेका छौं

*औद्योगिक क्षेत्र व्यवस्थापनले उद्योगीहरुसँग राम्रै समन्वय र सहकार्य गरिरहे पनि उद्योगीहरुका समस्या के छन् भन्ने विषयमा पनि अन्तरक्रिया गर्नुपर्ने देखिन्छ । उद्योगीहरुले उत्पादन गरेका सामानहरु बजारमा कसरी पुऱ्याउने, त्यसको बजार-व्यवस्थापन कसरी गर्ने भन्ने विषयमा व्यवस्थापन पक्ष र उद्योगीहरु बसेर छलफल गर्नुपर्ने आवश्यकता पनि मैले महसुस गरेको छु ।*



**गणेशबहादुर श्रेष्ठ**
**जया प्याकेजिङ, पोखरा**

पोखरा औद्योगिक क्षेत्रमा मैले २०३३ सालदेखि कन्फेन्सनरी उद्योग सञ्चालन गरेर उत्पादन गर्न थालेको हुँ । तर, करिब ३ वर्षअघि कन्फेन्सनरी बन्द गरेर मैले उद्योगको रुपमा परिवर्तन गरेको छु । जयमा टेक्नो सेन्टर नाममा प्राविधिक कार्यहरु गर्दै आएको छु । त्यसमा क्वालिटी कन्ट्रोलका कामहरु गर्दै आएको छु ।

औद्योगिक क्षेत्रभित्र प्लास्टिक उद्योग पनि सञ्चालन गर्दै आइरहेको छु । त्यस उद्योगले पेट बोतलहरु उत्पादन गर्ने गर्दछ । खासगरी, पानीका बोतलहरु बनाउने कार्य सो उद्योगले गर्दछ । त्यस्तै, २०६० सालदेखि मैले डेरी उद्योग पनि सञ्चालन गर्दै आइरहेको छु। मेरो अर्को उद्योग जया प्याकेजिङमा भने बिस्कुट, चकलेट, साबुनको र्‍यापरहरु छपाईको काम हुँदै आइरहेको छ ।

मैले औद्योगिक क्षेत्रभित्र उद्योग सुरु गर्दा विद्युत्, पानीको सहज रुपमा उपलब्ध थिएनन् । त्यतिबेला जमिन, सडक र ढलको मात्र व्यवस्था गरेर विकसित जमिन भनेर हामीले लिएका थियौं । तर, अहिले औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडले भौतिक पूर्वाधार निर्माण र विस्तारमा धेरै नै फड्को मारिसकेको छ र हामी उद्योगीहरुलाई सेवा, सुविधा दिने काम पनि विगतमा भन्दा धेरै नै गर्दै आइरहेको छ । यति हुँदाहुँदै अहिले भने सडक निर्माण गर्नुपर्ने आवश्यकता देखिएको छ । किनभने, ती सडकहरु २०४० सालअघि नै बनेका हुन् र अहिले पुनः मर्मत गर्नुपर्ने देखिएको छ । ढल बनाउनुपर्ने आवश्यकता पनि देखिएको छ ।

विद्युत जडान गरिएको धेरै वर्ष भइसकेको हुँदा मर्मत, सम्भार गर्नुपर्ने आवश्यकता देखिएको छ । पूरा मात्रामा भोल्टेज आउँदैन । पूरा भोल्टेज नआउँदा मेसिनहरु कम चल्ने र उत्पादनमा कमी आउने भइरहेको छ । विद्युत्मा सुधार गर्नुपर्ने आवश्यकता मैले देखेको छु ।

औद्योगिक क्षेत्र व्यवस्थापनले उद्योगीहरुसँग राम्रै समन्वय र सहकार्य गरिरहे पनि उद्योगीहरुका समस्या के छन् भन्ने विषयमा पनि अन्तरक्रिया गर्नुपर्ने देखिन्छ । उद्योगीहरुले उत्पादन गरेका सामानहरु बजारमा कसरी पुऱ्याउने, त्यसको बजार-व्यवस्थापन कसरी गर्ने भन्ने विषयमा व्यवस्थापन पक्ष र उद्योगीहरु बसेर छलफल गर्नुपर्ने आवश्यकता पनि मैले महसुस गरेको छु । यस्ता कार्यले व्यवस्थापनको प्रभावकारिता अझ झल्किने छ ।

मलाई के लाग्छ भने, उद्योगहरु फस्टाए भने मात्र औद्योगिक क्षेत्रलाई पनि फाइदा हुन्छ । उद्योग र उद्योगीहरु रहे मात्र औद्योगिक क्षेत्र रहने हो । तसर्थ, उद्योगीहरुलाई कसरी अगाडि बढाउने

भन्ने विषयमा पनि व्यवस्थापन पक्षले सोच्नुपर्ने देखिन्छ । किनभने, पोखरा औद्योगिक क्षेत्रले मात्रै बर्सेनि ४०-५० करोड रुपियाँ राजश्व बुझाइरहेको छ, सयौंलाई रोजगारी दिइरहेको छ । रोजगारी वृद्धि भयो भने देशको आर्थिक विकासमा टेवा पुग्छ । यसमा वृद्धि गर्न व्यवस्थापन पक्षले उद्योगको विस्तार र स्तरोन्नतिमा समेत ध्यान दिनुपर्ने देखिन्छ ।

## उद्यमीहरु फस्टाउने वातावरण बन्नुपर्छ

*करिब ५४-५५ वर्षदेखि मैले उद्योग क्षेत्रमा हात हालेर अहिलेसम्म निरन्तर क्रियाशील रहँदै आएको छु । मैले उद्योग सुरु गर्दा औद्योगिक क्षेत्र स्थापना भएको थिएन । कुनै उद्योगहरु खुलेका थिएनन् । औद्योगिक क्षेत्र बनेपछि मैले त्यहाँ उद्योग स्थापना गर्दा ६ वटा उद्योग मात्र खुलेको थियो ।*



**मोतिलाल सिल्पकार**
**उड कार्भिङ इन्डस्ट्रिज प्रालि, पाटन औद्योगिक क्षेत्र**

पाटन औद्योगिक क्षेत्रभित्र मैले उद्योग सञ्चालन गर्न थालेको धेरै लामो समय भइसक्यो । औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडले आफ्नो ५०औं वार्षिकोत्सवमा मलाई पुराना उद्योगी भनेर सम्मानसमेत गरेको थियो । करिब ५४-५५ वर्षदेखि मैले उद्योग क्षेत्रमा हात हालेर अहिलेसम्म निरन्तर क्रियाशील रहँदै आएको छु । मैले उद्योग सुरु गर्दा औद्योगिक क्षेत्र स्थापना भएको थिएन । कुनै उद्योगहरु खुलेका थिएनन् । औद्योगिक क्षेत्र बनेपछि मैले त्यहाँ उद्योग स्थापना गर्दा ६ वटा उद्योग मात्र खुलेको थियो ।

मैले सुरुमा काष्ठकलासम्बन्धी उद्योग सुरु गरें र सुरुमा मेरो उद्योगको नाम अर्कै थियो । तर, पछिल्लो समय भने मैले उड कार्भिङ इन्डस्ट्रिज प्रालि भनेर नाम राखेको छु । यस उद्योगले काष्ठकलासम्बन्धी सामानहरु उत्पादन गर्दै आएको छ । उडसम्बन्धी काम गर्ने भनी मैले उद्योग सुरु गरें । तर, जति उद्योग फस्टाउनुपर्ने हो, त्यति फस्टाउन सकेन ।

सरकारले उद्योगीहरुलाई जति सुविधा दिनुपर्ने हो, अपेक्षाकृत रुपमा हामीले सुविधा पाएका छैनौं । खासगरी, हामीले कच्चा पदार्थहरु पाउन सकेका छैनौं । हामीले उत्पादन गरेका काष्ठकलासम्बन्धी सामग्रीहरु विदेशमा पठाउँदै आएका छौं । तर, पछिल्लो समय भने बाहिर सामान पठाउन विभिन्न झमेलाहरु देखा परेका छन् । त्यही कारण निर्यात कार्य नै बन्द हुन पुगेको छ ।

सरकारले काष्ठकलाका सामानहरुमा कीटाणु रहेका छन् कि छैनन् भनेर जाँच गर्ने मेसिन राखेको छैन । हामीले विदेशमा सामान पठाउँदा काठमा कीराहरु छन् कि छैनन् भनेर प्रमाणित गरेर पठाउनु पर्छ । तर, सरकारसँग कीराहरु परीक्षण गर्ने उपकरण नभएको हुँदा हामीले उत्पादन गरेका काष्ठकलासम्बन्धी सामानहरु विदेशमा निर्यात गर्न सकिरहेका छैनौं ।

पहिला-पहिला मैले उत्पादित सामानहरु ७५ प्रतिशतसम्म विदेशमा निर्यात गर्थें । तर, क्वारेन्टाइनको कारणले गर्दा निर्यात ठप्प हुन पुगेको छ । किनभने, हामीकहाँ क्वारेन्टाइन चेक गर्ने प्रविधि नै छैन । काठमा कीटाणु नभएको सर्टिफिकेट हामीले पाए मात्र हामीले उत्पादन गरेका सामानहरु विदेशमा जाने हो, तर त्यस्तो व्यवस्था नभएको हुँदा हामी मारमा परिरहेका छौं । सरकारले उद्योगीहरु फस्टाउने वातावरण तयार गर्ने दिशामा कदम चाल्नु आवश्यक भइसकेको मैले ठानेको छु ।

## प्रादेशिक स्तरको प्रस्तावित औद्योगिक क्षेत्रको हालसम्मको अवस्था

| प्रदेश नं./नाम | औद्योगिक क्षेत्र | क्षेत्रफल (विघा) | नेपाल सरकार वाट घोषणा भएको/नभएको | सम्पन्न भएको कार्य | आ.व. २०७५/०७६ को लक्ष्य |
|---|---|---|---|---|---|
| १ | **दमक, झापा** | २१०० | घोषणा भएको | ९४२ बिगाहा जग्गा औद्योगिक क्षेत्र व्यबस्थापन लिमिटेडको नाममा दर्ता कायम भईसकेको र बाँकी जग्गा अधिग्रहणको कार्य भईरहेको | निजी क्षेत्रको सहभागितामा पूर्वाधार सहितको औद्योगिक क्षेत्र निर्माण कार्य अघि बढाइने छ |
| २ | **मुर्तिया, सर्लाही** | ५००० | घोषणा हुन बाँकी | सम्भाव्यता अध्ययन र विस्तृत अध्ययन प्रतिवेदन कार्य सम्पन्न | वातावरण प्रभाब मुल्याङ्कन तयार गरी पूर्वाधार सम्बन्धी कार्य हुँदै |
| २ | **सबैला, धनुषा** | ९०० | घोषणा हुन बाँकी | सम्भाव्यता अध्ययनको काम सुरु गरिदै | सम्भाव्यता अध्ययन कार्य सम्पन्न हुने |
| २ | **रौतहट** | | घोषणा हुन बाँकी | पूर्व(सम्भाव्यता अध्ययनको काम शुरु गरिदै | सम्भाव्यता अध्ययन कार्य सम्पन्न हुने |
| ३ | **काभ्रे, पनौती** | ७५ | घोषणा हुन बाँकी | जग्गा पहिचान गर्ने कार्य र पूर्व -सम्भव्यता अध्ययनको काम सम्पन्न । | सम्भाव्यता अध्ययन कार्य सम्पन्न हुने |
| ३ | **मयुरधाप, हेटौडा** | २०० | घोषणा भएको | • बिस्तृत अध्ययन प्रतिवेदन सम्पन्न भई संचालक समितिवाट स्वीकृत गरी तारबार गर्ने काम अन्तिम चरणमा<br>• २०७५/०७/०५ मा परियोजना कार्यालय स्थापना भएको<br>• नेपाल सरकारको निर्णय बमोजिम सुरक्षण मुद्रण विभागलाई २५० रोपनी उपलब्ध गराएको | वातावरण प्रभाब मुल्याङ्कन तयार गरी पूर्वाधार निर्माणको कार्य सुरुवात गरीने छ । औद्योगिक क्षेत्र भित्र उद्योग स्थापनाको लागी प्रस्ताव आह्वान गरीने छ । |
| ३ | **शक्तिखोर चितवन** | १७४१ | घोषणा भएको | सम्भाव्यता अध्ययन र विस्तृत अध्ययन प्रतिवेदन कार्य सम्पन्न | वातावरण प्रभाव मुल्याङ्कन तयार गरी निजी क्षेत्र समेतको सहभागितामा पुर्वाधार सहितको औद्योगिक क्षेत्र निर्माण तथा संचालनको लागि प्रस्ताव आव्हान गरिनेछ |

## प्रादेशिक स्तरको प्रस्तावित औद्योगिक क्षेत्रको हालसम्मको अवस्था

| प्रदेश नं./नाम | औद्योगिक क्षेत्र | क्षेत्रफल (बिघा) | नेपाल सरकारबाट घोषणा भएको /नभएको | सम्पन्न भएको कार्य | आ.व.२०७५/०७६ को लक्ष्य |
|---|---|---|---|---|---|
| गण्डकी | **च्याङ्लीफाँट, गोर्खा** | ८१२ | घोषणा हुन बाँकीं | जग्गा पहिचार गर्ने कार्य सम्पन्न | विस्तृत अध्ययन प्रतिवेदन र वातावरण प्रभाव मुल्याङ्कन तयार गर्ने |
| गण्डकी | **चिन्तुटार, तनहुँ** | ३७५ | घोषणा हुन बाँकी | जग्गा पहिचान गर्ने कार्य र पूर्व -सम्भव्यता अध्ययनको काम सम्पन्न । | सम्भाव्यता अध्ययन गरिनेछ |
| गण्डकी | **तल्लो पुडीटार** | १२० | घोषणा हुन बाँकी | जग्गा पहिचान गर्ने कार्य र पूर्व -सम्भव्यता अध्ययनको काम सम्पन्न । | सम्भाव्यता अध्ययन गरिनेछ |
| ५ | **मेतिपुर, बुटवल** | ८१३ | घोषणा भएको | • बिस्तृत अध्ययन प्रतिवेदन सम्पन्न भई संचालक समितिबाट स्वीकृत भएको<br>• २०७५/०७/०६ गते परियोजना कार्यालयको स्थापना | वातावरण प्रभाव मुल्याङ्कन तयार गरी निजी क्षेत्र समेतको सहभागितामा पुर्वाधार सहितको औद्योगिक क्षेत्र निर्माण तथा संचालनको लागि प्रस्ताव आव्हान गरिनेछ |
| ५ | **नौबस्ता, बाँके** | ३३८ | घोषणा भएको | • बिस्तृत अध्ययन प्रतिवेदन सम्पन्न भई संचालक समितिबाट स्वीकृत गरी तारबार गर्ने काम अन्तिम चरणमा रहेको<br>• २०७५/०७/०७ गते परियोजना कार्यालयको स्थापना | वातावरण प्रभाव मुल्याङ्कन तयारगरी पूर्वाधार निर्माणको कार्यको सरुवात गरिनेछ. औद्योगिक क्षेत्र भित्र उद्योग स्थापनको लागि प्रस्ताव आव्हान गरिनेछ. |
| ५ | **लक्ष्मीपुर, दाङ** | ५४९ | घोषणा हुन बाँकी | सम्भाव्यता अध्ययन कार्य सम्पन्न | विस्तृत अध्ययन प्रतिवेदन र वातावरण प्रभाव मुल्याङ्कन तयारगरी पूर्वाधार सम्वन्धी कार्यको सुरुवात गरिनेछ |
| कर्णाली | **जुम्ला** | | | पूर्व -सम्भाव्यता अध्ययनको काम शुरु गरिँदै | विस्तृत अध्ययन प्रतिवेदन र वातावरण प्रभाव मुल्याङ्कन तयार गर्ने |

## प्रादेशिक स्तरको प्रस्तावित औद्योगिक क्षेत्रको हालसम्मको अवस्था

| प्रदेश नं./नाम | औद्योगिक क्षेत्र | क्षेत्रफल (विगाहा) | नेपाल सरकारबाट घोषणा भएको /नभएको | सम्पन्न भएको कार्य | आ.व.२०७५/०७६ को लक्ष्य |
|---|---|---|---|---|---|
| कर्णाली | **चुप्रा, दैलेख** | २०० | घोषणा हुन बाँकी | जग्गा पहिचान गरि पूर्व-सम्भाव्यता अध्ययन कार्य सम्पन्न | विस्तृत अध्ययन प्रतिवेदन र वातावरण प्रभाव मुल्याङ्कन तयार गर्ने |
| कर्णाली | **साटाखानी, सुर्खेत** | ११०० | घोषणा हुन बाँकी | संम्भाव्यता अध्ययन कार्य गर्ने क्रममा नापजाच सम्पन्न भई भौर्गभिक बनावट अध्ययन गर्ने क्रममा प्रस्तावित क्षेत्र औद्यैगिक क्षेत्र स्थापनाको लागि उपयुक्त नभएको हुनाले वैकल्पिक जग्गा खोजी भई रहेको । | विस्तृत अध्ययन प्रतिवेदन र वातावरण प्रभाव मुल्याङ्कन तयार गर्ने |
| सुदुरपश्चिम | **लम्की, कैलाली** | ११०० | घोषणा हुन बाँकी | सम्भव्यता अध्ययन र विस्तृत अध्ययन कार्य सम्पन्न | वातावरण प्रभाव मुल्याङ्कन तयारगरी जग्गा विकासको कार्य र औ.क्षे. भित्रको ट्र्याक खोल्ने र आन्तरिक विद्युत वितरण सम्वन्धी कार्यको सुरवात गरिनेछ |
| सुदुरपश्चिम | **दैजी, कचंनपुर** | ९०० | घोषणा भएकों | नापजाच गर्दा ४०० विघा जग्गा प्राप्त भएको हुंदा उक्त क्षेत्रको सम्भव्यता अध्ययन र विस्तृत अध्ययन प्रतिवेदन कार्य सम्पन्न | वातावरण प्रभाव मुल्याङ्कन तयारगरी पूर्वाधार निर्माणको कार्यको सरुवात गरिनेछ. औद्योगिक क्षेत्र भित्र उद्योग स्थापनको लागि प्रस्ताव आव्हान गरिनेछ. |
| सुदुरपश्चिम | **दोधारा, चाँदनी** | ५०० | घोषणा हुन बाँकी | जग्गा पहिचान गरि पूर्व(सम्भाव्यता अध्ययन कार्य सम्पन्न | विस्तृत अध्ययन प्रतिवेदन र वातावरण प्रभाव मुल्याङ्कन तयार गर्ने |

# औद्योगिक क्षेत्र पूर्वाधार निर्माणमा चिनियाँ लगानीको सम्भावना

हाल सञ्चालनमा रहेका औद्योगिक क्षेत्रहरुमध्ये बालाजु तथा हेटौंडा औद्योगिक क्षेत्र मित्र राष्ट्र संयुक्त राज्य अमेरिकाद्वारा निर्माण भएको हो। त्यस्तै, पाटन, नेपालगञ्ज, धरान र राजविराजस्थित गजेन्द्रनारायण सिंह औद्योगिक क्षेत्रहरु छिमेकी राष्ट्र भारतद्वारा निर्माण भएका हुन्। भक्तपुर औद्योगिक क्षेत्र मित्रराष्ट्र जर्मनी र सुर्खेतस्थित वीरेन्द्रनगर औद्योगिक क्षेत्र मित्र राष्ट्र नेदरल्याण्डद्वारा निर्माण भएका हुन। नेपाल सरकारको आफ्नै आर्थिक तथा प्राविधिक लगानीमा पोखरा र बुटवल औद्योगिक क्षेत्र निर्माण भएका हुन्।

मुलुकको प्रत्येक प्रदेशमा एक/एक हजार विघा जग्गामा औद्योगिक क्षेत्र स्थापना गर्ने नीति नेपाल सरकारले लिएको छ। सो नीति अनुसार मुलुकको विभिन्न स्थानमा सरकारबाट औद्योगिक क्षेत्र घोषणा भएको छ। घोषित औद्योगिक क्षेत्रको पूर्वाधार निर्माण गर्न खर्बौं धनराशी आवश्यक पर्दछ। ठूलो धनराशी सरकारबाट एकैपटक लगानी हुनसक्ने सम्भावना न्यून छ। औद्योगिक क्षेत्रको पूर्वाधार विकास, निर्माण र सञ्चालन गर्न निजी लगानी आकर्षित गराउन औद्योगिक क्षेत्रको जग्गा निजी लगानीकर्तालाई बहालमा उपलब्ध गराउन सकिने गरी औद्योगिक क्षेत्र सञ्चालन तथा व्यवस्थापन नियमावली, २०७१ मा व्यवस्था गरिएको छ।







चीनको राजधानी बेइजिङमा १४ र १५ मे, २०१७ मा भएको Belt and Road Initiative International Forum मा चिनियाँ लगानीमा नेपालमा China-Nepal Friendship Industrial Park स्थापना गर्न Lhasa Economic and Technological Development Zone, Industrial Districts Management Limited, Damak Clean Industrial Park बीच त्रिपक्षीय समझदारी भएको छ। यो समझदारीले चीन सरकारको Belt and Road Initiative प्रस्तावअन्तर्गत नेपालको औद्योगिक क्षेत्रको पूर्वाधार निर्माणमा चिनियाँ लगानी हुन सक्ने ढोका खोलिदिएको छ। यसैको सेरोफेरोमा रही नेपालमा चिनियाँ लगानीमा औद्योगिक क्षेत्र निर्माण गर्ने सिलसिलामा सम्भाव्यता अध्ययनको लागि LETDZ को उच्चपदस्थ अधिकारीहरु र प्राविधिक परामर्शदाताहरुबाट २०१७ सेप्टेम्बरदेखि २०१८ नोभेम्बरभित्र दमक औद्योगिक क्षेत्रलगायत अन्य स्थानहरुमा रहने औद्योगिक क्षेत्रको स्थलगत अवलोकन भ्रमण सम्पन्न भएको छ।

# औद्यौगिक क्षेत्रहरुको परिचय

## बालाजु औद्योगिक क्षेत्र



नेपालमा औद्योगिक क्षेत्रको जग बसाल्ने कार्यको थालनी बालाजु औद्योगिक क्षेत्रको स्थापनासँगै हुन पुगेको हो । विक्रम सम्वत् २०१६ साल फागुन ५ गते शिलान्यास भएको उक्त औद्योगिक क्षेत्रको उद्घाटन भने २०२० साल जेठ १८ गते हुन पुग्यो । उक्त औद्योगिक क्षेत्र नेपाल सरकार र अमेरिकी सरकारको संयुक्त सहयोगमा स्थापना भएको हो । सुरुका अवस्थामा नेपाल औद्योगिक विकास निगम अन्तर्गत सञ्चालित उक्त औद्योगिक क्षेत्र २०३१ सालदेखि औद्योगिक सेवा केन्द्रमार्फत् सञ्चालित रहे पनि २०४५ सालदेखि भने औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडको मातहतमा रही सञ्चालन हुँदै आएको छ ।

६ सय ७० रोपनी क्षेत्रफलमा फैलिएको उक्त औद्योगिक क्षेत्र काठमाडौं महानगरपालिका वडा नं. १६ मा अवस्थित छ। उक्त औद्योगिक क्षेत्रको उत्तरतिर बालाजु बाइसधारा, पश्चिमतिर वनस्थली, पूर्वमा बालाजु र दक्षिणतिर चक्रपथ रहेको छ। औद्योगिक क्षेत्रभित्रका ५३८.१ रोपनी जग्गा लिजमा दिइएको छ भने १३०.८ रोपनी जग्गा युटिलिटी सेवाहरुले ओगटेका छन् । उक्त औद्योगिक क्षेत्रमा कार्यालयद्वारा निर्मित औद्योगिक भवन ४४, गोदाम २० र अन्य भवनहरु २३ वटा रहेका छन् ।

उक्त औद्योगिक क्षेत्रमा १ सय ४१ वटा उद्योग/प्रतिष्ठानहरु रहेका छन्, जसमा चालु उद्योगहरुको संख्या १ सय २५ र निर्माणाधीन उद्योगहरुको संख्या ११ रहेका छन् । ५ वटा उद्योग भने वन्द अवस्थामा छन् । त्यस्तै, १२ वटा संघसंस्थाहरु पनि औद्योगिक क्षेत्रभित्र रहेका छन् । सरकारको ८ करोड लगानी रहेको उक्त औद्योगिक क्षेत्रमा निजी क्षेत्रको ४ सय करोड लगानी रहेको छ । उक्त औद्योगिक क्षेत्रमा ५.३५ किमि सडकको व्यवस्था रहेको छ, जसमा ५.२ किलोमिटर कालो पत्रे र १ सय ५० मिटर कच्ची सडक रहेको छ ।

औद्योगिक क्षेत्र सञ्चालन तथा व्यवस्थापन नियमावली, २०७१ को नियम २३ मा जग्गा तथा भवनको भाडा दर ५-५ वर्षमा पुनरावलोकन गरी नयाँ भाडा दर निर्धारण गर्ने व्यवस्था अनुसार यस औद्योगिक क्षेत्रको जग्गाको साविक बहाल दर पुनरावलोकन गरी सञ्चालक समितिबाट नयाँ बहाल दर निर्धारण भएको छ ।

उक्त औद्योगिक क्षेत्रले उद्योगहरुका निम्ति आवश्यक पूर्वाधारहरुसमेत तय गरेको छ । जसमा जमिन, औद्योगिक भवन, गोदाम, विद्युत्, पानी, सडक र ढल रहेका छन् । उद्योगहरुका निम्ति आवश्यक विद्युत् तथा पानीको वितरण प्रणाली राम्रो रहेको छ । विद्युत्का लागि २ वटा सवस्टेशनसहित वितरण प्रणाली व्यवस्था गरेको छ, जसमा विद्युत् जडित क्षमता १०,५०० केभीए रहेको छ । जसमा एचटी लाइन २.५ किलामेटिर र एलटी लाइन ७ किलोमिटर रहेको छ । त्यस्तै, पानीको लागि आफ्नै स्रोत स्थापना गरिएको छ । जसमा काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्डबाट अनुमति लिई २ वटा डिप बोरिङ र एउटा स्यालो बोरिङबाट पानी उत्पादन गरिएको छ । यसरी प्रतिदिन ७८७ किलो लिटर पानीको व्यवस्था हुँदै आएको छ । त्यस्तै औद्योगिक क्षेत्रभित्र बैंक, हुलाक, स्वास्थ्य क्लिनिक, दिवा शिशु स्याहार केन्द्र, औद्योगिक सुरक्षा बल, खेलकुद गृहलगायतको व्यवस्था पनि रहेका छन् ।

उक्त औद्योगिक क्षेत्रभित्र ह्युम पाइप, गाडी तथा स्पेयर्स पार्टस मर्मत तथा सम्भार, होजियारी सामानहरु, बिस्कुट कारखाना, कपडा, धातुका भाडा र पाता, जुत्ता तथा चप्पल कारखाना, कृषि तथा वन पैदावरमा आधारित खाद्य तथा प्रशोधन केन्द्र, डेरी, शीतभण्डार, चल्ला ह्याचरी, प्राविधिक प्रशिक्षण, यान्त्रिक कार्यशाला, छापाखाना तथा छपाई, खानी तथा खनिजजन्यलगायत उद्योगहरु सञ्चालित छन् । उक्त औद्योगिक क्षेत्रभित्र सञ्चालित उद्योगहरुमा ४२ सय जनाले रोजगारी पाइरहेका छन् ।

उक्त औद्योगिक क्षेत्रमा अवस्थित उद्योगहरु र उद्योग विकास संघसमेतको सहभागितामा सडक बत्ती (सोलार), ढल सुधार, सरसफाई तथा फोहोरमैला व्यवस्थापन गर्ने कार्य हुँदै आएका छन् । उद्योग-कलकारखानाको सुरक्षाका लागि औद्योगिक क्षेत्रहरुमा सशस्त्र प्रहरी बल अन्तर्गतको औद्योगिक सुरक्षा बल/गणको क्याम्प/पोष्ट स्थापना भई सुरक्षा सेवा दिइँदै आएको छ ।

# पाटन औद्योगिक क्षेत्र



विक्रम सम्वत् २०१८ सालमा शिलान्यास गरिएको पाटन औद्योगिक क्षेत्रको स्थापना २०२० साल मंसिर १२ गते भएको हो। तत्कालीन राजा महेन्द्रद्वारा समुद्घाटन भएको उक्त औद्योगिक क्षेत्र नेपाल सरकार तथा भारत सरकारको संयुक्त लगानीमा स्थापना भएको हो। पाटन क्षेत्र सदीयौंदेखि कला तथा संस्कृतिको धनी रहेको हुँदा त्यस क्षेत्रको कला एवं संस्कृतिको जगेर्ना गर्ने हेतुस्वरुप स्थापित उक्त औद्योगिक क्षेत्रमा साना तथा घरेलु उद्योगहरुको बाहुल्यता रहेको छ।

२ सय ८३ रोपनीमा फैलिएको उक्त औद्योगिक क्षेत्रको पूर्वमा सिचाँहिटी टोल, पश्चिममा बटुक भैरव गणेश टोल, उत्तरमा सिचाँहिटी टोल र दक्षिणमा दीपावली मार्ग सातदोबाटो

रहेको छ। वार्षिक ८५ करोड उत्पादन हुने उक्त औद्योगिक क्षेत्रले राजश्वमा वार्षिक ३० करोड योगदान गर्दै आएको छ। उक्त औद्योगिक क्षेत्रमा १ सय १६ वटा उद्योगहरु सञ्चालित छन्। ४८ वटा औद्योगिक भवन, १३ वटा गोदाम रहेको उक्त औद्योगिक क्षेत्रमा २ वटा कार्यालय भवन, ३ वटा विद्युत् सवस्टेशन, २ वटा पम्प हाउस, एउटा हुलाक, एउटा बैंक र २ वटा ग्यारेज रहेका छन्। औद्योगिक क्षेत्रमा भाडामा लगाइएको जमिन २२३ रोपनी रहेको छ भने युटिलिटी सेवाहरुले ओगटेको क्षेत्र ७० रोपनी रहेको छ।

सरकारको ५.८ करोड र निजी क्षेत्रको २ सय करोड रुपियाँ लगानी रहेको उक्त औद्योगिक क्षेत्रमा १ सय १८ उद्योग रहेका छन्, जसमा १ सय १३ उद्योग चालु अवस्थामा रहेका छन् भने ३ वटा निर्माणाधीन, २ वटा बन्द रहेका छन्। त्यस्तै, संघसंस्था र प्रतिष्ठानहरु ५ वटा रहेका छन्।

उक्त औद्योगिक क्षेत्रमा ३६०० केभीए विद्युत् क्षमता रहेको छ, जसमा एचटी लाइन २ किमि र एलटी लाइन ४ किमि रहेको छ। पानीको सुविधा पनि पर्याप्त रहेको छ। ४० हजार ग्यालेन पानी सञ्चयको क्षमता रहेको उक्त औद्योगिक क्षेत्रमा प्रतिदिन १ सय ४४ किलोलिटर पानीको व्यवस्था रहँदै आएको छ। एउटा डिप बोरिङका साथै पानीट्यांकीको समेत व्यवस्था रहेको छ।

उक्त औद्योगिक क्षेत्रको उद्योगहरुमा उत्पादित धातु एवं काठका मूर्तिहरुले अन्तर्राष्ट्रिय बजारमा समेत ख्याति पाउनुका साथै विशिष्ट स्थान ओगट्दै आइरहेको छ। यसबाहेक प्लास्टिक सामान, सूति कपडा, पेटबोतल, स्टिल फर्निचर, तामा र पित्तलका भाँडा, आल्मुनियमका पाता, वाटर टर्वाइन, फलामे ट्रसहरु, विद्युतीय रिपेयरिङ, प्रिन्टिङ सप्लायर्स, रवर उत्पादन, काठका सामान, धातु उत्पादन, उलन कार्पेट, ह्युम पाइप, ढुंगाको मूर्ति, डिस्पोजल कप र प्लेट, फोम तथा मेट्रेस, ट्रान्सफर्मर ट्यांक, काँडेतार जाली, रवरको डनलप, पश्मिना सल, गार्मेन्ट कपडालगायतका सामानहरु उक्त औद्योगिक क्षेत्रमा उत्पादन हुँदै आइरहेको छ।

२ हजार जनाले प्रत्यक्ष रोजगारी पाएको उक्त औद्योगिक क्षेत्रभित्र ३.५ किलोमिटर सडक तथा ३ किलोमिटर ढलको समेत व्यवस्था रहेको छ। ४० वर्षका लागि जग्गा तथा भवन बहालमा दिँदै आएको उक्त औद्योगिक क्षेत्रले गोदामचाहिँ बढीमा २ वर्षसम्म बहालमा दिँदै आएको छ। औद्योगिक क्षेत्र सञ्चालन तथा व्यवस्थापन नियमावली, २०७१ को नियम २३ मा जग्गा तथा भवनको भाडा दर ५-५ वर्षमा पुनरावलोकन गरी नयाँ भाडा दर निर्धारण गर्ने व्यवस्था अनुसार यस औद्योगिक क्षेत्रको जग्गाको साविक बहाल दर पुनरावलोकन गरी सञ्चालक समितिबाट नयाँ बहाल दर निर्धारण भएको छ। हुलाक, स्वास्थ्य तथा बैंकिङ सुविधा रहेको उक्त औद्योगिक क्षेत्रमा शान्त र सुरक्षित वातावरणमा उद्योगहरु सञ्चालन हुँदै आइरहेका छन्। परम्परागत र आधुनिक उद्योगधन्दाहरु उक्त औद्योगिक क्षेत्रभित्र सञ्चालित छन्।

# हेटौंडा औद्योगिक क्षेत्र



वि.सं. २०२० मंसिर २० गते अमेरिकी सरकारको आर्थिक तथा प्राविधिक सहयोगमा हेटौंडा औद्योगिक क्षेत्रको स्थापना भएको हो । स्थापनाको हिसाबले नेपालको तेस्रो औद्योगिक क्षेत्रको रुपमा रहेको उक्त औद्योगिक क्षेत्र तत्कालीन समयमा त्रिभुवन राजपथ खोलिएपछि देशमा औद्योगिक विकासलाई गति दिने हेतुले स्थापना भएको हो । त्रिभुवन राजपथ खुलेपछि भारतसँग सीमा जोडिएको वीरगञ्ज नाकाबाट सामानहरु राजधानी काठमाडौंसम्म ल्याउन सहज भएसँगै तत्कालीन सरकारले हेटौंडामा औद्योगिक क्षेत्र स्थापना गरेर राष्ट्रिय विकासमा टेवा पुऱ्याउने उद्देश्य राखेको देखिन्छ ।

उक्त औद्योगिक क्षेत्र ३११९ रोपनी क्षेत्रफलमा फैलिएको छ, जसमा विकसित क्षेत्रफल भने २६६६ रोपनी रहेको छ । औद्योगिक क्षेत्रले २१७८ रोपनी लिजमा दिएको छ भने युटिलिटी सेवाले ४८८ रोपनी क्षेत्रफल ओगटेको छ। अविकसित तथा ग्रिनवेल्टको रुपमा ४५३ रोपनी रहेको छ। उक्त औद्योगिक क्षेत्रमा सरकारको ८४.३९ करोड र निजी क्षेत्रको ५ सय २ करोड लगानी रहेको छ । उक्त औद्योगिक क्षेत्र पूर्वमा कमाने, पश्चिममा पूर्व-पश्चिम राजमार्ग, उत्तरमा मैदा टोल र दक्षिणमा रातो माटेसम्म फैलिएको छ ।

उक्त औद्योगिक क्षेत्रभित्र हाल १३४ वटा उद्योग सञ्चालनमा रहेका छन्, जसमा चालु अवस्थामा १ सय २ र २८ वटा उद्योग निर्माणाधीन अवस्थामा रहेका छन् । ४ वटा उद्योग वन्द अवस्थामा छन् भने १३ वटा अन्य कार्यालय र संघसंस्थाहरु पनि औद्योगिक क्षेत्रभित्र रहेका छन् । उक्त औद्योगिक क्षेत्रमा निर्माणसम्बन्धी, प्लाष्टिक सामग्री, विद्युतीय सामग्री, खाद्यान्न तथा पेय पदार्थ, फर्निचर तथा काष्ठ उद्योग, इन्जिनियरिङ्ग, प्याकेजिङ्ग, केमिकल तथा रङरोगन, पोल्ट्री तथा दाना उद्योग, टेक्सटाइल र खानीजन्य उद्योग रहेका छन् । अनुमानित ११ अर्ब राजश्वमा योगदान पुऱ्याएको उक्त औद्योगिक क्षेत्रमा ४१ सयले रोजगारी पाएका छन् ।

औद्योगिक क्षेत्र सञ्चालन तथा व्यवस्थापन नियमावली, २०७१ को नियम २३ मा जग्गा तथा भवनको भाडा दर ५-५ वर्षमा पुनरावलोकन गरी नयाँ भाडा दर निर्धारण गर्ने व्यवस्था अनुसार यस औद्योगिक क्षेत्रको जग्गाको साविक बहाल दर पुनरावलोकन गरी सञ्चालक समितिबाट नयाँ बहाल दर निर्धारण भएको छ ।

उक्त औद्योगिक क्षेत्रमा विद्युत् जडित क्षमता १० हजार केभीए रहेको छ भने पानीको क्षमता प्रतिदिन ११५३ किलोलिटर रहेको छ । उक्त औद्योगिक क्षेत्रले आफ्नो क्षेत्रभित्र उद्योग स्थापना तथा सञ्चालन गर्नका लागि जमिन, भवन, गोदाम, विद्युत्, पानी सडक र ढलजस्ता भौतिक पूर्वाधारहरु उपलब्ध गराउँदै आएको छ । औद्योगिक क्षेत्रभित्र बैंक, हुलाक, वर्कशप, चिकित्सालय, चमेनागृह, समीक्षालय, अतिथि गृह, सुरक्षा प्रवन्ध र सरसफाईको व्यवस्थासमेत रहेको छ । उद्योगबाट निस्किने प्रदुषित पानीलाई प्रशोधन गरेर मात्र निकास गर्ने र क्षेत्रभित्रको वातावरण स्वच्छ राख्ने हेतुले डेनमार्क सरकारको सहयोगमा Environment Sector Programme Support (ESES) अन्तर्गत उक्त औद्योगिक क्षेत्रमा प्रदुषित पानी उपचार संयन्त्र (Waste Water Treatment Plan) स्थापना गरिएको छ। उद्योग-कलकारखानाको सुरक्षाका लागि औद्योगिक क्षेत्रहरुमा सशस्त्र प्रहरी बल अन्तर्गतको औद्योगिक सुरक्षा बल/गणको क्याम्प/पोष्ट स्थापना भई सुरक्षा सेवा दिइँदै आएको छ ।

# विस्तारित हेटौंडा औद्योगिक क्षेत्र




औद्योगिक क्षेत्रको मोहडाहरू









पार्क सडक पूर्व खहरेवाट देखिने दृश्य मुख्य प्रवेशद्वार

जग्गाको क्षेत्रफल: -कपडा उद्योगको २० विघा १४ कठ्ठा ८ धुर -पूर्व तर्फ करिव ३० कठ्ठा पर्ती जग्गा -पश्चिम तर्फको ३१ कठ्ठा निजी जग्गा अधिग्रहण गर्ने प्रस्ताव ।

२०६९/१०/१२ गते बसेको मन्त्रिपरिषद्को बैठकबाट हेटौंडा कपडा उद्योग लिमिटेड खारेज गरी सो उद्योगको नाममा रहेको २० विघा १४ कठ्ठा ८ धुर जग्गाको बजार मूल्य रु. २०,१९,१५,१३०।- को

औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडको नाममा नेपाल सरकारको तर्फबाट शेयर लगानी गर्ने गरी प्राप्त भएको थियो ।




*२०७१ साल फाल्गुण २० गते विस्तारित हेटौडा औद्योगिक क्षेत्रको शिलान्यास गर्नुहुँदै तत्कालीन माननीय उद्योग मन्त्री महेश बस्नेतज्यू*

उक्त जग्गामा पूर्वाधार निर्माण गरी उद्योगहरु प्रबर्द्धन गर्न २०७१/११/२० मा तत्कालीन उद्योग मन्त्री महेश बस्नेतबाट औद्योगिक क्षेत्र शिलान्यास सम्पन्न भएको थियो । विकसित गरिएको २९०.६७ रोपनीमध्ये ३.९८ पार्किङ, सार्वजनिक सेवाको लागि १५.७८ रोपनी, सडक १५.८३ रोपनी समेत जम्मा ३५.४९ रोपनी कट्टा गरी उद्योगलाई भाडामा दिने २५३.०८ रोपनी जग्गामध्ये भौतिक संरचना नरहेको प्लट २४३.७१ रोपनी जग्गा औद्योगिक क्षेत्र सञ्चालन तथा व्यवस्थापन नियमावली, २०७१ को नियम ६ अनुसार उद्योग/उद्यमीहरुबाट प्रस्ताव आह्वान गर्न २०७२/८/१४ मा बसेको सञ्चालक समितिको ४३७ औं बैठकबाट स्वीकृत भएको थियो ।

उक्त औद्योगिक क्षेत्रको पूर्वाधार निर्माण गर्न आर्थिक वर्ष २०७२/०७३ मा सरकारबाट रु. १० करोड  शेयर लगानीस्वरुप बजेट स्वीकृत भई काम अगाडि बढेको थियो । उक्त औद्योगिक क्षेत्रमा वियर, पेनस्ट्रक पाइप, गहुँको मैदा, प्लास्टिक सुत्ली, अण्डा क्रेट, बिस्कुट तथा कुकिज, चल्ला ह्याचरी, प्लाष्टिक बट्टा, प्लाष्टिक सिरिन्ज, जस्तापाता, मासु प्रशोधन, टुल्स औजार, रबर र गहुं तथा जौको सातुको उद्योगहरु रहेका छन् ।

# फोहोर पानी प्रशोधन संयन्त्र (West Water Treatment Plant)



एनारोबिक प्रशोधन पोखरी



कर्राखोलामा पानी मिसिनु अघिको पोखरीमा जलचर



कर्राखोलामा पानी मिसिने चरणमा

डेनिस सरकारको आर्थिक तथा प्राविधिक सहयोगमा हेटौंडा औद्योगिक क्षेत्रभित्रका उद्योगहरुबाट निस्कासन हुने फोहोर पानी प्रशोधन गरी जलचरको लागि योग्य हुने पानी खोलामा मिसाउन ७ विघा १४ कठ्ठा १८ धुर क्षेत्रफलमा फैलिएको दैनिक ११ लाख लिटर फोहोर पानी प्रशोधन क्षमता भएको जैविक विधिबाट प्रशोधन गर्ने फोहोर पानी प्रशोधन संयन्त्र (Waste Water Treatment Plant, WWTP) सन् २००१ अगष्टमा निर्माण सुरु गरी सन् २००३ मा सम्पन्न भएको हो । ६०० क्यूविक मिटरको एउटा आपतकालीन प्रशोधन पोखरी, ७५०० क्यूविक मिटरको २ वटा Anaerobic र ११८०० क्यूविक मिटरको ९ वटा Aerobic थेग्राउने पोखरीसमेत जम्मा १२ वटा प्रशोधन पोखरी रहेको छ । उक्त पोखरीमा १८ दिनसम्म पानी रही त्यसपछि जलचरयोग्य प्रशोधित पानी कर्रा खोलामा मिसिन्छ ।

फोहोर पानी प्रशोधन संयन्त्र (WWTP) भित्र एउटा कार्यालय कोठा तथा पानी प्रयोगशाला रहेको १३५ वर्ग मिटरको कार्यालय भवन एक, २३० वर्ग मिटरको युटिलिटी भवन एक, छुट्टाछुट्टै ८ परिवार बस्न सक्ने ७२१ वर्ग मिटरको कर्मचारी आवास भवन एकसमेत भौतिक सम्पत्ति रहेको छ ।

प्रदुषित पानी उपचार संयन्त्र सञ्चालन तथा व्यवस्थापन गर्न हेटौंडा औद्योगिक क्षेत्रले उद्योगहरुबाट लिने पानी महसुलमा २०७० फागुन १ गतेदेखि लागू हुने गरी १० प्रतिशत थप शुल्क लिने व्यवस्था रहेको छ । त्यस्तै गरी, क्षेत्रभित्र नवप्रवेशी उद्योगहरुबाट हेटौंडा औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालयले जग्गा सम्झौता गर्दा लिने प्रवेश शुल्कको थप ५० प्रतिशत प्रशोधन शुल्क लिने व्यवस्था रहेको छ ।

# धरान औद्योगिक क्षेत्र




धरान औद्योगिक क्षेत्रको स्थापना २०२९ सालमा भएको हो। उक्त औद्योगिक क्षेत्र मित्र राष्ट्र भारत र नेपाल सरकारको सहयोगमा स्थापना भएको हो। २०२ रोपनी क्षेत्रफलमा फैलिएको उक्त औद्योगिक क्षेत्र पूरै क्षेत्रफलमा विकसित रहेको छ, जसमा १३९.३६ रोपनी क्षेत्रफल लिजमा दिइएको छ भने युटिलिटी सेवाहरु ओगटेको क्षेत्र ५७.९४ रहेको छ। धरान उपमहानगरपालिका वडा नं. ८ तीनकुनेमा अवस्थित उक्त औद्योगिक क्षेत्र पूर्वमा इन्जिनियरिङ क्याम्पस, पश्चिममा रेडियो नेपाल, उत्तरमा धरान बजार र दक्षिणमा चारकोसे जंगलसम्म फैलिएको छ।

सरकारको २.३१ करोड लगानी रहेको उक्त औद्योगिक क्षेत्रमा निजी क्षेत्रहरुको भने ३३ करोड लगानी रहेको छ। उक्त औद्योगिक क्षेत्रमा ३५ वटा उद्योगहरु रहेका छन्, जसमा २९ वटा चालु

अवस्थमा छन् भने ३ वटा वन्द छन् । त्यस्तै, ३ वटा उद्योग निर्माणाधीन रहेका छन् । संघसंस्था र प्रतिष्ठानहरु भने एउटा रहेको छ । उक्त औद्योगिक क्षेत्रले उद्योगहरुलाई आवश्यक पर्ने भौतिक पूर्वाधारहरु जस्तैः विकसित जमिन, भवन, गोदाम, बिजुली, पानी, सडक, ढलका साथै चमेनागृह र हुलाकसमेतको सुविधा उपलब्ध गराउँदै आएको छ ।

उक्त औद्योगिक क्षेत्रमा प्लाष्टिक तथा प्लाष्टिकजन्य उद्योगहरु, भल्भ तथा धाराका टुटीहरु, तामा र पित्तलका चक्का, विविध केमिकल, आल्मुनियमको चक्का, ग्रील, सटर, स्टिल, फर्निचर, विनियर्स, प्लाइउड, कत्था, कछ, पेट्रोलियम पदार्थ बिक्री केन्द्र, पिपि व्याग, सपिङ व्याग, बाँस र बेतको मान्द्रो, दुग्धजन्य पदार्थहरु, सोयावरी, चामल र अन्य उद्योगहरु सञ्चालित छन् ।

उक्त औद्योगिक क्षेत्रको विद्युत् जटित क्षमता १ हजार केभीए रहेको छ, जसमा एचटी लाइन ०.२६५ र एलटी लाइन १ सय ८२ किलोमिटर रहेको छ । पानीको क्षमता प्रतिदिन १ सय किलि रहेको छ । सडकको क्षमता भने २.३१ किलोमिटर रहेको छ, जसमा कालोपत्रे २.१७ किलोमिटर र ग्राभेल ०.१८५ किलोमिटर रहेको छ । उक्त औद्योगिक क्षेत्रमा ७ सय ८७ जनाले प्रत्यक्ष रोजगारी पाएका छन् ।

औद्योगिक क्षेत्र सञ्चालन तथा व्यवस्थापन नियमावली, २०७१ को नियम २३ मा जग्गा तथा भवनको भाडा दर ५-५ वर्षमा पुनरावलोकन गरी नयाँ भाडा दर निर्धारण गर्ने व्यवस्था अनुसार यस औद्योगिक क्षेत्रको जग्गाको साविक बहाल दर पुनरावलोकन गरी सञ्चालक समितिबाट नयाँ बहाल दर निर्धारण भएको छ ।

उक्त औद्योगिक क्षेत्रले जग्गा तथा भवन ४० वर्षका लागि बहालमा उपलब्ध गराउने, डेडिकेटेड फिडरबाट नियमित विद्युत् आपूर्ति गर्ने, विद्युत् तथा पानीसम्बन्धी नियमित प्राविधिक सेवा उपलब्ध गराउने, औद्योगिक शान्ति तथा सुरक्षा प्रदान गर्ने र श्रमिक विवाद समाधानमा समन्वय गर्ने कामसमेत गर्दै आएको छ ।

उक्त औद्योगिक क्षेत्र स्थापना भएपछि लामो समयसम्म उद्योग स्थापना गर्न उद्योगीहरु इच्छुक देखिएनन् । त्यही कारण धेरै समयसम्म क्षेत्रको जग्गा खाली नै रहेको अवस्था थियो । तर, केही वर्षयताबाट भने उद्योग स्थापना गर्न चाहने उद्योगीहरुको चासो र संख्या बढ्दै गएको हुँदा नयाँ उद्योग स्थापना गर्न चाहने उद्योगीहरुका निम्ति जग्गा उपलब्ध हुन सकिरहेको छैन ।

नयाँ उद्योग स्थापना गर्न चाहने उद्योगीहरुको मागलाई सम्बोधन गर्न उक्त औद्योगिक क्षेत्रको विस्तार र विकास गर्नुपर्ने आवश्यकता औंल्याइन थालिएको छ । हेटौंडा र पोखरा औद्योगिक क्षेत्रको विस्तार भएसँगै उक्त औद्योगिक क्षेत्रको पनि विस्तार हुनुपर्ने माग स्थानीय उद्योगीहरुले राख्दै आएका छन् ।

# नेपालगञ्ज औद्योगिक क्षेत्र




नेपालगञ्ज औद्योगिक क्षेत्रको स्थापना २०३० सालमा भएको हो । उक्त औद्योगिक क्षेत्र मित्र राष्ट्र भारत सरकारको सहयोगमा स्थापना भएको हो । २३३ रोपनी क्षेत्रफलमा फैलिएको उक्त औद्योगिक क्षेत्र १८६.७ क्षेत्रफलमा विकसित रहेको छ, जसमा १८४.२९ रोपनी क्षेत्रफल लिजमा दिइएको छ भने युटिलिटी सेवाहरु ओगटेको क्षेत्र ४६.९३ रहेको छ ।

सरकारको २.७४ करोड लगानी रहेको उक्त औद्योगिक क्षेत्रमा निजी क्षेत्रहरुको भने ९१ करोड लगानी रहेको छ । उक्त औद्योगिक क्षेत्रमा ३५ वटा उद्योगहरु रहेका छन्, जसमा ३३ वटा चालु अवस्थामा छन् भने २ वटा बन्द छन् । संघसंस्था र प्रतिष्ठानहरु भने ३ वटा रहेका छन् ।

उक्त औद्योगिक क्षेत्रको विद्युत् जटित क्षमता १ हजार ५ सय केभीए रहेको छ र पानीको क्षमता प्रतिदिन २ सय किलि रहेको छ। सडकको क्षमता भने २.३४ किलोमिटर रहेको छ। ढलको व्यवस्था ३३१२.१२ मिटर रहेको छ । उक्त औद्योगिक क्षेत्रमा ९ सय ९१ जनाले प्रत्यक्ष रोजगारी पाएका छन्। उक्त औद्योगिक क्षेत्रमा बहाल महसुल भने जमिनमा ८३३७.७५ रहेको छ, भवन बहाल २.५५ र गोदाम बहाल भने १२.६५ रुपियाँ प्रति वर्गफुट रहेको छ ।

उक्त औद्योगिक क्षेत्रभित्र विकसित जमिन, औद्योगिक भवन, विद्युत्, पानी, सडक तथा ढल, सुरक्षा, चमेनागृहलगायत सुविधा छन्। उक्त औद्योगिक क्षेत्रका उद्योगहरुको वार्षिक उत्पादन ४ सय करोड रहेको छ भने राजश्वमा योगदान भने २३ करोड रहेको छ ।

नेपालगञ्ज मध्य र सुदूरपश्चिमाञ्चलको प्रवेशद्वार हो। प्रदेश नं. ५, ६ र ७ को केन्द्रविन्दु पनि हो। व्यापारिक हिसाबले महत्वपूर्ण मानिने नेपालगञ्जमा नेपालगञ्ज औद्योगिक क्षेत्रको स्थापना २०३० सालमा भएको हो । उक्त औद्योगिक क्षेत्र मित्र राष्ट्र भारत सरकारको सहयोगमा स्थापना भएको हो। स्थापनाको प्रारम्भिक वर्षमा उद्योग विभागको मातहत रहेको उक्त औद्योगिक क्षेत्र २०३१ सालदेखि भने औद्योगिक सेवा केन्द्रबाट सञ्चालन र व्यवस्थापन हुँदै आयो । तर, २०४५ सालमा औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड स्थापना भएयता भने लिमिटेडकै व्यवस्थापनमा सञ्चालित हुँदै आएको छ ।

भारतसँग सीमा जोडिएको नेपालगञ्जको राँझा विमानस्थल काठमाडौंपछि सबभन्दा धेरै उडान भर्ने एयरपोर्टमा गनिन्छ। सुदूर पश्चिमका पहाडी जिल्ला र कर्णाली भेगलगायत समग्र ६ नम्बर प्रदेशका लागि हवाई सुविधालगायत सेवा नेपालगञ्जबाट नै हुँदै आएको छ। विगतदेखि नै मध्य र सुदूर पश्चिमको व्यापारिक, औद्योगिक र प्रशासनिक केन्द्रको रुपमा नेपालगञ्ज परिचित रहँदै आएको छ।

२ सय ३३ रोपनी क्षेत्रफलमा फैलिएको उक्त औद्योगिक क्षेत्र १८६.७ क्षेत्रफलमा विकसित रहेको छ, जसमा १८४.२८ रोपनी क्षेत्रफल लिजमा दिइएको छ भने युटिलिटी सेवाहरु ओगटेको क्षेत्र ४६.८३ रहेको छ। उक्त औद्योगिक क्षेत्रको पूर्वमा रत्न राजमार्ग, पश्चिममा कोरियनपुर बस्ती, उत्तरमा शाखा सडक र दक्षिणमा शाखा सडक तथा भृकुटीनगर बस्ती रहेको छ।

सरकारको २.७४ करोड लगानी रहेको उक्त औद्योगिक क्षेत्रमा निजी क्षेत्रहरुको भने ८१ करोड लगानी रहेको छ। उक्त औद्योगिक क्षेत्रमा ३५ वटा उद्योगहरु रहेका छन्, जसमा ३३ वटा चालु अवस्थामा छन् भने एउटा निर्माणाधीन र एउटा बन्द छ। संघसंस्था र प्रतिष्ठानहरु भने ३ वटा रहेका छन्।

उक्त औद्योगिक क्षेत्रको विद्युत् जटित क्षमता १ हजार ५ सय केभीए रहेको छ र पानीको क्षमता प्रतिदिन २ सय किलि रहेको छ। सडकको क्षमता भने २.३४ किलोमिटर रहेको छ। साथै, ढलको व्यवस्था ३३१२.१२ मिटर रहेको छ। क्षेत्रबाट निर्मित २२ वटा औद्योगिक भवनहरु रहेको उक्त औद्योगिक क्षेत्रमा ८ सय ८१ जनाले प्रत्यक्ष रोजगारी पाएका छन्। औद्योगिक क्षेत्र सञ्चालन तथा व्यवस्थापन नियमावली, २०७१ को नियम २३ मा जग्गा तथा भवनको भाडा दर ५-५ वर्षमा पुनरावलोकन गरी नयाँ भाडा दर निर्धारण गर्ने व्यवस्था अनुसार यस औद्योगिक क्षेत्रको जग्गाको साविक बहाल दर पुनरावलोकन गरी सञ्चालक समितिबाट नयाँ बहाल दर निर्धारण भएको छ।

उक्त औद्योगिक क्षेत्रमा तामा, पित्तल, आल्मुनियम, काँसका भाँडावर्तन, सोयाबडी, खानेपानीसम्बन्धी फिटिङका सामानहरु, दाममोठ, नमकि, भुजिया उद्योग, ग्रिल, सटर, ट्रान्सफर्मर, विभिन्न फलामे सामग्रीहरु, जर्किन, ड्रम, बाटा, बाल्टिन, गार्डेन पाइप, डिटर्जेन्ट पाउडर, रेडियो, टिभी तथा विद्युतीय सामग्रीहरु, प्लाष्टिकका सामानहरु, विद्युतीय जक्सन, बोर्ड उत्पादन, एचडीपी पाइप, प्लाइउड, ढोकाहरु, जडिबुटी प्रशोधनलगायत उद्योगहरु सञ्चालित छन्।

# पोखरा औद्योगिक क्षेत्र




बालाजु, हेटौंडा र पाटन औद्योगिक क्षेत्र विदेशी राष्ट्रहरुको आर्थिक तथा प्राविधिक सहयोगमा निर्माण भए पनि पोखरा औद्योगिक क्षेत्र भने नेपाल सरकारको लगानीमा नै भएको हो । यस औद्योगिक क्षेत्र २०३१ साल असोज १६ गते स्थापना भएको हो। पोखरा महानगरपालिका वडा नं. १० मा उक्त औद्योगिक क्षेत्र सञ्चालित रहँदै आएको छ। उक्त औद्योगिक क्षेत्रको पूर्वमा पोखरा उपमहानगरपालिकाको अन्नपूर्ण मार्ग 'ए', पश्चिममा उपमहानगरपालिकाकै स्वर्णिम टोल, उत्तरमा अन्नपूर्ण टोल '१३' र दक्षिणमा पृथ्वी लोकमार्ग रहेको छ।

उक्त औद्योगिक क्षेत्र ५०१ रोपनी क्षेत्रफलमा फैलिएको छ। औद्योगिक क्षेत्रभित्र ३९७.३१ रोपनी जग्गा लिजमा लगाइएको छ भने युटिलिटि सेवाहरुले १०२.४० रोपनी जग्गा ओगटेको छ। कार्यालयद्वारा निर्मित भवन भने १३ वटा रहेका छन्। औद्योगिक क्षेत्रको तर्फबाट ४ करोड लगानी गरिएको यस औद्योगिक क्षेत्रमा निजी क्षेत्रहरुको अनुमानित ४ सय करोड लगानी रहेको छ। उक्त औद्योगिक क्षेत्रले राजश्वमा वार्षिक ५० करोड योगदान दिँदै आएको छ।

उक्त औद्योगिक क्षेत्रभित्र ८९ वटा उद्योग-प्रतिष्ठानहरु रहेका छन्। जसमा ७२ वटा उद्योग चालु अवस्थामा रहेका छन् भने ५ वटा उद्योग निर्माणाधीन रहेका छन्। ९ वटा संघसंस्था रहेको उक्त औद्योगिक क्षेत्रमा ३ वटा उद्योग बन्द अवस्थामा छन्। उक्त औद्योगिक क्षेत्रमा दुग्ध पदार्थ, बेकरी

उत्पादन, चाउचाउ, बिस्कुट, प्रशोधित पिउने पानी, मेटल फेब्रिकेशन, फर्निचरजन्य उत्पादन, अक्सिजन ग्यास, कपडा तथा होजियारी, विद्युतीय सामग्री र ब्लक तथा ह्युमपाइप उद्योगहरु सञ्चालित छन् ।

यसैगरी, उक्त औद्योगिक क्षेत्रभित्र ३५ सय केभीए विद्युत् क्षमता रहेको छ । जसमा एचटी लाइन २ किमि र एलटी लाइन ५ किमि रहेका छन् । यसरी नै, २ लाख ७५ लिटर क्षमताको २ वटा ओभरहेड पानीट्यांकी रहेका छन् । औद्योगिक क्षेत्रभित्र पानी उत्पादन क्षमता भने प्रतिदिन ७७७ किलि रहेको छ । यस्तै सडक सञ्जाल भने २.५ किलोमिटर रहेको छ ।

उक्त औद्योगिक क्षेत्रले उद्योगहरुलाई आवश्यक पर्ने भौतिक पूर्वाधारहरु जमिन, औद्योगिक भवन, गोदाम, विद्युत्, पानी, सडक, ढल आदि सुविधा उपलब्ध गराउँदै आएको छ । औद्योगिक क्षेत्रभित्र बैंक, हुलाक, स्वास्थ्य क्लिनिक, दिवा शिशु स्याहार केन्द्र, औद्योगिक सुरक्षा बल, समीक्षालय भवनलगायत रहेका छन् । यस औद्योगिक क्षेत्रमा ३ हजार जनाले प्रत्यक्ष रोजगारी पाएका छन् ।

औद्योगिक क्षेत्र सञ्चालन तथा व्यवस्थापन नियमावली, २०७१ को नियम २३ मा जग्गा तथा भवनको भाडा दर ५-५ वर्षमा पुनरावलोकन गरी नयाँ भाडा दर निर्धारण गर्ने व्यवस्था अनुसार यस औद्योगिक क्षेत्रको जग्गाको साविक बहाल दर पुनरावलोकन गरी सञ्चालक समितिबाट नयाँ बहाल दर निर्धारण भएको छ ।



# बुटवल औद्योगिक क्षेत्र



बुटवल औद्योगिक क्षेत्रको स्थापना २०३२ सालमा भएको हो। बुटवल उपमहानगरपालिकाको वडा नं. १० रामनगरमा अवस्थित उक्त औद्योगिक क्षेत्रले ४ सय ३४ रोपनी क्षेत्रफल ओगटेको छ। पूर्वमा सुखौरा खोला, पश्चिममा नेपाली सेनाको व्यारेक, उत्तरमा पूर्व-पश्चिम राजमार्ग तथा शिवनगर सामुदायिक वन र दक्षिणमा रामनगर सामुदायिक वन क्षेत्रसम्म फैलिएको उक्त औद्योगिक क्षेत्रभित्र विकसित जमिन, औद्योगिक भवन, विद्युत्, पानी, सडक र ढलजस्ता आधारभूत पूर्वाधार उपलब्ध छन्।उक्त औद्योगिक क्षेत्रको उद्योगलाई भाडामा दिन सकिने सबै जमिनहरु प्रवर्द्धन भइसकेको छ।

उक्त औद्योगिक क्षेत्रमा ३७४ रोपनी जग्गा लिजमा दिइएको छ भने युटिलिटी क्षेत्रले ६० रोपनी जग्गा ओगटेको छ। उक्त औद्योगिक क्षेत्रमा रहेको भवनको क्षेत्रफल १५,६५४.४८ वर्गफिट रहेको छ भने गोदामको क्षेत्रफल ४९६५.७२ वर्गफिट रहेको छ। उक्त औद्योगिक क्षेत्रभित्र विद्युत् क्षमता ४ हजार केभीए लाइन रहेको छ भने पानीको क्षमता प्रतिदिन २५० किलोलिटर रहेको छ। सडकको क्षमता भने २.१४ किलो मिटर रहेको छ।

औद्योगिक क्षेत्रको १.७९ करोड रुपियाँ लगानी रहेको उक्त औद्योगिक क्षेत्रमा निजी क्षेत्रको भने २ अर्ब ५० करोड लगानी रहेको छ। ७२ वटा उद्योगहरु रहेको उक्त औद्योगिक क्षेत्रभित्र ६५ वटा उद्योग चालु अवस्थामा रहेका छन् भने ४ वटा उद्योग निर्माणाधीन छन्। ३ वटा उद्योग बन्द

अवस्थामा रहेका छन्। संघसंस्था भने ३ वटा रहेका छन्।

उक्त औद्योगिक क्षेत्रको उत्पादन क्षमता वार्षिक १ अर्ब ४० करोड रुपियाँ रहेको छ भने राजश्वमा योगदान वार्षिक रुपमा ४० करोड रुपियाँ रहेको छ। औद्योगिक क्षेत्र सञ्चालन तथा व्यवस्थापन नियमावली, २०७१ को नियम २३ मा जग्गा तथा भवनको भाडा दर ५-५ वर्षमा पुनरावलोकन गरी नयाँ भाडा दर निर्धारण गर्ने व्यवस्था अनुसार यस औद्योगिक क्षेत्रको जग्गाको साविक बहाल दर पुनरावलोकन गरी सञ्चालक समितिबाट नयाँ बहाल दर निर्धारण भएको छ।

बुटवल उपमहानगरपालिकाको वडा नं. १० रामनगरमा अवस्थित उक्त औद्योगिक क्षेत्रले ४ सय ३४ रोपनी क्षेत्रफल ओगटेको छ । पूर्वमा सुखौरा खोला, पश्चिममा नेपाली सेनाको व्यारेक, उत्तरमा पूर्व-पश्चिम राजमार्ग तथा शिवनगर सामुदायिक वन र दक्षिणमा रामनगर सामुदायिक वन क्षेत्रसम्म फैलिएको उक्त औद्योगिक क्षेत्रभित्र विकसित जमिन, औद्योगिक भवन, विद्युत्, पानी, सडक र ढलजस्ता आधारभूत पूर्वाधार उपलब्ध छन्। उक्त औद्योगिक क्षेत्रको उद्योगलाई भाडामा दिन सकिने सबै जमिनहरु प्रबर्द्धन भइसकेको छ ।

उक्त औद्योगिक क्षेत्रभित्र स्टिल फेब्रिकेसन, विद्युतीय सामानहरु, प्लाष्टिकका सामानहरु भाँडाका बिड, हेन्डल, नोज र स्टिप, प्लाष्टिकका चप्पलहरु, ट्रान्सफर्मर, विद्युत् मर्मत कार्य, ह्युमपाइप तथा ब्लक, गार्डेन पाइप, वाल ग्रिप, ग्यास पाइप, फलामे ट्रस, तामा चक्का, काँसका भाँडाहरु, अटो वर्क्ससप, रिफाइन मोविल, प्लाष्टिक जुत्ता-चप्पल, पोली पाइपहरु, फेब्रिकेसन स्टिल पार्ट, त्रिपाल, स्टिलका भाँडा वर्तन, दूध तथा दुग्ध पदार्थहरु, औषधि उत्पादन, वायो ग्यास उपकरण, पोलिथिन पाइप, झोलुंगे पुल तथा फलामका सामानहरु, डिटर्जेन्ट साबुन, पशु बधशाला, प्लाष्टिकको दाना, धागो उत्पादन, किला काँटीका सामानहरुसम्बन्धी उद्योगहरु रहेका छन्।

उक्त औद्योगिक क्षेत्रले जग्गा तथा औद्योगिक भवनहरु ४० वर्षका लागि बहालमा दिने, बढीमा २ वर्षका लागि गोदाम भवन बहालमा उपलब्ध गराउने, डेडिकेटेड फिडरबाट नियमित विद्युत् आपूर्ति गर्ने, २४सै घन्टा पानी वितरण गर्ने, विद्युत् तथा पानी सम्बन्धी प्राविधिक सेवा उपलब्ध गराउने, अतिथि गृह र प्राथमिक स्वास्थ्य सेवा उपलब्ध गराउने, श्रमिक विवादमा समाधानका लागि समन्वयकर्ताको भूमिका निर्वाह गर्ने र औद्योगिक सूचना तथा तथ्यांक उपलब्ध गराउनेजस्ता सेवा प्रदान गर्दै आएको छ।

# भक्तपुर औद्योगिक क्षेत्र



भक्तपुर औद्योगिक क्षेत्रको स्थापना २०३६ सालमा भएको हो। उक्त औद्योगिक क्षेत्र नेपाल सरकार र मित्र राष्ट्र जर्मनी सरकारको सहयोगमा २०३६ सालमा भक्तपुर विकास परियोजना स्थापना भई सोही परियोजनाको दोस्रो चरणको कार्यक्रमअन्तर्गत साना उद्योग क्षेत्रका रुपमा स्थापना भएको हो । तर, २०४७ सालपछि भने साना उद्योग क्षेत्रलाई भक्तपुर औद्योगिक क्षेत्र नामाकरण गरी सञ्चालन गर्न थालिएको हो ।

उक्त औद्योगिक क्षेत्र भक्तपुर नगरपालिका वडा नं. २ व्यासीमा अवस्थित छ। पूर्वमा भक्तपुर नगरपालिका, पश्चिममा नगरकोट जाने बाटो, उत्तरमा बाटो र दक्षिणमा बाटो रहेको उक्त औद्योगिक क्षेत्र ७१.२८ रोपनी क्षेत्रफलमा फैलिएको छ र उक्त औद्योगिक क्षेत्र पूरै क्षेत्रफलमा विकसित रहेको छ। जसमा ५८.२८ रोपनी क्षेत्रफल लिजमा दिइएको छ भने युटिलिटी सेवाहरु ओगटेको क्षेत्र १३ रोपनी रहेको छ।

सरकारको २.७४ करोड लगानी रहेको उक्त औद्योगिक क्षेत्रमा निजी क्षेत्रहरुको भने अनुमानित ६० करोड लगानी रहेको छ। उक्त औद्योगिक क्षेत्रमा ३७ वटा उद्योगहरु रहेका छन्, जसमा ३६

वटा चालु अवस्थामा छन् भने एउटा बन्द अवस्थामा छ । संघसंस्था र प्रतिष्ठानहरु भने ३ वटा रहेका छन् । उक्त औद्योगिक क्षेत्रमा दुग्धजन्य, प्लाष्टिक सामग्री, दाना उत्पादन, टेक्सटाईल, सेरामिल, फिल्ड सप्रिमेन्ट, प्रेस र ह्याण्डिक्राफ्टसम्बन्धी उद्योगहरु रहेका छन् । वार्षिक उत्पादन अनुमानित २० करोड रहेको उक्त औद्योगिक क्षेत्रले राजश्वमा वार्षिक अनुमानित १ करोड योगदान गर्दै आएको छ ।

उक्त औद्योगिक क्षेत्रको विद्युत् जडित क्षमता ८ सय केभीए रहेको छ र पानीको क्षमता प्रतिदिन १७० सय किलि रहेको छ । सडकको क्षमता भने ०.६८ किलोमिटर रहेको छ । उक्त औद्योगिक क्षेत्रमा ८ सय जनाले प्रत्यक्ष रोजगारी पाएका छन् । जसमा पुरुष ५ सय र महिलाको संख्या ३ सय रहेको छ ।

औद्योगिक क्षेत्र सञ्चालन तथा व्यवस्थापन नियमावली, २०७१ को नियम २३ मा जग्गा तथा भवनको भाडा दर ५-५ वर्षमा पुनरावलोकन गरी नयाँ भाडा दर निर्धारण गर्ने व्यवस्था अनुसार यस औद्योगिक क्षेत्रको जग्गाको साविक बहाल दर पुनरावलोकन गरी सञ्चालक समितिबाट नयाँ बहाल दर निर्धारण भएको छ ।उक्त औद्योगिक क्षेत्रभित्र सशस्त्र प्रहरी औद्योगिक सुरक्षा बल र स्वास्थ्य क्लिनिकको समेत सुविधा उपलब्ध रहेको छ ।



# वीरेन्द्रनगर औद्योगिक क्षेत्र




वीरेन्द्रनगर औद्योगिक क्षेत्रको स्थापना २०३८ साल कार्तिक २२ गते भएको हो । यस औद्योगिक क्षेत्र नेदरल्याण्ड सरकारको सहयोगमा प्राइमुभर इन्डस्ट्रिज प्रोजेक्टअन्तर्गत स्थापना भएको हो । वीरेन्द्रनगर नगरपालिकाको वडा नं. १२ इत्राममा अवस्थित यस औद्योगिक क्षेत्र ९० रोपनी जमिनमा फैलिएको छ। यसको पूर्वमा एयरपोर्ट, उत्तरमा इत्राम बजार, दक्षिणमा एयरपोर्ट जाने बाटो र पश्चिममममा इत्राम खोला पर्दछ ।

स्थापनाकालदेखि नै यस औद्योगिक क्षेत्रले कर्णाली प्रदेशका घरेलु, साना, मझौला उद्योगहरुको विकास, विस्तार गरी उद्योगहरुको प्रवर्द्धनमा टेवा पुऱ्याउने र प्रदेशका उत्पादन तथा सेवाहरु आन्तरिक बजारमा पुऱ्याई स्थानीय रुपमा रोजगारी सिर्जना गर्ने उद्देश्य सँगाल्दै आएको छ । यस औद्योगिक क्षेत्रमा ६८.१० रोपनी जग्गा लिजमा दिइएको छ भने युटिलिटी सेवाले २१.९० रोपनी जग्गा ओगटेको छ ।

औद्योगिक क्षेत्रको १.४४ करोड रुपियाँ लगानी रहेको यस औद्योगिक क्षेत्रमा निजी क्षेत्रको भने करिब ५ करोड लगानी रहेको छ । यस औद्योगिक क्षेत्रमा २८ वटा उद्योग रहे पनि चालु

अवस्थामा २२ वटा, निर्माणाधीन ४ वटा रहेका छन् भने २ वटा वनद अवस्थामा छन्। औद्योगिक क्षेत्रबाट १२ वटा भवन निर्माण भएका छन् भने निजी क्षेत्रबाट भवन र टहराहरु गरी ५८ वटा निर्माण भएका छन्।

उक्त औद्योगिक क्षेत्रमा विद्युत क्षमता ५ सय केभीए प्रशारण रहेको छ भने ग्राभेल सडक ०.९१ किलोमिटर रहेको छ। ३ सय जनाले प्रत्यक्ष रोजगारी पाएको यस औद्योगिक क्षेत्रमा २५० जना पुरुष र ५० जना महिलाले रोजगारी पाएका छन्।

उक्त औद्योगिक क्षेत्रको वार्षिक उत्पादन अनुमानित ८० करोड र राजश्वमा योगदान वार्षिक रुपमा ५० लाख रुपियाँ रहेको छ। उक्त औद्योगिक क्षेत्रमा काष्ठ, कुखुरा पालन, दाना, इन्जिनियरिङ वर्कशप, खाद्य, फर्निचर, पानी प्रशोधन, डेरी, प्रेस, प्लास्टिक, कोल्ड स्टोर, हर्बल र ब्रिकेटजस्ता उद्योगहरु सञ्चालित छन्।

औद्योगिक क्षेत्र सञ्चालन तथा व्यवस्थापन नियमावली, २०७१ को नियम २३ मा जग्गा तथा भवनको भाडा दर ५-५ वर्षमा पुनरावलोकन गरी नयाँ भाडा दर निर्धारण गर्ने व्यवस्था अनुसार यस औद्योगिक क्षेत्रको जग्गाको साविक बहाल दर पुनरावलोकन गरी सञ्चालक समितिबाट नयाँ बहाल दर निर्धारण भएको छ।




# गजेन्द्रनारायण सिंह औद्योगिक क्षेत्र



गजेन्द्रनारायण सिंह औद्योगिक क्षेत्रको स्थापना २०४४ सालमा भएको हो। उक्त औद्योगिक क्षेत्र मित्र राष्ट्र भारत सरकारको सहयोगमा स्थापना भएको हो। २९४ रोपनी क्षेत्रफलमा फैलिएको उक्त औद्योगिक क्षेत्र १६४ रोपनी क्षेत्रफलमा विकसित रहेको छ, जसमा ३५.५४ रोपनी क्षेत्रफल लिजमा दिइएको छ भने युटिलिटी सेवाहरु ओगटेको क्षेत्र करिब ५० रोपनी रहेको छ।

सरकारको ४.१३ करोड लगानी रहेको उक्त औद्योगिक क्षेत्रमा निजी क्षेत्रहरुको भने १२.८३ करोड लगानी रहेको छ। उक्त औद्योगिक क्षेत्रमा ११ वटा उद्योगहरु रहेका छन्, जसमा ५ वटा चालु अवस्थामा छन् भने ४ वटा वन्द छन्। निर्माणाधीन अवस्थामा २ वटा उद्योग रहेका छन्। संघसंस्था र प्रतिष्ठानहरु भने एउटा रहेको छ। लिजमा दिन बाँकी जग्गा करिब ११ विघा रहेको छ।

उक्त औद्योगिक क्षेत्रको विद्युत् जडित क्षमता ५ सय केभीए रहेको छ र पानीको क्षमता प्रतिदिन २ सय किलि रहेको छ। सडकको क्षमता भने २ किलोमिटर रहेको छ। उक्त औद्योगिक क्षेत्रमा ४० जनाले प्रत्यक्ष रोजगारी पाएका छन्। औद्योगिक क्षेत्र सञ्चालन तथा व्यवस्थापन नियमावली, २०७१ को नियम २३ मा जग्गा तथा भवनको भाडा दर ५-५ वर्षमा पुनरावलोकन गरी नयाँ भाडा दर निर्धारण गर्ने व्यवस्था अनुसार यस औद्योगिक क्षेत्रको जग्गाको साविक बहाल दर पुनरावलोकन गरी सञ्चालक समितिबाट नयाँ बहाल दर निर्धारण भएको छ।

# दैजी औद्योगिक क्षेत्र




नेपाल सरकारको २०७२ चैत १ गतेको निर्णयबाट ९०० विघा क्षेत्रफलमा दैजी औद्योगिक क्षेत्र घोषणा भएको हो। कञ्चनपुर जिल्लाको वेदकोट नगरपालिका वडा नं. २ र ३ मा अवस्थित उक्त औद्योगिक क्षेत्र स्थापनामा लागि २०७३ वैशाख १४ गते नापजाँच सम्पन्न भई कार्य अघि बढेको हो । साविकको चारकिला नापजाँच गर्दा निर्धारित जग्गा अपुग भएको हुँदा मिति २०७३ माघ १४ मा मन्त्रिपरिषद्बाट चारकिला संशोधन गरी पूर्वमा छेलामुक्त कैया बस्ती तथा धेउडीथुम खोल्सा, पश्चिममा साजगाड खोला, उत्तरमा चुरे वन क्षेत्र र दक्षिणमा चाँदनीफाँट बस्ती सम्म कायम गरिएको छ ।

उक्त औद्योगिक क्षेत्रका लागि परामर्शदाताबाट वातावरणीय प्रभाव मूल्यांकन (EIA) सम्बन्धी कार्यअन्तर्गत क्षेत्र निर्धारण र कार्यसूचि (TOR) डकुमेन्टका सम्बन्धमा वन तथा वातावरण मन्त्रालयमा समीक्षा बैठक सम्पन्न भइसकेको छ।४ सय विघा क्षेत्रफलमा स्थापना गरिने उक्त औद्योगिक क्षेत्रमा औद्योगिक प्लटहरु ३२.८८ प्रतिशत रहने छ भने सडकको क्षमता १६.६८ किलोमिटर रहने छ । उक्त औद्योगिक क्षेत्रमा मध्यवर्ती क्षेत्र २३.१ प्रतिशत रहने छ भने वन कार्यालय क्षेत्र २.१६ प्रतिशत रहने छ। प्रशासकीय तथा सेवा क्षेत्र १.५४, हेलिप्याड, पेट्रोल पम्प, भारी र साधारण सवारी साधनहरुको पार्किङ २.५३, सशस्त्र सुरक्षा बलका लागि ३.३६, आवासिय क्षेत्रका लागि ३.९०, विद्युतीय सबस्टेशनका लागि २.१५, WWTP का लागि ९.६१ र जलीय क्षेत्र २.३० प्रतिशत रहने छ ।

उक्त औद्योगिक क्षेत्रमा साना उद्योगहरु २३, मझौला उद्योगहरु ४४ र ठूला उद्योगहरु ५७ वटा रहने छन् । यसरी १ सय २४ वटा उद्योगहरु उक्त औद्योगिक क्षेत्रमा स्थापना हुने छन् । साना उद्योगका निम्ति ७ देखि १० कठ्ठा, मझौला उद्योगका निम्ति १० देखि २० कठ्ठा र ठूला उद्योगका निम्ति १ विघादेखि ५ विघा क्षेत्रफल छुट्याइएको छ ।

करिब ८ अर्ब लागतमा निर्माण हुने उक्त औद्योगिक क्षेत्रमा कृषि, खनिज र विद्युत्जन्य उद्योगहरु स्थापना गरिने छन्। जसमा फलफूल तथा तरकारी, मासु प्रशोधन, म्यानुफ्याक्चरिङ, जडिबुटीजन्य, सूर्तिजन्य, कुखुरा पालन, चिनी, दूग्धजन्य लगायत मैदा, चाउचाउ, शिशु खाद्य, कागज, काष्ठजन्य, टेक्सटाइल, गार्मेन्ट, फलाम तथा स्टिल, कस्मेटिक, निर्माणसम्बन्धी उद्योगहरु पनि स्थापना हुने छन् । उक्त औद्योगिक क्षेत्र स्थापनापछि करिब ५७ हजार जनाले प्रत्यक्ष रोजगारी पाउने सम्भावना रहेको छ ।

# दमक औद्योगिक क्षेत्र




नेपाल सरकारले २०७२ साल चैत १ गते देशको विभिन्न जिल्लामा ५ वटा नयाँ औद्योगिक क्षेत्र निर्माण गर्ने घोषणा गरेको थियो। जसमा झापाको दमक औद्योगिक क्षेत्र पनि एउटा हो। उक्त औद्योगिक क्षेत्र प्रत्येक प्रदेशमा १/१ हजार विघा क्षेत्रफलमा औद्योगिक क्षेत्र स्थापना गर्ने नेपाल सरकारको नीति अनुसार २०७२ चैत १ मा ५०० विघामा औद्योगिक क्षेत्र घोषणा भएकोमा सो क्षेत्रको चार किल्ला संशोधन गरी २०७३ असार ३ गते मन्त्रिपरिषद्बाट करिव २१०० विघा क्षेत्रफल कायम भएको हो।

उक्त औद्योगिक क्षेत्रको पूर्वमा झर्का स्कुलदेखि पश्चिम सम्पूर्ण नदी उकास क्षेत्र, पश्चिममा दमक नगरपालिका वडा नं. १९ को रमा सामुदायिक सेवा तथा प्रकोप व्यवस्थापन समितिले संरक्षण गरेको दमक चक्रपात पूर्वको माटाको बाँध पूर्व, उत्तर दक्षिण धिमालहरुको महाराजस्थान छाडी सोको दक्षिण, दक्षिणपूर्व एवं सेतुमारी खेल मैदानको मध्यपश्चिमको उत्तर दक्षिण रतुवा नदी उकास क्षेत्र हुँदै मावा रतुवाको सम्पूर्ण नदी उकास क्षेत्र, उत्तरमा पूर्वतर्फ साविकको लखनपुर गाविसको खयरबारीदेखि दक्षिण सम्पूर्ण नदी उकास क्षेत्र तथा पश्चिमतर्फ दमक १८ नम्बरी कित्ता पूर्वको उत्तर दक्षिणबाट सम्पूर्ण नदी उकास क्षेत्र, लालधरनरा मगरचोक, मानव बस्तीदेखि पश्चिमको सम्पूर्ण नदी उकास क्षेत्र र दक्षिणमा गौरादह नगरपालिका, खयरबारीदेखि उत्तर सम्पूर्ण भूभागसम्म फैलिएको छ।

यही सन्दर्भमा, निजी लगानीमा औद्योगिक क्षेत्रको पूर्वाधार विकास, निर्माण र सञ्चालन गर्न औद्योगिक क्षेत्रको जग्गा निजी क्षेत्रलाई बहालमा उपलब्ध गराउन सकिने व्यवस्था औद्योगिक क्षेत्र सञ्चालन तथा व्यवस्थापन नियमावली, २०७१ नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयबाट मिति २०७३/४/१३ मा स्वीकृत हुन पुगेको थियो।

औद्योगिक क्षेत्र पूर्वाधारमा निजी लगानी गराउने नेपाल सरकारको नीति सार्वजनिक भएपछि औद्योगिक क्षेत्र सञ्चालन तथा व्यवस्थापन नियमावली २०७१ अनुसार दमक औद्योगिक क्षेत्रको १ सय २० विघा जग्गामा औंद्योगिक पूर्वाधार निर्माण सञ्चालन तथा व्यवस्थापन गर्न दमक क्लिन इन्डस्ट्रिज पार्कलाई ४० वर्षका लागि सम्झौता गरी जग्गा भाडामा उपलब्ध गराइएको छ ।

यसैगरी, झापा जिल्लास्थित नापी र मालपोत कार्यालयको सहयोगमा २०७४ पौष १८ गतेसम्ममा ८ सय २२ विघा जग्गा प्राप्त भएको छ। यो समेत गरी ८ सय ४२ विघा जग्गा औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडको नाममा दर्ता कायम भइसकेको छ ।

नेपाल सरकारले २०७२ साल चैत १ गते देशका विभिन्न जिल्लामा ५ वटा नयाँ औद्योगिक क्षेत्र निर्माण गर्ने घोषणा गरेको थियो । जसमा झापाको दमक औद्योगिक क्षेत्र पनि एउटा हो । उक्त औद्योगिक क्षेत्र प्रत्येक प्रदेशमा १/१ हजार विघा क्षेत्रफलमा औद्योगिक क्षेत्र स्थापना गर्ने नेपाल सरकारको नीति अनुसार २०७२ चैत १ मा ५०० विघामा औद्योगिक क्षेत्र घोषणा भएकोमा सो क्षेत्रको चार किल्ला संशोधन गरी २०७३ असार ३ गते मन्त्रिपरिषद्बाट करिव २१०० विघा क्षेत्रफल कायम भएको हो ।

उक्त औद्योगिक क्षेत्रको चार किल्लाभित्र रहेको निजी जग्गा ३ सय ६७ विघा खरिद गर्न आवश्यक भएकोले जग्गा प्राप्ति ऐन, २०३४ को दफा १३ अनुसार गठित समितिको २०७४/११/३ मा बसेको बैठकले व्यक्तिको नाममा रहेको ३ सय ६७ विघा जग्गा ऐन अनुसार खरिद गर्ने प्रयोजनका लागि हकदाबी प्रमाण पेश गर्न गरेको निर्णय अनुसार २०७३/११/१४ मा सूचना प्रकाशित भएको थियो । जग्गा प्राप्ति ऐन, २०३४ अनुसार ३ सय ६७ विघा जग्गा प्राप्त गर्न फिल्ड सर्भे र जग्गाको वर्गीकरणपछि कायम हुन आएको ४११ विघा २ कठ्ठा ४.२५ धुर जग्गाको मुआब्जा भुक्तानी गर्ने प्रयोजनको लागि जग्गाको मूल्यांकन निर्धारण भइसकेको छ। सम्बन्धित जग्गा धनीहरुलाई स्थानीय निकायबाट सिफारिस हुने सबुत प्रमाणको आधारमा निर्धारण भएको मुआब्जा रकम जग्गा प्राप्तिसम्बन्धी सम्पर्क कार्यालय दमकबाट भुक्तानी गर्न सूचना प्रकाशित भएको छ ।

नेपालको पूर्वी द्वारमा अवस्थित उक्त औद्योगिक क्षेत्रको स्थापनाले राष्ट्रिय अर्थतन्त्रमा महत्वपूर्ण भूमिका खेल्ने देखिन्छ। साथै उक्त औद्योगिक क्षेत्र स्थापनापछि करिब १ लाख ३१ हजार जनाले प्रत्यक्ष रोजगारी पाउने सम्भावना रहेको छ। दस वर्षमा दस लाखलाई रोजगारी दिने सरकारको लक्ष्य रहे को हुँदा दमक औद्योगिक क्षेत्र स्थापना भएपछि त्यसले सरकारको लक्ष्यलाई साथ दिने निश्चित छ।

# मयुरधाप औद्योगिक क्षेत्र




मयुरधाप औद्योगिक क्षेत्र स्थापना गर्ने घोषणा नेपाल सरकारले २०७२ साल चैत १ गते गरेको थियो। हेटौंडा उपमहानगरपालिकाको वडा नं. १६ र १७ मा अवस्थित मयुरधापमा सरकारले ३ सय विघामा औद्योगिक क्षेत्र स्थापना गर्ने घोषणा गरेकोमा नापजाँच गर्दा भने २ सय विघा देखिन पुगेको थियो। उक्त औद्योगिक क्षेत्रको बिस्तृत अध्ययन प्रतिवेदन तयार भई सञ्चालक समितिबाट मिति २०७५ जेठ १९ गते स्वीकृत भइसकेको छ।

मयुरधापमा औद्योगिक क्षेत्र स्थापना गर्ने विषय आर्थिक वर्ष २०७३/०७४ को बजेट वक्तव्यमा उल्लेख भएको थियो। सोही बजेट कार्यक्रममा जग्गा खरिद गर्ने, मुआव्जा तथा विस्तृत परियोजना प्रस्ताव (डीपीआर) तयार पार्नका लागि बजेट विनियोजनसमेत भएको थियो। साथै, वातावरण प्रभाव मूल्याङ्कन तयार गर्ने कार्यका लागि परामर्शदाता छनोट भई वन तथा वातावरण मन्त्रालयमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयबाट Scoping / Tor पेश भइसकेको छ।

उक्त औद्योगिक क्षेत्रको पूर्वमा मयुरधाप बस्ती, पश्चिममा कालापानी बस्ती, उत्तरमा रातमाटे डाँडा र दक्षिणमा उत्तरपानी चुरे वन र सो वरपरको खाली जग्गा रहेको छ। सो औद्योगिक क्षेत्रमा ६२ वटा औद्योगिक प्लट रहने छन् र त्यसमा ७ देखि १४ रोपनीसम्मको प्लट रहने छन्।

कुल ७.०२४ अर्ब रुपियाँको कुल लागत अनुमान गरिएको उक्त औद्योगिक क्षेत्रमा चालु आर्थिक वर्ष २०७४/०७५ मा वातावरण प्रभाव मूल्यांकनको कार्य सम्पन्न गर्ने, सडक तथा विद्युत आपूर्तिको प्रारम्भिक चरणको काम सम्पन्न गर्ने, औद्योगिक क्षेत्रभित्र उद्योग स्थापनाको लागि प्रस्ताव आव्हान गर्ने लक्ष्य लिइएको छ ।




*मिति २०७५ कार्तिक ५ गते मयुरधाप औद्योगिक क्षेत्र परियोजना कार्यालयको उद्घाटन कार्यक्रममलाई सम्बोधन गर्नुहुँदै अध्यक्ष तथा महाप्रबन्धक श्री नन्दकिशोर बस्नेत*

५ वर्षभित्र पूर्वाधार निर्माणको कार्य सम्पन्न गरी औद्योगिक क्षेत्र पूर्ण रुपमा सञ्चालन गरिने उद्देश्य लिइएको उक्त औद्योगिक क्षेत्रमा सरकारको निर्णयद्वारा सुरक्षण मुद्रण विभागलाई २५० रोपनी जग्गा उपलब्धसमेत गराइएको छ।उक्त औद्योगिक क्षेत्रमा दुग्ध उत्पादन, पेन्टस उद्योग, पाइप, काष्ठजन्य, टेक्सटाइल, स्टिललगायत अन्य मध्यम र ठूला उद्योगहरु स्थापना हुनेछन् ।

हेटौंडा क्षेत्र विस्तारै 'औद्योगिक हब' को रुपमा विकसित हुँदै गएको छ । निकट भविष्यमै निर्माण हुने उक्त औद्योगिक क्षेत्रले हेटौंडालाई औद्योगिक सहरको रुपमा विकास गर्न थप मद्दत पुऱ्याउने देखिन्छ । केही वर्षपछि नै चतरा-हेटौंडा सडक निर्माण सम्पन्न भइसक्ने, पूर्व-पश्चिम राजमार्गको मध्य भागमा अवस्थित र वीरगञ्ज नाकादेखि नजिक रहेको हेटौंडामा औद्योगिक क्षेत्रको विकासका लागि मयुरधाप औद्योगिक क्षेत्र स्थापनाले थप बल पुऱ्याउने देखिन्छ। उक्त औद्योगिक क्षेत्र स्थापनापछि करिब १४ हजार जनाले प्रत्यक्ष रोजगारी पाउने सम्भावना रहेको छ

# नौवस्ता औद्योगिक क्षेत्र




नेपाल सरकारले २०७२ साल चैत १ गते नौवस्ता औद्योगिक क्षेत्र निर्माण गर्ने घोषणा गरेको हो । बाँके जिल्लाको नौवस्ताको पूर्वमा साविक नौवस्ता वडा नं. ७ को गाभर, पश्चिम नौवस्ता वडा नं. २ पितमारी, उत्तरमा रत्न राजमार्ग, दक्षिणमा डिगिया डाँडाँभित्र करिव ५२५ विघा घोषणा भएता पनि पहिलो चरणमा ३२८ विघा जग्गाको जग्गाधनी प्रमाण पुर्जा २०७३ जेठ २७ गते प्राप्त भएर काम अघि बढेको छ । उक्त औद्योगिक क्षेत्रको विस्तृत अध्ययन प्रतिवेदन तयार भई २०७५ जेठ १८ गते बसेको औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडको सञ्चालक समितिको बैठकले स्वीकृतसमेत गरिसकेको छ । इआइएको काम भने वन तथा वातावरण मन्त्रालयमा भइरहेको छ ।

उक्त औद्योगिक क्षेत्रको जम्मा औद्योगिक प्लट संख्या १११ मा विभाजन गरिएको छ भने प्लटको साइज ९ देखि ३० रोपनीसम्म रहेका छन् । ८ अर्ब ७ करोड लागत अनुमान गरिएको उक्त औद्योगिक क्षेत्रको चालु आर्थिक वर्षमा वातावरण मूल्यांकन कार्य सम्पन्न गर्ने, सडक तथा विद्युत आपूर्तिको प्रारम्भिक चरणको कार्य सम्पन्न गर्ने, औद्योगिक क्षेत्रभित्र उद्योग स्थापनाका लागि प्रस्ताव आव्हान गर्ने लक्ष्य लिइएको छ । ५ वर्षभित्र पूर्वाधार निर्माणको कार्य सम्पन्न गरी औद्योगिक क्षेत्र पूर्ण रुपमा सञ्चालनमा ल्याउने लक्ष्य राखिएको छ भने उक्त औद्योगिक क्षेत्र सञ्चालनमा आएपछि करिब १० हजारले प्रत्यक्ष रोजगारी पाउने अनुमान गरिएको छ ।

औद्योगिक क्षेत्रभित्र हुने पूर्वाधार र सोको मापदण्डमा चार लेनको मुख्य सडक रहने छ भने २ लेनको सहायक सडक रहने छ। साइकल लेनको व्यवस्था गरिएको छ र सडकको दुवै तर्फ २.५ मिटरको पैदल यात्रु लेन रहने छ। वर्षा र ढलको पानीको उचित व्यवस्थापनको लागि निकासका लागि बेग्लै ड्रेनको व्यवस्था गरिने छ भने २४सै घन्टा पानीको आपूर्ति व्यवस्था मिलाइने छ। ओभरहेड अन्डरग्राउन्ड ट्यांकीको व्यवस्था हुनुका साथै फोहोर पानी प्रशोधन केन्द्रको व्यवस्थासमेत हुनेछ। यसरी नै, ८ फिट अग्लो सिमाना पर्खाल, एकल प्रवेशद्वार र बहिर्गमनको व्यवस्था, सुरक्षाका




*मिति २०७५ कार्तिक ७ गते बाँके नौवस्ता औद्योगिक क्षेत्र परियोजना कार्यालयको उद्घाटन कार्यक्रमको एक झलक*

निम्ति २ सय जना सशस्त्र प्रहरी बल बस्ने व्यवस्था, ४० मेघावाट विद्युतको बेग्लै विद्युत फिडर, उद्योग संघ, बैंक, शिशु स्याहार, एटीएमको सुविधा, डिस्प्ले सेन्टर, स्वास्थ्य क्लिनिकको व्यवस्था पनि गरिने छ। औद्योगिक क्षेत्र र मानव बस्तीबीचको करिब ३० मिटर क्षेत्रमा वृक्षारोपण गर्न मध्यवर्ती क्षेत्र छुट्याइएको छ भने वातावरण स्वच्छ राख्न उचित व्यवस्था मिलाइने छ। साथै, टेलिकम्युनिमेशन टावरको व्यवस्था गरिनुका साथै एकीकृत भन्सार चेकपोस्टको व्यवस्था पनि हुनेछ। उक्त औद्योगिक क्षेत्र स्थापनापछि करिब २२ हजार जनाले प्रत्यक्ष रोजगारी पाउने सम्भावना रहेको छ।

# मोतिपुर औद्योगिक क्षेत्र




नेपाल सरकारले २०७२ साल चैत १ गते मोतिपुर औद्योगिक क्षेत्र स्थापना गर्ने निर्णय गरे बमोजिम २०७३ बैसाख २९ गते ८१३ विघा क्षेत्रफलको जग्गाधनी पुर्जा प्राप्त गरेको थियो। रुपन्देहीको मोतिपुरमा निर्माण गरिने उक्त औद्योगिक क्षेत्रको विस्तृत अध्ययन प्रतिवेदन तयार भई २०७५ जेठ १९ गते बसेको औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडको सञ्चालक समितिको बैठकले स्वीकृतसमेत गरिसकेको छ। वातावरण प्रभाव मूल्याङ्कनको काम भने वन तथा वातावरण मन्त्रालयमा भइरहेको छ।

उक्त औद्योगिक क्षेत्रलाई ४ सेक्टरमा विभाजन गरी जग्गा व्यवस्थापन गरिने भएको छ। जसमा तिलोत्तमा क्षेत्रको १५४ विघा क्षेत्रफललाई सेक्टर 'ए' मा राखिएको छ, यस सेक्टरको ४४ विघामाा १३० औद्योगिक प्लट रहने छन्। सडकका लागि २८ विघा छुट्याइएको छ। हरित क्षेत्र र मध्यवर्ती क्षेत्रका लागि ४० विघा छुट्याइएको छ। तिनाउ नदी क्षेत्रमा २५ विघा परेको छ भने अधिग्रहण गर्नुपर्ने जग्गा १७ विघा रहेको छ। मोतिपुर क्षेत्रको ४०५ विघा क्षेत्रफललाई सेक्टर 'बि' मा राखिएको छ, जसमा ११७.२३ विघा क्षेत्रफलमा २६२ औद्योगिक प्लट रहने छन्। यसमा बस्ती व्यवस्थापनलाई १४३.२६ विघा छुटयाइएको छ भने युटिलिटी सेवाका लागि ६१.६६ विघा छुट्याइएको छ। यसरी नै तिनाउ खोलाको बहाव क्षेत्रको लागि न्यूनतम ५० मिटर कायम गरिएको छ भने हरित र मध्यवर्ती क्षेत्रका लागि ३४.२३ विघा छुट्याइएको छ। तिनाउ नदी क्षेत्रमा परेको ४८.७८ विघा छुट्याइएको छ। फर्साटिकर क्षेत्रको २२५ विघा क्षेत्रफललाई सेक्टर 'सी' मा राखिएको छ, जसको ५४ विघा क्षेत्रफलमा १५२ औद्योगिक प्लट रहने छन्। त्यस्तै सडकका लागि ४८ विघा, हरित र मध्यवर्ती क्षेत्रका लागि ५२ विघा, तिनाउ नदीमा १३ विघा र बस्ती व्यवस्थापनका लागि

५७ विघा छुट्याइएको छ। यसरी नै, मोतिपुर क्षेत्रको दक्षिणी भागको नदी तथा हरित क्षेत्रको ६६ विघा क्षेत्रफललाई सेक्टर 'डी'मा राखिएको छ।

८ अर्ब रुपियाँ लागत अनुमान गरिएको उक्त औद्योगिक क्षेत्रको निर्माणका लागि चालु आर्थिक वर्षमा वातावरण मूल्यांकन कार्य सम्पन्न गर्ने, सडक तथा विद्युत आपूर्तिको प्रारम्भिक चरणको कार्य सम्पन्न गर्ने, औद्योगिक क्षेत्रभित्र उद्योग स्थापनाका लागि प्रस्ताव आव्हान गर्ने लक्ष्य लिइएको छ। ५ वर्षभित्र पूर्वाधार निर्माणको कार्य सम्पन्न गरी औद्योगिक क्षेत्र पूर्ण रुपमा सञ्चालनमा ल्याउने लक्ष्य राखिएको छ।

औद्योगिक क्षेत्रभित्र हुने पूर्वाधार र सोको मापदण्डमा २ लेनको मुख्य सडक रहने छ भने २ लेनको सहायक सडक रहने छ। साइकल लेनको व्यवस्था गरिएको छ र सडकको दुवै तर्फ २.५ मिटरको पैदल यात्रु लेन रहने छ। वर्षा र ढलको पानीको उचित व्यवस्थापन गर्न निकासका लागि बेग्लै ड्रेनको व्यवस्था गरिने छ भने २४सै घन्टा पानीको आपूर्ति व्यवस्था मिलाइने छ। ओभरहेड अन्डरग्राउन्ड ट्यांकीको व्यवस्था हुनुका साथै फोहोर पानी प्रशोधन केन्द्रको व्यवस्थासमेत हुनेछ।




*मिति २०७५ कार्तिक ६ गते मोतिपुर औद्योगिक क्षेत्र परियोजना कार्यालयको उद्घाटन कार्यक्रमको एक झलक*

यसरी नै, ८ फिट अग्लो सिमाना पर्खाल, एकल प्रवेशद्वार र बहिर्गमनको व्यवस्था, सुरक्षाका निम्ति २ सय जना सशस्त्र प्रहरी बल बस्ने व्यवस्था, ४० मेघावाट विद्युतको बेग्लै विद्युत फिडर, उद्योग संघ, बैंक, शिशु स्याहार, एटीएमको सुविधा, डिस्प्ले सेन्टर, स्वास्थ्य क्लिनिकको व्यवस्था पनि गरिने छ। औद्योगिक क्षेत्र र मानव बस्तीबीचको करिब ३० मिटर क्षेत्रमा वृक्षारोपण गर्न मध्यवर्ती क्षेत्र छुट्याइएको छ भने वातावरण स्वच्छ राख्न उचित व्यवस्था मिलाइने छ। साथै, टेलिकम्युनिमेशन टावरको व्यवस्था गरिनुका साथै एकीकृत भन्सार चेकपोस्टको व्यवस्था पनि हुनेछ। उक्त औद्योगिक क्षेत्र स्थापनापछि करिब ५२ हजार जनाले प्रत्यक्ष रोजगारी पाउने सम्भावना रहेको छ।

# शक्तिखोर औद्योगिक क्षेत्र




२०७२ साल असोज ३ गते गणतान्त्रिक संविधान जारी भएपछि मुलुक संघीयतामा प्रवेश गर्‍यो । सात वटा प्रदेश बनेपछि प्रत्येक प्रदेशमा एउटा औद्योगिक क्षेत्र स्थापना गर्ने लक्ष्य सरकारले लियो र सो लक्ष्यअनुरुप प्रदेश नं. ३ का लागि चितवनको शक्तिखोरमा नयाँ औद्योगिक क्षेत्र स्थापना गर्ने घोषणा २०७३ फागुण ३ गते बसेको मन्त्रिपरिषद्को बैठकबाट भयो । सो क्षेत्रको पूर्वमा साविक कालिका नगरपालिका वडा नं. ४ को टाँडी शक्तिखोर सडक, पश्चिममा थानखोला, उत्तरमा मङ्गलादेवी सामुदायिक वन र कालिका नगरपालिका वडा नं. ३ को सिमाना तथा दक्षिणमा कालिका नगरपालिका वडा नं. ५ र ११ सिमानाको चारकिलाभित्र करिव २ हजार विघा जग्गा घोषणा भएको हो । निर्धारित चारकिलाभित्रका क्षेत्रफल नापजाँच गर्दा १७४१ विघा जग्गा कायम हुन आएको छ ।

शक्तिखोर औद्योगिक क्षेत्रको डीपीआर तयार गर्ने कार्य समाप्त भएको छ र वातावरण प्रभाव मूल्यङ्कनको काम अगाडि बढिरहेको छ । उक्त औद्योगिक क्षेत्र १ हजार ७ सय ४१ विघा क्षेत्रफलमा

निर्माण हुने छ । जसमा ७ सय २३ प्लटहरु रहने छन् र ती प्लटहरुमा ५ सय ९८ साना साइजका र १ सय २४ वटा ठूला साइजका प्लटहरु रहने छन् । यसरी ७ सय २३ विघामा उद्योगहरु रहने छन् भने ३ सय २४ विघा युटिलिटी क्षेत्रले ओगट्ने छ । त्यस्तै ४ सय ४६ विघा हरियाली क्षेत्र रहने छ भने ६५ विघा आवासिय क्षेत्रका लागि छुट्याइएको छ ।

यसरी उक्त औद्योगिक क्षेत्रमा उद्योगका लागि क्षेत्र ४२ प्रतिशत क्षेत्रफल, युटिलिटी तथा सेवा क्षेत्र २ प्रतिशत र आवासिय क्षेत्र ६ प्रतिशत रहने छ । यसरी शक्तिखोर औद्योगिक क्षेत्र घोषणा भएदेखि हालसम्म प्रदेश नं. ३ चितवनको कालिका नगरपालिकाकाको शक्तिखोरअन्तर्गत हाल पूर्वमा कालिका नगरपालिका वडा नं. ८ र सिंहनाथ गण (कमाण्डो)को सिमाना,पश्चिम थानखोला र तीनकन्या सामुदायिक वनको सिमाना र उत्तरमा हालको कालिका नगरपालिका वडानं ८ र मंगलादेवी सामुदायिक वनको सिमाना र दक्षिणमा हालको कालिका नगरपालिका वडानं ३ , ७ सिंहनाथ गणको सिमाना भित्र अन्तर्राष्ट्रिय स्तरको औद्योगिक क्षेत्र स्थापना गर्ने कार्य अगाडि बढिरहेको छ ।

करिब ३६ अर्ब रुपियाँ लागत अनुमान गरिएको उक्त औद्योगिक क्षेत्रको निर्माणका लागि यो आर्थिक वर्षमा जग्गाका विकासको कार्य सुरु गरेर सडकको ट्र्याक खोल्ने कामको प्रारम्भिक चरणको काम सम्पन्न गर्ने र विद्युत् आपूर्तिका लागि अस्थायी लाइन विकासको काम सुरु गर्ने योजना रहेको छ ।

चालु आर्थिक वर्षमा भने वातावरण मूल्यांकन कार्य सम्पन्न गर्ने, सडक तथा विद्युत आपूर्तिको प्रारम्भिक चरणको कार्य सम्पन्न गर्ने, औद्योगिक क्षेत्रभित्र उद्योग स्थापनाका लागि प्रस्ताव आव्हान गर्ने लक्ष्य लिइएको छ । ५ वर्षभित्र पूर्वाधार निर्माणको कार्य सम्पन्न गरी औद्योगिक क्षेत्र पूर्ण रुपमा सञ्चालनमा ल्याउने लक्ष्य राखिएको छ ।

औद्योगिक क्षेत्रभित्र हुने पूर्वाधार र सोको मापदण्डमा चार लेनको मुख्य सडक रहने छ भने २ लेनको सहायक सडक रहने छ । साइकल लेनको व्यवस्था गरिएको छ र सडकको दुवै तर्फ २.५ मिटरको पैदल यात्रु लेन रहने छ । वर्षा र ढलको पानीको उचित व्यवस्थापनको लागि निकासका लागि बेग्लै ड्रेनको व्यवस्था गरिने छ भने २४सै घन्टा पानीको आपूर्ति व्यवस्था मिलाइने छ । ओभरहेड अन्डरग्राउन्ड ट्यांकीको व्यवस्था हुनुका साथै फोहोर पानी प्रशोधन केन्द्रको व्यवस्थासमेत हुनेछ ।

यसरी नै, ८ फिट अग्लो सिमाना पर्खाल, एकल प्रवेशद्वार र बहिर्गमनको व्यवस्था, सुरक्षाका निम्ति २ सय जना सशस्त्र प्रहरी बल बस्ने व्यवस्था, ५० मेघावाट विद्युतको बेग्लै विद्युत फिडर, उद्योग संघ, बैंक, शिशु स्याहार, एटीएमको सुविधा, डिस्प्ले सेन्टर, स्वास्थ्य क्लिनिकको व्यवस्था पनि गरिने छ । साथै, टेलिकम्युनिमेशन टावरको व्यवस्था गरिनुका साथै एकीकृत भन्सार चेकपोस्टको व्यवस्था पनि हुनेछ ।

प्रस्तावित शक्तिखोर औद्योगिक क्षेत्रमा कृषि उपकरण, विद्युतीय सामानहरु, सोलार प्यानल, इन्जिनियरिङ र फेब्रिकेटिङ, हस्पिटलका फर्निचर र फिक्चर्स, अटोमोटिभ्स, मासु प्रशोधन, छालाका प्रशोधित सामानहरु, केमिकल उत्पादन, औषधि, निर्माण सामग्रीहरु, म्यानुफ्याक्चरिङ, काष्ठजन्य उत्पादन, ह्यान्डीक्राफ्ट र कृषिमा आधारित उद्योगहरु रहने छन् । उक्त औद्योगिक क्षेत्र स्थापनापछि करिब १ लाख १० हजार जनाले प्रत्यक्ष रोजगारी पाउने सम्भावना रहेको छ ।

# च्याङलीफाँट, पालुङटार औद्योगिक क्षेत्र

(प्रस्तावित)




प्रस्तावित च्याङलीफाँट, पालुङटार औद्योगिक क्षेत्र गोरखा जिल्लाको पालुङ्गटार नगरपालिका. वडा नं. ७ मा पर्दछ। प्रस्तावित उक्त औद्योगिक क्षेत्रको पूर्वमा पालुङ्गटार नगरपालिका. वडा नं. ८ दुवारको हजारी फाँट, पश्चिममा मर्स्याङ्गदी नदी र ज्याग्दी खोला, उत्तरमा मजुवा, अवण्डा, ज्याग्दी खोला, भट्ट फाँट र पुण्यपीपलदेखि तलको भागसम्म र दक्षिणमा मर्स्याङ्गदी नदी पर्दछ। ८ सय १२ विघा क्षेत्रफल रहेको जग्गा उक्त औद्योगिक क्षेत्रको लागि प्रस्ताव गरिएको छ। उक्त क्षेत्रमा औद्योगिक क्षेत्र स्थापनाका लागि पालुङटार नगरपालिकाले औद्योगिक क्षेत्र घोषणा गरी आवश्यक कारबाही अगाडि बढाउन अनुरोध भएको छ।

सडक सञ्जालको हिसाबले प्रस्तावित औद्योगिक क्षेत्रको ५०० सय मिटर दूरीमा पृथ्वी राजमार्ग पर्दछ। उक्त क्षेत्रमा ६ देखि ८ मिटर चौडाईका कच्ची तथा ग्राबेलको पहुँच मार्ग रहेका छन्। पृथ्वी राजमार्गबाट प्रस्तावित औद्योगिक क्षेत्रसम्म पुग्नका लागि मर्स्याङ्गदी नदीमा २ वटा पक्की पुलहरु रहेका छन्।

विद्युतको स्रोतको हिसाबले प्रस्तावित औद्योगिक क्षेत्रको नजिकै नेपाल विद्युत प्राधिकरणको ११ के.भि. तथा १३२ के.भि. प्रसारण लाइन रहेको छ। पानीको स्रोतको लागि मर्स्याङ्गदी नदी, अन्य खोला, खोल्सी र डिप टयुवेलको सम्भावना रहेको छ।

ढल व्यवस्थापनको हकमा उद्योगबाट निस्कने प्रदूषित पानी ट्रिटमेन्ट गर्नको लागि ट्रिटमेन्ट प्लान्ट मर्स्याङ्गदी नदीको किनारमा स्थापना गर्न सकिने छ र सहज रुपमा मर्स्याङ्गदी नदीमा व्यवस्थापन गर्न सकिने छ।

प्रस्तावित औद्योगिक क्षेत्रको पूर्व सम्भाव्यता अध्ययन गरी चार किल्ला पहिचान गरिएको छ। आर्थिक वर्ष २०७५।०७६ को बजेटमा विस्तृत अध्ययन प्रतिवेदन तयार गर्न रकम विनियोजन भएको छ। उक्त प्रस्तावित औद्योगिक क्षेत्रभित्र पर्ने जमिनको स्वामित्व अधिकांश निजी तथा केही सार्वजनिक रहेको छ। नजिकै रहेका डुम्रे र विमलनगर बजारदेखि उक्त क्षेत्रसम्मको दूरी ३ किलोमिटर तथा पृथ्वी राजमार्गदेखि ५ सय मिटरको दूरीमा रहेको छ। भौगोलिक धरातल समथल र केही भिरालो तथा जमिन केही खेतीयोग्य र गेग्ग्रान रहेको छ। यसको नजिक मर्स्याङ्गदी नदी तथा जुडी खोला रहेका छन्। नजिकका व्यापारिक नाकाहरुमा नयाँ पुल, कुमालटारी, सत्रसय फाँट, दमौली, डुम्रे, पोखरा, गोरखा, नारायणघाट आदि रहेका छन्। नजिकै गोरखकाली रबर उद्योग तथा अन्य कृषिजन्य र निर्माण सम्वन्धी उद्योगहरु सञ्चालित छन् भने यहाँ आधुनिक खालका कृषिजन्य र निर्माण र फर्निचरसम्वन्धी उद्योगहरुको सम्भावना देखिन्छ।

८ सय १२ विघा क्षेत्रफलमध्ये निजी जग्गा करिब ४५० विघा र सार्वजनिक जग्गा ३६२ विघा रहेको छ। निजी जग्गा ४५० विघामध्ये करिब ४०० विघा कृषियोग्य छ। करिब ३५० रोपनीमा ३५० वटा गाई फार्म सञ्चालित छ। करिब २० रोपनीमा पोल्ट्री फार्म सञ्चालित छ। सार्वजनिक जग्गा ३६२ विघामध्ये करिब १०० विघा ठूलो सामुदायिक वन, च्याङ्ली सामुदायिक वन र अबण्डा सामुदायिक वनहरुले ओगटेका छन् भने १० विघा रातमाटे कबुलियत वन र २५ विघा सार्वजनिक निकायका साथै १५ विघा साधारण बुट्यान वनले ओगटेको छ। यस क्षेत्रमा राष्ट्रिय वन तथा संरक्षित वन छैन र कुनै जैविक मार्ग पनि पर्दैन।

उक्त क्षेत्रमा करिब ३५० विघा जग्गा कृषि उत्पादनमा उपयोग गरिएको छ। उक्त क्षेत्र वरिपरी बिरुवाटार, आहाले बर्रा र दुमार बस्तीका साथै च्याङ्ली स्वास्थ्य चौकी, धुवाँकोट स्वास्थ्य चौकी रहेका छन्। उक्त क्षेत्रको सदरमुकामदेखिको दूरी ४५ कि.मि. रहेको छ। उक्त औद्योगिक क्षेत्र स्थापनापछि करिब ६२ हजार जनाले प्रत्यक्ष रोजगारी पाउने सम्भावना रहेको छ।

# चिन्तुटार औद्योगिक क्षेत्र
(प्रस्तावित)




प्रस्तावित चिन्तुटार औद्योगिक क्षेत्र तनहुँ जिल्लाको व्यास नगरपालिका वडा नं. १० चिन्तुटारमा पर्दछ । पूर्वमा पूर्व व्यास नगरपालिका वडा नं. १०, छाँगा बाराही र मादी नदी, पश्चिममा हाँडी गाँउ, उत्तरमा मादी बेसी, व्यास नगरपालिका वडा नं. ६, कलेस्ती, व्यास नगरपालिका वडा नं. ६ र दक्षिणमा फोक्सिङ्ग सामुदायिक वन र व्यास नगरपालिका वडा नं. ५ पर्ने चार किल्लाभित्रको ५ हजार रोपनी क्षेत्रफल रहेको जग्गा औद्योगिक क्षेत्रको लागि प्रस्ताव गरिएको छ ।

प्रस्तावित औद्योगिक क्षेत्रको ७ किमि दूरीमा काठमाडौं-पोखरा पृथ्वी राजमार्ग पर्दछ । उक्त क्षेत्रमा ६ देखि ८ मिटर चौडाईका कच्ची तथा ग्राबेलका पहुँच मार्ग रहेका छन् । दमौलीबाट मादी

नदीको पुल पार गरेपछि दायाँतर्फ पृथ्वी राजमार्गमा प्रस्तावित औद्योगिक क्षेत्रसम्म जाने बाटो रहेको छ। यससँग जोडिएको मादी नदीमा पुल निर्माण गर्ने कार्यक्रम रहेकाले यसलाई भविष्यमा वैकल्पिक बाटोको रुपमा प्रयोग गर्न सकिने छ।

प्रस्तावित औद्योगिक क्षेत्रको नजिकै नेपाल विद्युत प्राधिकरणको ११ के.भि. तथा १३२ के.भि. प्रसारण लाइनका साथै निर्माणाधीन तनहुँ हाईड्रो पावर रहेको छ। पानीको स्रोतको लागि मादी नदी, अन्य खोला, खोल्सी र डिप टयुवेलको सम्भावना देखिन्छ। ढल व्यवस्थापनका लागि उद्योगबाट निस्कने प्रदूषित पानी ट्रिटमेण्ट गर्नको लागि पानी उपचार संयन्त्र याग्दी खोलाको किनारमा स्थापना गर्न सकिने छ र सहज रुपमा व्यवस्थापन गर्न सकिने छ।

प्रस्तावित औद्योगिक क्षेत्र देशको मध्यभागमा पर्ने भएकाले व्यापारिक हिसाबले सबै ठाउँ समेट्न सकिने देखिन्छ। जमिन विकास गर्न धेरै खर्च गर्नु नपर्ने भएकाले उद्योगको लागि आवश्यक पर्ने पूर्वाधारहरु विद्युत वितरण लाइन, पानी वितरण लाइन, सडक, ढल, पानी उपचार संयन्त्र इत्यादि सहजै व्यवस्थापन गर्न सकिने देखिन्छ।

प्रस्तावित औद्योगिक क्षेत्रको ५००० रोपनी क्षेत्रफलमध्ये निजी जग्गा करिब ३००० रोपनी र सार्वजनिक जग्गा २००० रोपनी रहेको छ। निजी जग्गा ३००० रोपनीमध्ये करिब ३०० रोपनी कृषियोग्य छ। सार्वजनिक जग्गा २००० रोपनीमध्ये केही भाग साधारण बुट्यानले ओगटेको छ। राष्ट्रिय वन तथा संरक्षित वन, सामुदायिक वन छैन र कुनै जैविक मार्ग पनि पर्दैन। नदी उकास जमिन २०० रोपनी छ। खहरे खोलाले ओगटेको जमिन छैन र प्रयोग गर्न नसकिने जमिन छैन। करिब ३००० रोपनी जमिन उपभोग गरिएको अवस्थामा छ। प्रस्तावित औद्योगिक क्षेत्र वरिपरी याम्दी, चापाटार, मादीबेसी, पतेनी, चिन्तुटार, चैनपुर र लुते बराह बस्तीहरु छन्।

उद्योगको लागि आवश्यक पर्ने वित्तीय संस्थाहरु, सुरक्षा निकायहरु, स्वास्थ्य संस्थाहरु, व्यापारिक नाकाहरु, सडक सञ्जाल, पहुँच मार्गहरुको उपलब्धता रहेको छ। सामान्य वन क्षेत्र, समथल भौगोलिक अवस्था, पृथ्वी राजमार्गबाट ७ किलोमिटरको दूरी नजिकै १३२ के.भि. प्रसारण लाइन रहेको, मादी नदी जोडिएको र औद्योगिक क्षेत्र स्थापनाका लागि स्थानीय सरकार, विभिन्न राजनीतिक दल, स्थानीयबासीहरुले समेत लिखित सहमति दिएका हुँदा उक्त क्षेत्रमा औद्योगिक क्षेत्र स्थापना कार्य सहज देखिएको छ।

प्रस्तावित क्षेत्र मादी नदीको किनारमा अवस्थित भएकोले नदी नियन्त्रण कार्य गर्नुपर्ने देखिन्छ। बस्ती विकासको लागि जग्गा उपलब्ध छ। उपभोग भइरहेको जग्गा एवं निजी आवासहरुको सहि तवरले व्यवस्थापन गर्दै तनहुँ जिल्लाको व्यास नगरपालिका वडा नं. १० चिन्तुटार क्षेत्रलाई औद्योगिक क्षेत्र प्रस्तावित गरिएको हो।

# पनौती औद्योगिक क्षेत्र

(प्रस्तावित)




प्रस्तावित पनौती औद्योगिक क्षेत्र काभ्रे जिल्लाको पनौती नगरपालिका वडा नं. ८, ३ र ४ मा पर्दछ। पूर्वमा खरिबोट, पश्चिममा बाँसडोल जाने चामखर्क बाटो, उत्तरमा मोठ गाउँमुनिको फाँट र दक्षिणमा थापा गाउँ रहेको चार किल्लाभित्रको १ हजार रोपनी क्षेत्रफल रहेको जग्गा औद्योगिक क्षेत्र स्थापनाको लागि पनौती नगरपालिकाको २०७४/५/११ को नगरपरिषद्को बैठकबाट स्वीकृत

भई औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडलाई अनुरोध भएबमोजिम कार्य अगाडि बढेको छ। साथै, सरकारको आ.व. २०७५/०७६ को बजेटबाट रकम विनियोजन भई सम्भाव्यता अध्ययन प्रतिवेदन तयार भई सरकारबाट घोषणाका लागि मन्त्रालयमा पेश भएको छ।

प्रस्तावित औद्योगिक क्षेत्रको ८ किमि दूरीमा काठमाडौं-तातोपानी अरनिको राजमार्ग पर्दछ। उक्त क्षेत्रमा ७ देखि ३० मिटर चौडाईका कच्ची तथा ग्राबेल पहुँच मार्ग रहेका छन्। प्रस्तावित औद्योगिक क्षेत्रमा ग्वार्खु-पनौती क्षेत्रीय राजमार्ग, भैंसेपाटी-देउराली मार्ग र रोसी-देउराली मार्गहरु पहुँच मार्गका रुपमा रहेका छन्।

प्रस्तावित औद्योगिक क्षेत्रको नजिकै नेपाल विद्युत प्राधिकरणको ११ के.भि. प्रसारण लाइन रहेको छ। पानीको स्रोतको लागि काभ्रे भ्याली एकीकृत खानेपानी आयोजना तथा अन्य खोला, खोल्सी र डिप टयुवेलको सम्भावना देखिन्छ। उद्योगबाट निस्कने प्रदूषित पानी ट्रिटमेण्ट गर्नका लागि पानी उपचार संयन्त्र लिलावती खोलाको किनारमा स्थापना गर्न सकिने छ र सहज रुपमा व्यवस्थापन गर्न सकिने छ।

प्रस्तावित औद्योगिक क्षेत्रभित्र पर्ने जमिनको स्वामित्व निजी तथा सार्वजनिक रहेको छ। उक्त क्षेत्रको नजिक पनौती, बनेपा र धुलिखेल बजार रहेका छन्। यो स्थानीय बजारदेखि १.५ किमि तथा अरनिको राजमार्गदेखि ८ किलोमिटरको दूरीमा रहेको छ। पनौती अरनिको राजमार्गबाट नजिक, बनेपा, धुलिखेल, सिन्धुली, बर्दिबास, काठमाडौं, नारायणगढ, हेटौंडाजस्ता सहरहरुमा सहज रुपमा आवतजावत गर्न सकिनुका साथै छिमेकी राष्ट्र चीनको व्यापारिक नाका तातोपानीसमेत नजिक रहेको छ। केही समथल भू-बनोट रहेको र काठमाडौंदेखि पूर्व पर्ने भएकाले व्यापारिक हिसाबले पूर्वी पहाडका केही जिल्लाहरु समेट्न सक्ने देखिन्छ।

भौगोलिक धरातल समथल र केही भाग भिरालो र केही खेतीयोग्य रहेको छ। नजिक पर्ने व्यापारिक केन्द्रहरुमा पनौती बजार, बनेपा, धुलिखेल र बाह्रबिसे तातोपानी बजार आदि रहेका छन्। उक्त क्षेत्र नजिकै ग्यास र प्लाईबोर्ड उद्योग तथा अन्य कृषिजन्य र निर्माण सम्बन्धी उद्योगहरु सञ्चालित छन् भने आधुनिक खालका कृषिजन्य, निर्माण र फर्निचर सम्बन्धी उद्योगहरुको सम्भावनासमेत देखिन्छ।

प्रस्तावित औद्योगिक क्षेत्रको १ हजार रोपनी क्षेत्रफलमध्ये निजी जग्गा करिब ३१० रोपनी र सार्वजनिक जग्गा ६९० रोपनी रहेको छ। निजी जग्गा ३१० रोपनीमध्ये करिब ३० रोपनी कृषियोग्य छ। सरकारी जग्गा ६९० रोपनीमध्ये करिब २५६ रोपनी लामाडोल देवीथुम्का सामुदायिक वनले ओगटेको छ भने ९० रोपनी संरक्षित वनले ओगटेको छ। उक्त क्षेत्रमा राष्ट्रिय वन, कवुलियत वन र जैविक मार्ग पर्दैन।

उक्त क्षेत्रको वरिपरी वन्जारा गाउँ, थापा गाउँ र खरिबोट बस्तीहरुका साथै कुसादेवी हेल्थपोष्ट र धुलिखेल अस्पताल रहेका छन्। सदरमुकामदेखि १० किमि टाढा उक्त क्षेत्र रहेको छ। वित्तीय संस्थाको रुपमा उक्त क्षेत्रको नजिक विभिन्न बैंकहरु रहेका छन। उक्त क्षेत्रसँगै वडा नं. ३ र ७ मा नेपाल प्रहरीको सुरक्षा चौकीसमेत रहेको छ।

# लक्ष्मीपुर औद्योगिक क्षेत्र, दाङ

(प्रस्तावित)




प्रस्तावित लक्ष्मीपुर औद्योगिक क्षेत्र दाङ जिल्लाको घोराही उपमहानगरपालिका वडा नं. ३ मा पर्दछ । पूर्वमा साविक लक्ष्मीपुर गाविस वडा नं. १ को डाँगीटोल, पश्चिममा साविक धर्ना गाविस वडा नं. १ को डोल गाउँ, उत्तरमा बबई नदी र दक्षिणमा वन क्षेत्र रहेको चार किल्लाभित्रको ५४८ विघा क्षेत्रफल रहेको जग्गा औद्योगिक क्षेत्रको लागि घोराही उपमहानगरपालिकाको प्रथम नगरसभाबाट नीतिगत रुपमा औद्योगिक क्षेत्र स्थापना गर्ने घोषणा सो उपमहागरपालिकाको २०७५/४/३ को पत्रद्वारा प्राप्त भएको छ । उक्त औद्योगिक क्षेत्रको सम्भाव्यता अध्ययनका लागि आ.व. २०७४/०७५ को बजेटमा रकम विनियोजन भएको थियो । सम्भाव्यता अध्ययन सम्पन्न भइसकेको छ र आ.व. २०७५/०७६ को बजेटमा विस्तृत अध्ययन प्रतिवेदन र वातावरण प्रभाव मूल्यांकन गर्ने कार्यक्रम रहेकोमा सोको लागि परामर्शदाता छनोट भई काम अगाडि बढाइएको छ । उक्त क्षेत्रलाई औद्योगिक क्षेत्र घोषणा गर्न नेपाल सरकारसमक्ष प्रस्ताव पेश भइसकेको छ ।

प्रस्तावित औद्योगिक क्षेत्रको ३ किमि दूरीमा लमही-तुलसीपुर सडक खण्ड पर्दछ । उक्त क्षेत्रमा १२ देखि १६ मिटर चौडाईको दामोदर मार्ग, घोराही-धारापानी सडक र कुइरेपानी-शीतलपुर सडकहरु कच्ची तथा ग्राभेल पहुँच मार्गको रुपमा रहेका छन् । यो पूर्व-पश्चिम महेन्द्र राजमार्गबाट करिब ३४ किमिको दूरीमा रहेको छ ।

प्रस्तावित औद्योगिक क्षेत्रको नजिकै नेपाल विद्युत प्राधिकरणको ११ के.भि. प्रसारण लाइन रहेको छ । घोराही उपमहानगरपालिका वडा नं. ३ मा विद्युत सव-स्टेसन निर्माण भइरहेकाले सहज

रुपमा औद्योगिक क्षेत्रको लागि छुट्टै फिडरको व्यवस्थापन गर्न सकिने देखिन्छ। पानीको स्रोतको लागि बबई खोला तथा डिप टयुवेलको सम्भावना देखिन्छ। उद्योगबाट निस्कने प्रदूषित पानी ट्रिटमेण्ट गर्नको लागि पानी उपचार संयन्त्र बबई नदीको किनारमा स्थापना गर्न सकिने छ र सहज रुपमा व्यवस्थापन गर्न सकिने छ।

प्रस्तावित औद्योगिक क्षेत्रभित्र पर्ने जमिनको स्वामित्व निजी तथा सार्वजनिक रहेको छ। उक्त क्षेत्रको नजिक घोराही बजार रहेको छ। स्थानीय बजारदेखि उक्त क्षेत्रसम्मको दूरी ८ किमि तथा महेन्द्र राजमार्गदेखि ३४ किलोमिटरको दूरीमा रहेको छ। भौगोलिक धरातल समथल र केही भाग हल्का भिरालो तथा जमिन सबैजसो गेग्यान रहेको छ। उक्त क्षेत्रको नजिक बबई नदी रहेको छ। उक्त क्षेत्र नजिक पर्ने व्यापारिक नाकाहरुमा घोराही बजार, लमही बजार, तुलसीपुर र कोइलाबास नाका आदि रहेका छन्। नजिकै सिमेन्ट र बिस्कुट, चाउमिन र मेटल उद्योग तथा अन्य कृषिजन्य र निर्माण सम्बन्धी उद्योगहरु सञ्चालित छन् भने आधुनिक खालका कृषिजन्य, निर्माण, स्टिल र फर्निचर सम्बन्धी उद्योगहरुको सम्भावनासमेत देखिन्छ।

प्रस्तावित औद्योगिक क्षेत्रको ५४९ विघा क्षेत्रफलमध्ये निजी जग्गा करिब २० विघा र सार्वजनिक जग्गा ५२९ विघा रहेको छ। निजी जग्गासमेत गरी १ सय विघा कृषियोग्य छ। सार्वजनिक जग्गा ५२९ विघामध्ये करिब ७० विघा पाण्डवेश्वर सामुदायिक वनमा पर्दछ। खैरेनी सामुदायिक वनको १०५० विघा र डाँफे सामुदायिक वनको ११२५ विघा मध्येमा प्रस्तावित क्षेत्रले केही जग्गा ओगटेको छ। ५ सय विघा साधारण बुट्यान वनले ओगटेको छ। उक्त क्षेत्रमा राष्ट्रिय वन तथा कवुलियत वन छैन र कुनै जैविक मार्ग पनि पर्दैन। नदी उकास जमिन १५० विघा छ भने खहरे खोलाले ओगटेको जमिन छैन र सामुदायिक वनले ओगटेको जमिन पनि प्रयोग गर्न सकिने अवस्थामा छ। हाल उक्त क्षेत्रमा करिब २० विघा निजी र २० विघा मिचिएको समेत गरी ४० विघा जग्गा उपभोग गरिएको अवस्थामा छ। उक्त क्षेत्रको वरिपरी गैराखुट्टी, धारापानी र रनघरा बस्तीहरु रहेका छन्।

नयाँ औद्योगिक क्षेत्र निर्माणको लागि प्रस्तावित दाङको लक्ष्मीपुर लमही-तुलसीपुर सडकबाट नजिक, लमही, तुलसीपुर, चन्द्रौटा, कृष्ण नगर, नेपालगञ्ज, बुटवल, भैरहवाजस्ता सहरहरुमा सहज रुपमा आवतजावत गर्न सकिनुका साथै छिमेकी राष्ट्र भारतको व्यापारिक नाकाहरुसमेत नजिक रहेको र सहजै पुग्न सकिने देखिन्छ। प्राय: सबैतिर समथल भूबनोट रहेको उक्त प्रस्तावित क्षेत्र भित्री मधेसमा पर्ने भएकाले व्यापारिक हिसाबले मध्य पश्चिम पहाडका केही जिल्लाहरुलाई समेट्न सक्ने देखिन्छ। जमिन विकासमा धेरै खर्च गर्नुपर्ने भएता पनि उद्योगको लागि आवश्यक पर्ने पूर्वाधारहरु विद्युत वितरण लाइन, पानी वितरण लाइन, सडक, ढल, पानी उपचार संयन्त्र इत्यादि सहजै व्यवस्थापन गर्न सकिने देखिन्छ। उद्योगको लागि आवश्यक पर्ने वित्तीय संस्थाहरु, सुरक्षा निकायहरु, स्वास्थ्य संस्थाहरु, व्यापारिक नाकाहरु, सडक सञ्जाल, पहुँच मार्गहरुको उपलब्धता छ।उक्त औद्योगिक क्षेत्र स्थापनापछि करिब ३१ हजार जनाले प्रत्यक्ष रोजगारी पाउने सम्भावना रहेको छ।

# लम्की औद्योगिक क्षेत्र, कैलाली
(प्रस्तावित)



प्रस्तावित बल्चौर र डन्डेभ्काडी औद्योगिक क्षेत्र कैलाली जिल्लाको लम्की चुँहा नगरपालिका वडा नं. १ मा पर्दछ। पूर्वमा गोरंगे सैनिक बेसक्याम्प, पशिचममा धोवेनी खोला, उत्तरमा चुरे पहाड र पश्चिममा धोवेनी खोला र दक्षिणमा पूर्व-पश्चिम राजमार्ग रहेको चार किल्लाभित्रको ७४०.५४ हेक्टर क्षेत्रफल रहेको जग्गा औद्योगिक क्षेत्रको लागि प्रस्ताव गरिएको छ। उक्त क्षेत्रमा औद्योगिक क्षेत्र स्थापनाका लागि लम्की चुहा नगरपालिकाको २०७२/९/३० गते बसेको तेस्रो नगरपरिषद्बाट निर्णय भई अनुरोध भई आएको थियो। यसैगरी, सरकारबाट आ.व. २०७३/०७४ मा सम्भाव्यता अध्ययनको लागि बजेट विनियोजन भएबमोजिम अध्ययन सम्पन्न भई आ.व. २०७४/०७५ को बजेटमा विस्तृत अध्ययन प्रतिवेदन र वातावरण प्रभाव मूल्यांकनका लागिसमेत विनियोजन भएको थियो। विनियोजित बजेट बमोजिम २०७५/८/२२ गते लिमिटेड सञ्चालक समितिको ५२९औं बैठकबाट विस्तृत प्रतिवेदन पारित भइसकेको र वातावरण प्रभाव मूल्यांकनको काम वन तथा वातावरण मन्त्रालयमा भइरहेको छ।

उक्त औद्योगिक क्षेत्रमा औद्योगिक प्लट ३९.८२ प्रतिशत, सडकको क्षमता १५.५६ प्रतिशत, मध्यवर्ती क्षेत्र २९.३ प्रतिशत र नदी क्षेत्र ३.१४ प्रतिशत रहने छ। प्रशासकीय तथा सेवा क्षेत्र १.४१, हेलिप्याड, पेट्रोल पम्प, भारी र साधारण सवारी साधनहरुको पार्किङका लागि २.८०, सशस्त्र सुरक्षा बलका लागि ०.८३, आवासिय क्षेत्रका लागि २.३४, विद्युतीय सबस्टेशनका लागि १.५१ र प्रदुषित पानी ट्रिटमेण्ट संयन्त्रका लागि ९.६१ प्रतिशत रहने छ।

उक्त औद्योगिक क्षेत्रमा साना उद्योगहरु ९२, मझौला उद्योगहरु १ सय ५ र ठूला उद्योगहरु १ सय १३ वटा रहने छन्। उक्त औद्योगिक क्षेत्रमा वातावरण-मैत्री उद्योगहरु ७ वटा रहने छन्। यसरी जम्मा ३ सय १७ वटा उद्योगहरु उक्त औद्योगिक क्षेत्रमा स्थापना हुने छन्। साना उद्योगका निम्ति ७ देखि १० कठ्ठा, मझौला उद्योगका निम्ति १० देखि २० कठ्ठा र ठूला उद्योगका निम्ति १ विघादेखि ५ विघा क्षेत्रफल छुट्याइएको छ।

प्रस्तावित औद्योगिक क्षेत्रको दक्षिण सिमानाको सबै भागमा पूर्व-पश्चिम महेन्द्र राजमार्ग पर्दछ। यस क्षेत्रमा जुम्ला-कालिकोट-ताक्लाकोट राजमार्ग र कर्णाली कोरिडोर रहेको छ। चिसापानी-

अछाम मार्ग पहुँच मार्गको रुपमा पनि रहेको छ। प्रस्तावित औद्योगिक क्षेत्रको नजिकै नेपाल विद्युत प्राधिकरणको ११ के.भि. तथा १३२ के.भि. प्रसारण लाइन रहेको छ। प्रस्तावित औद्योगिक क्षेत्रदेखि ३ किमि टाढा लम्की चुहा नगरपालिका वडा नं. १ मा विद्युत सब-स्टेसन निर्माण भइरहेकाले सहज रुपमा औद्योगिक क्षेत्रको लागि छुट्टै फिडरको व्यवस्थापन गर्न सकिन्छ।

पानीको स्रोतको लागि कर्णाली नदी तथा डिप ट्युवेलको सम्भावना देखिन्छ। उद्योगबाट निस्कने प्रदूषित पानी ट्रिटमेण्ट गर्नको लागि पानी ट्रिटमेण्ट संयन्त्र धोवनी खोलाको किनारमा स्थापना गर्न सकिने छ र सहज रुपमा व्यवस्थापन गर्न सकिने छ।

नजिक बलचौर, चिसापानी, लम्की बजार रहेका छन्। स्थानीय बजारदेखि उक्त क्षेत्रको दूरी ३ किमि र महेन्द्र राजमार्गसँग जोडिएको छ। भौगोलिक धरातल सबै समथल भूभाग तथा जमिन सबैजसो चिम्टाइलो, दोमट र गेग्र्यान रहेको छ। उक्त क्षेत्रको नजिक धोबेनी खोला र कर्णाली नदी रहेका छन्। उक्त क्षेत्र नजिक पर्ने व्यापारिक नाकाहरुमा खक्रौला सती मुल भन्सार ६ नं. प्रदेशको मुख्य मार्ग, धनगढी, भारतको कानपुर, लखनउ दिल्ली आदि रहेका छन्। उक्त क्षेत्रको वरिपरी बलचौर, लम्की र चिसापानी बस्तीहरुका साथै लम्की भल्का स्वास्थ्य चौकी रहेको छ।

सदरमुकामदेखि ८० किमि टाढा रहेको उक्त क्षेत्रमा राष्ट्रिय वाणिज्य बैक, नेपाल बैक लि., हिमालयन बैंक, ग्लोबल बैंक, एभरेष्ट बैंक इत्यादि सञ्चालित छन्। उक्त क्षेत्रसँगै नेपाली सेनाको ब्यारेक, प्रहरी चौकी तथा सशस्त्र प्रहरी बल बेसक्याम्पजस्ता सुरक्षा निकायहरु रहेका छन्। नयाँ औद्योगिक क्षेत्र निर्माणको लागि प्रस्तावित कैलालीको लम्की दक्षिण सिमानाको सबै भागमा महेन्द्र राजमार्ग पर्दछ। उक्त क्षेत्रबाट महेन्द्रनगर, धनगढी, दिपायल, डडेलधुरा, लमही, तुलसीपुर, चन्द्रौटा, कृष्णनगर, नेपालगञ्ज, बुटवल, भैरहवाजस्ता सहरहरुमा सहज रुपमा आवतजावत गर्न सकिनुका साथै छिमेकी राष्ट्र भारतको व्यापारिक नाकाहरु नजिक रहेको र सहजै पुग्न सकिने देखिन्छ।

प्राय: सबैतिर समथल भूबनोट रहेको उक्त प्रस्तावित क्षेत्र भविष्यमा प्रदेश ५, ६ र ७ को मुख्य व्यापारिक नाकाको रुपमा विकास हुनसक्ने भएकाले व्यापारिक हिसाबले पनि मध्य तथा सुदूरपश्चिमका पहाडका धेरैजसो जिल्लाहरु समेट्न सक्ने देखिन्छ। उद्योगको लागि आवश्यक पर्ने पूर्वाधारहरु विद्युत वितरण लाइन, पानी वितरण लाइन, सडक, ढल, पानी उपचार संयन्त्र इत्यादि पनि कम खर्चमा सहजै व्यवस्थापन गर्न सकिने देखिन्छ। उद्योगको लागि आवश्यक पर्ने वित्तीय संस्थाहरु, सुरक्षा निकायहरु, स्वास्थ्य संस्थाहरु, व्यापारिक नाकाहरु, सडक सञ्जाल, पहुँच मार्गहरुको उपलब्धता छ।

प्रस्तावित औद्योगिक क्षेत्रको ११ सय विघा क्षेत्रफल सम्पूर्ण सरकारी जग्गा रहेको छ। सरकारी जग्गा ११ सय विघामध्ये करिब २९४ विघा चेतना सामुदायिक वन र जालपा सामुदायिक वनले ओगटेको छ। वन जङ्गलको बीचबीचमा ५ ठाउँमा करिब ५०० विघा खाली क्षेत्र रहेको छ। उक्त क्षेत्रमा राष्ट्रिय वन ८०६ विघामा रहेको छ। करिब २८ अर्ब लागतमा निर्माण हुने उक्त औद्योगिक क्षेत्रमा कृषि, खनिज र विद्युत्जन्य उद्योगहरु स्थापना गरिने छन्। जसमा फलफूल तथा तरकारी, मासु प्रशोधन, म्यानुफ्याक्चरिङ, जडिबुटीजन्य, सूर्तिजन्य, कुखुरा पालन, चिनी, दूग्धजन्य उद्योगहरु स्थापना हुने छन्। साथै, मैदा, चाउचाउ, शिशु खाद्य, कागज, काष्ठजन्य, टेक्सटाइल, गार्मेन्ट, फलाम तथा स्टिल, कस्मेटिक, निर्माणसम्बन्धी उद्योगहरु पनि सो औद्योगिक क्षेत्रमा स्थापना हुने छन्। उक्त औद्योगिक क्षेत्र स्थापनापछि करिब ७० हजार जनाले प्रत्यक्ष रोजगारी पाउने सम्भावना रहेको छ।

# चुप्रा औद्योगिक क्षेत्र, दैलेख
(प्रस्तावित)




प्रस्तावित चुप्रा औद्योगिक क्षेत्र दैलेख जिल्लाको दैलेख जिल्लाको डुङ्गेश्वर गाउँपालिका वडा नं. १ चुप्रामा पर्दछ । पूर्वमा लाकुरी खोला, पश्चिममा चुप्रा बजार, उत्तरमा लोहोरे खोला दक्षिणमा खाडा गाउँ रहेको चार किल्लाभित्रको २ सय विघा क्षेत्रफल रहेको जग्गा औद्योगिक क्षेत्रको लागि प्रस्ताव गरिएको छ । उक्त क्षेत्रमा जिल्ला समन्वय समिति, दैलेखको २०७५/१/९ गते बसेको बैठकले औद्योगिक क्षेत्र स्थापनाका लागि अनुरोध भइआएको छ । आ.व. २०७५/०७६ को बजेटबाट सो क्षेत्रमा औद्योगिक क्षेत्र स्थापनार्थ सम्भाव्यता अध्ययनका लागि विनियोजनसमेत भई परामर्शदातासमेत छनोट भइसकेको छ । नेपाल सरकारबाट घोषणाका लागि मन्त्रिपरिषद्मा प्रस्तावसमेत पेश भइसकेको छ ।

प्रस्तावित औद्योगिक क्षेत्रहुँदै सुर्खेत-दैलेख सडक र निर्माणाधीन जमुनाहा-दैलेख-मावु-हिल्सा सडक खण्ड पर्दछ । उक्त क्षेत्रमा ८ मिटर चौडाईको कच्ची ग्राभेल पहुँच मार्ग रहेको छ । दैलेखबाट लोहोरे खोलाको पुल पार गरेपछि बायाँतर्फ प्रस्तावित औद्योगिक क्षेत्रसम्म जाने बाटो पहुँच मार्ग रहेको छ । प्रस्तावित औद्योगिक क्षेत्रसँग जोडिएर मध्य पहाडी मार्ग निर्माण गर्ने कार्यक्रम रहेकाले यसलाई भविष्यमा वैकल्पिक बाटोको रुपमा प्रयोग गर्न सकिने छ ।

प्रस्तावित औद्योगिक क्षेत्रको नजिकै नेपाल विद्युत प्राधिकरणको ११ के.भि. प्रसारण लाइन तथा लोहोरे खोलामा ५ मेगावाट विद्युत उत्पादन भएको छ भने थप ५ मेगावाट विद्युत उत्पादन हुने क्रममा रहेको छ । पानीको स्रोतको लागि लोहोरे खोला, अन्य खोल्सी र डिप ट्युवेलको सम्भावना देखिन्छ । उद्योगबाट निस्कने प्रदूषित पानी ट्रिटमेण्ट गर्नको लागि पानी उपचार संयन्त्र लोहोरे खोलाको किनारमा स्थापना गर्न सकिने छ र सहज रुपमा व्यवस्थापन गर्न सकिने छ ।

प्रस्तावित औद्योगिक क्षेत्रभित्र पर्ने जमिनको स्वामित्व निजी तथा सरकारी रहेको छ । उक्त क्षेत्रको नजिक चुप्रा बजार, नारायण नगरपालिका, दैलेख बजार र डुंङ्गेश्वर बजार रहेका छन् । स्थानीय बजारदेखि उक्त क्षेत्रसम्मको दूरी २ किमि तथा सुर्खेत-दैलेख सडकदेखि २.५ किलोमिटरको दूरीमा रहेको छ । भौगोलिक धरातल समथल र केही मात्रमा भिरालो तथा जमिन केही खेतीयोग्य र केही ग्रेग्यान रहेको छ । उक्त क्षेत्रको नजिक लाहोरे खोला रहेको छ । उक्त क्षेत्र नजिक पर्ने व्यापारिक नाकाहरुमा दैलेख बजार, सुर्खेत, वेस्तडा, दुल्लु बजार, डुङ्गेश्वर र चुप्रा आदि रहेका छन् । उक्त क्षेत्र नजिकै ढाका बुनाई उद्योग तथा अन्य कृषिजन्य र निर्माण सम्बन्धीका साथै फर्निचर, ह्याचरी र स्टील उद्योगहरु सञ्चालित छन् भने यहाँ आधुनिक खालका कृषिजन्य, खनिजजन्य र जडिबुटीजन्य उद्योगहरु साथै निर्माण, स्टील र फर्निचरसम्बन्धी उद्योगहरुको सम्भावना देखिन्छ ।

प्रस्तावित औद्योगिक क्षेत्रको २०० विघा क्षेत्रफलमध्ये निजी जग्गा करिब १५० विघा र सार्वजनिक जग्गा ५० विघा रहेको छ । निजी जग्गा १५० विघामध्ये करिब १३५ विघा कृषियोग्य रहेको छ । सार्वजनिक जग्गा ५० विघामध्ये १५ विघा साधारण बुट्यान वनले ओगटेको छ । उक्त क्षेत्रमा सेरा तथा गैरी सामुदायिक वनले ४६.५ विघा ओगटेको छ भने राष्ट्रिय वन तथा संरक्षित वन छैन र कुनै जैविक मार्ग पनि पर्दैन । उक्त क्षेत्रमा नदी उकास जमिन ५० विघा छ । खहरे खोलाले ओगटेको जमिन छैन र प्रयोग गर्न नसकिने पनि जमिन छैन । हाल उक्त क्षेत्रमा करिब १५० विघा जमिन उपभोग गरिएको अवस्थामा छ । उक्त क्षेत्रको वरिपरी चुप्रा बजार, खाँडा गाउँ र गैरी टोल बस्तीहरु छन् । यहाँ दैलेख जिल्ला अस्पताल र बेलपाटा स्वास्थ्य चौकी रहेका छन् । सदरमुकामदेखि ११ किमि रहेको उक्त क्षेत्रमा नजिक बैंक तथा वित्तीय संस्थाहरु सञ्चालित छन । उक्त क्षेत्रसँगै प्रहरी चौकी चुप्रा सुरक्षा निकायको रुपमा उपस्थिति रहेको छ ।

प्रस्तावित औद्योगिक क्षेत्र दैलेख जिल्लाको डुङ्गेश्वर गाउँपालिका वडा नं. १ मा दैलेख-सुर्खेत सडकबाट नजिक रहेकोले सुर्खेत, कालिकोट, जाजरकोट, दैलेख, नेपालगञ्ज सहजै पुग्न सकिने देखिन्छ । प्रायजसो समथल भूबनोट रहेको प्रस्तावित क्षेत्र कालिकोट, जाजरकोट र दैलेखकै पायक पर्ने भएकाले व्यापारिक हिसाबले त्यस भेगका सबै ठाउँलाई समेट्न सकिने देखिन्छ । जमिन विकासमा धेरै खर्च गर्नु नपर्ने भएकाले उद्योगको लागि आवश्यक पर्ने पूर्वाधारहरु विद्युत वितरण लाइन, पानी वितरण लाइन, सडक, ढल, पानी ट्रिटमेन्ट संयन्त्र इत्यादि सहजै व्यवस्थापन गर्न सकिने देखिन्छ । उद्योगको लागि आवश्यक पर्ने स्वास्थ्य संस्थाहरु, व्यापारिक नाकाहरु, सडक सञ्जाल पहुँच मार्गहरुको उपलब्धता रहेको छ ।

# मूर्तिया औद्योगिक क्षेत्र
(प्रस्तावित)




प्रस्तावित मूर्तिया औद्योगिक क्षेत्र सर्लाही जिल्लाको हाल हरिवन नगरपालिका वडा नं. ५, ७,६, १० वागमती नगरपालिका वडा नं. ४, ९, १०, १२ र बरथहवा नगरपालिका वडा नं. ९ मा पर्दछ । पूर्वमा लखनदेही खोला, पश्चिममा वागमती नदी, उत्तरमा महेन्द्र राजमार्गसँगै जोडिएको ५०० मिटर बस्ती र दक्षिणमा साविकको मूर्तिया, राजघाट र शंकरपुर गाविसभित्रको सागरनाथ वन परियोजनाको जग्गा रहेको चार किल्लाभित्रको ५ हजार विघा क्षेत्रफल रहेको जग्गा औद्योगिक क्षेत्रको लागि प्रस्ताव गरिएको छ । उक्त क्षेत्रमा औद्योगिक क्षेत्र स्थापनाका लागि आ.व. २०७३/०७४ को बजेटमा विस्तृत आयोजना प्रतिवेदन तयार गर्न रकम विनियोजन भई गुरुयोजनासमेत तयार भइसकेको छ । वातावरण प्रभाव मूल्यांकनका लागि वन तथा वातावरण मन्त्रालयबाट काम अगाडि बढिरहेको छ । उक्त क्षेत्रमा औद्योगिक क्षेत्र स्थापनाका लागि वागमती र बरहथवा नगरपालिकाबाट समेत अनुरोध भइआएको छ। औद्योगिक क्षेत्र स्थापनार्थ नेपाल सरकार, मन्त्रिपरिषद्मा प्रस्तावसमेत पेश भइसकेको छ ।

प्रस्तावित औद्योगिक क्षेत्रको उत्तरतर्फ नजिकै पूर्व-पश्चिम महेन्द्र राजमार्ग, निजगढ-काठमाडौं द्रुतमार्ग, प्रस्तावित रेलमार्ग पर्दछ । उक्त क्षेत्रमा बरथहवा सडक, हरिवन-कडौना सडक, वागमती-हरिवन सडक र हुलाकी मार्ग पहुँच मार्गको रुपमा रहेको छ। यो मुलुकका प्रायः सबैतिर जान सकिने सडक सञ्जाल भएको क्षेत्र पर्दछ। प्रस्तावित औद्योगिक क्षेत्रको नजिकै नेपाल विद्युत प्राधिकरणको ११ के.भि. तथा ३३ के.भि. प्रसारण लाइन रहेको छ । पानीको स्रोतको लागि वागमती नदी तथा डिप ट्युवेलको सम्भावना देखिन्छ । उद्योगबाट निस्कने प्रदूषित पानी ट्रिटमेण्ट गर्नको लागि पानी ट्रिटमेन्ट संयन्त्र लखनदेही खोलाको किनारमा स्थापना गर्न सकिने छ र सहज रुपमा व्यवस्थापन गर्न सकिने छ ।

प्रस्तावित औद्योगिक क्षेत्रभित्र पर्ने सबै जमिनको स्वामित्व सागरनाथ वन परियोजनाको रहेता पनि उक्त सबै क्षेत्र अतिक्रमणमा परेको छ । उक्त क्षेत्रमा करिब २२ सय परिवारको बसोबास रहेको छ । उक्त क्षेत्रको नजिकै हरिवन, बरथहवा र वागमती बजार रहेका छन् । स्थानीय बजारदेखि क्षेत्रको दूरी ३ किमि र पूर्व-पश्चिम महेन्द्र राजमार्ग १ किमि टाढा रहेको छ । भौगोलिक धरातल सबै समथल भूभाग र माटो सबैजसो चिम्टाइलो, दोमट र केही ग्रेग्यान रहेको छ । यस क्षेत्रको नजिक लखनदेही खोला र वागमती नदी रहेका छन् । नजिकका व्यापारिक नाकाहरुमा बरथहवा, हरिपुर, हरिवन, जनकपुर, वीरगञ्ज, भारतको सीतामढी आदि रहेका छन् ।

उक्त औद्योगिक क्षेत्रको औद्योगिक प्लटमा ठूला उद्योगहरु ९ प्रतिशत, मध्यम उद्योगहरु १८ प्रतिशत र साना उद्योगहरु १२ प्रतिशत निर्माण हुने छन् । साथै, आवासिय क्षेत्र २, सेवा क्षेत्र ०.८४, प्रशासकीय क्षेत्र ०.७०, फोहोर पानी प्रशोधन केन्द्र ३.७६, मनोरञ्जनात्मक क्षेत्र ५.९०, आवासिय क्षेत्र २ र पार्किङ क्षेत्र ०.७२ प्रतिशत रहने छ । साथै, १.२२ प्रतिशत ल्यान्डफिल्ड, १.३६ प्रतिशत फोहोरजन्य पदार्थको व्यवस्थापनका लागि, २.५६ प्रतिशत मध्यवर्ती क्षेत्र, १५.८४ किलोमिटर सडक, ०.३७ हरित क्षेत्र, २.२ प्रतिशत नदी, २.८ व्यावसायिक र १६ प्रतिशत विविध क्षेत्र उक्त औद्योगिक क्षेत्रमा रहने छन् । उक्त औद्योगिक क्षेत्रमा छरिएर रहेको अव्यवस्थित बस्तीलाई एकीकृत बस्तीको रुपमा विकास गर्न करिब २५ सय आवास डिजाइन गरिने छ ।

उक्त औद्योगिक क्षेत्र ४ सेक्टरमा विभाजन गरिएको छ । वागमती नदी क्षेत्रमा पर्ने सेक्टर 'ए' र 'बी' मा मध्यम खालका उद्योगहरु स्थापना गरिने छन् । करिब २१५० विघा क्षेत्रफलमा फैलिएको उक्त क्षेत्रमा ९६० विघामा उद्योगहरु स्थापना गरिने छन् र त्यसमा ३२२ वटा प्लटहरु रहने छन् । प्लटको साइज करिब ३ देखि ४ विघासम्म रहने छ । सेक्टर 'सी' औद्योगिक क्षेत्रको मध्य भागमा पर्नेछ । उक्त भागमा साना उद्योगहरु स्थापना गरिने छन् । १४८२ विघा क्षेत्रफलमा फैलिएको उक्त क्षेत्रमा ७१४ विघामा उद्योगहरु रहने छन् र जसमा ७१४ प्लटहरु रहने छन् । प्लटको साइज १ विघाको रहने छ ।

सेक्टर 'डी' मा वागमती र हरिवन नगरपालिकामा पर्दछ । उक्त भागमा ठूला उद्योगहरु स्थापना गरिने छन् । १३७० विघा क्षेत्रफलमा फैलिएको उक्त क्षेत्रमा ४६८ विघामा उद्योगहरु स्थापना गरिने छन् र जसमा ६६ वटा प्लटहरु रहने छन् । जसमा प्लटको साइज करिब ६ विघाको रहने छ । उक्त औद्योगिक क्षेत्रमा स्थापना हुने उद्योगहरुमा भवन निर्माण तथा मर्मत, सवारी साधनको मर्मत, फर्निचर निर्माण, विद्युतीय सबस्टेशन, लिथोग्राफिक प्रिन्टिङ, मेसिन तथा वेल्डिङ पसल, मेसिनरी, हेभी इक्विपमेन्ट, ट्रक बिक्री तथा अन्य सेवा र सुविधा, मेडिकल तथा वैज्ञानिक उपकरणहरु, सवारी साधनहरुको इन्जिन मर्मत, औषधिजन्य उद्योगहरु र रासायनिक मल उत्पादन कारखाना रहने छन् । साथै, उक्त औद्योगिक क्षेत्रमा प्रयोग गर्नका लागि गिट्टी, ढुंगा र बालुवाजन्य सामग्री, अर्गानिक कम्पोस्ट मलको व्यवस्था समेत रहने छन् भने कृषि क्षेत्रमा प्रयोग गर्नका लागि पशुसम्बन्धी उत्पादनहरु समेत हुनेछ ।

उक्त औद्योगिक क्षेत्रमा माछा पालन, फलफूल खेती, अन्नबालीमा आधारित उद्योगहरु रहने छन् भने अन्य सुविधाहरुमा व्यावसायिक बस पार्क र टर्मिनल, हेलिपोर्ट, हेलिस्टप, निजी फुटपाथको पनि व्यवस्था हुनेछ । उक्त औद्योगिक क्षेत्र २ नम्बर प्रदेशको मध्य ठाउँमा रहेको हुँदा सो प्रदेशको औद्योगिक हबको रुपमा विकास हुनसक्ने प्रशस्तै सम्भावना रहेको देखिन्छ । उक्त औद्योगिक क्षेत्र स्थापनापछि करिब १ लाख ८५ हजार जनाले प्रत्यक्ष रोजगारी पाउने सम्भावना रहेको छ ।

# कास्की औद्योगिक क्षेत्र,पुडीटार
(प्रस्तावित)



पोखराको चिनारी एक पर्यटकीय नगरीको रुपमा रहँदै आएको छ । देश प्रादेशिक संरचनामा गएयता गठित प्रदेश नं. ४ को राजधानी पनि पोखरा नै रहन पुगेको छ। बर्सेनि हजारौं स्वदेशी तथा विदेशी पर्यटकहरुको चाप रहने पोखरा नगरको वातावरणलाई सुन्दर, सफा र स्वच्छ राख्न अनिवार्य भइसकेको हुँदा पोखरा नगरीमा अवस्थित उद्योग-कलकारखानाहरुलाई व्यवस्थित तुल्याउनुपर्ने आवश्यकता महसुस गर्दै पोखरा विस्तारित औद्योगिक क्षेत्रको अवधारणा अघि सारिएको हो। साथै, पोखरा औद्योगिक क्षेत्रमा जग्गा अभाव रहेको हुँदा औद्योगिक क्षेत्रको विस्तारमा अनुकूलता नदेखिएको कारण पूर्वाधारसहितको औद्योगिक क्षेत्र स्थापना गर्नुपर्ने आवश्यकता महसुस गरी विस्तारित औद्योगिक क्षेत्रका लागि औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडले प्रारम्भिक अध्ययनसमेत गरिसकेको छ। उक्त क्षेत्रमा औद्योगिक क्षेत्र स्थापनार्थ पोखरा महानगरपालिकाको २०७५/६/२५ मा बसेको कार्यपालिकाको बैठकबाट सैद्धान्तिक सहमति प्राप्त भई कार्य अगाडि बढाइएको छ ।

सोही क्रममा पोखरा महानगरपालिकाको वडा नं. ३३ पुडीटार (साविकको भोटेपोखरी-१) अन्तर्गत पूर्वमा सेती नदी, पश्चिममा खरितारा डिल, उत्तरमा भुलभुले-सेती नदी र दक्षिणमा पुडी खोला-आवादी क्षेत्रको करिब १६ सय ऐलानी जग्गा नयाँ औद्योगिक क्षेत्र स्थापनाका लागि प्रस्तावित गरिएको छ। लिमिटेडले प्रस्ताव गरेको जग्गामा २१ रोपनी स्थानीय विद्यालय, करिब ५ सय ७० रोपनी भुलभुले सामुदायिक वन, १ सय ३० रोपनी उपल्लो पुडी सामुदायिक वन र करिब ५० रोपनी व्यक्तिको नाममा रहेको छ ।

